सातै प्रदेशबाट प्रकाशित पहिलो र राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२ कात्तिक २०८२, आइतबार (19O ct 2025, Suda y) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १८३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

निजामतीमा पनि जन्मियो 'विद्रोही' कित्ता

जेन-जी आन्दोलनपछि सत्ताको नेतृत्व गरेकाहरू बाहिरिएजस्तै निजामतीका नेतृत्वले पनि पद त्याग्नुपर्ने माग

दलीय ट्रेड युनियनहरू मौन

सुवास भट्ट / नयाँ पत्रिका

२३ र २४ भदौमा भएको जेन-जी आन्दोलनले देशमा सत्तापलट नै गरिदियो। आन्दोलनमा सरकारले बल प्रयोग गर्दा भड्किएको परिस्थितिबिच तत्कालीन प्रधानमन्त्री केपी ओली राजीनामा दिन बाध्य भए भने आन्दोलनको जगमा चुनावी सरकार बनेको छ। राजनीतिक परिवर्तन भइरहँदा पनि यथावत् रहिरहने कर्मचारीतन्त्रमाथि पनि यसपालि भने जबर्जस्त प्रश्न उठेको छ। त्यो पनि कर्मचारीबाटै।

एउटा पक्षले 'सार्वजनिक प्रशासन रूपान्तरण अभियान- २०८२' को नाममा 'विद्रोही' कित्ता खडा गरेर निजामती प्रशासन सुधारका लागि भन्दै शृंखलाबद्ध गतिविधि गरिरहेको छ। अभियानका संयोजक छन् गणेश घिमिरे। उनी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा स्थायी शाखा अधिकृत पदमा कार्यरत छन्।

राजनीतिक दलको अघोषित भ्रातृ संगठनका रूपमा ट्रेड युनियनको बलियो दबदबा रहेको प्रशासनमा जेन-जी आन्दोलनपछि जन्मिएको अभियानले प्रभाव विस्तार गर्दै अघि बढेको छ। यही ५ असोजमा ६ बुँदे वक्तव्य जारी गरेर सार्वजनिक भएको यो अभियानले ८ असोजमा प्रधानमन्त्री सुशीला कार्कीलाई ज्ञापनपत्र बुझाएको थियो भने २४ असोजमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवलाई अनुरोधपत्र बुझाएको छ।

संयोजक घिमिरे आफूहरूको अभियानमा सबै सार्वजनिक संस्था, प्रदेश, स्थानीय तह र संघमा गरेर करिब ४५ हजार कर्मचारी जोडिएको दाबी गर्छन्। यो बढ्दै गएको उनी बताउँछन्। कर्मचारीतन्त्रले प्रशासनिक प्रतिगमन गर्न खोजेकाले आफूहरूले प्रतिवादस्वरूप अभियान चलाएको उनको भनाइ छ। 'नेपालमा जतिसुकै राजनीतिक परिवर्तन भए पनि कर्मचारीतन्त्र सुधार नभएकाले ती कार्यान्वयन भएनन्। परिवर्तनका एजेन्डा छायामा परे। जेन-जी आन्दोलनको बलमा भएको परिवर्तनपछि पनि कर्मचारीतन्त्रले प्रशासनिक प्रतिगमन गर्न खोजेकाले प्रतिवाद गरेका हौं,' घिमिरेले भने।

भ्रष्टाचारको अन्त्य र सुशासनको बहाली, जेन-जी आन्दोलनमा सिंहदरबार, संसद्, अदालतजस्ता सरकारी निकायमा भएको क्षतिको मुख्य जिम्मेवारी मुख्यसचिव, संघीय संसद्का महासचिव, गृहसचिवलगायतले लिनुपर्ने तथा जिम्मेवार पदाधिकारी र कर्मचारीलाई बर्खास्त गर्नुपर्ने, दलीय ट्रेड

» पृष्ठ २ मा क्रमशः

● विद्रोही कित्ता 'सार्वजनिक प्रशासन रूपान्तरण अभियान- २०८२'का संयोजक गणेश घिमिरे भन्छन्-

कर्मचारीतन्त्रले प्रशासनिक प्रतिगमन गर्न खोजेकाले प्रतिवाद गरेका हौं



हामीले स्पष्ट एजेन्डासहित अभियान थालेका छौं। पहिलो- भ्रष्टाचारको अन्त्य र सुशासनको बहाली। दोस्रो- जेन-जी आन्दोलनमा भएको क्षतिको मुख्य जिम्मेवारी नेपाल सरकारका मुख्यसचिव, संघीय संसद्का महासचिव, गृहसचिवलगायतले लिनुपर्छ र जिम्मेवार पदाधिकारी तथा कर्मचारीलाई बर्खास्त गर्नुपर्छ। तेस्रो- मुलुकको समृद्धि र विकासको बाधक दलीय ट्रेड युनियनको खारेजी हुनुपर्छ। चौथो- निजामती प्रशासन, सार्वजनिक संस्थान, सुरक्षा निकाय, शिक्षा, स्वास्थ्यलगायत सबै सरकारी निकायमा राजनीतिक हस्तक्षेप शून्य हुनुपर्छ। पाँचौं- सार्वजनिक सेवाप्रवाहलाई चुस्त दुरुस्त बनाउनुपर्छ। नेपालमा जतिसुकै राजनीतिक परिवर्तन भए पनि कर्मचारीतन्त्र सुधार नभएकाले परिवर्तनका एजेन्डा छायामा परे। जेन-जी आन्दोलनको बलमा भएको परिवर्तनपछि पनि कर्मचारीतन्त्रले प्रशासनिक प्रतिगमन गर्न खोजेकाले प्रतिवाद गरेका हौं।

हामीले उठाएका एजेन्डामा सरकारले कार्यान्वयनको प्रतिबद्धता गरेपछि र कार्यान्वयन प्रक्रियामा लगेपछि यो अभियान स्थगित गर्छौं। दलीय ट्रेड युनियन र राजनीतिक हस्तक्षेपले कर्मचारीतन्त्र तहसनहस भएको छ। राजनीतिक हस्तक्षेप, उच्च प्रशासकका दाउपेच र ट्रेड युनियनको दलीय स्वार्थले संविधान जारी भएको १० वर्षसम्म पनि संघीय निजामती सेवा ऐन जारी हुन सकेन। जेन-जी आन्दोलनका क्रममा देशका कार्यकारी प्रमुख प्रधानमन्त्री र गृहमन्त्रीले राजीनामा दिनुभयो। प्रमुख जिम्मेवारीमा रहेका मुख्यसचिवलगायतले पनि राजीनामा दिनुपर्थ्यो। मुख्यसचिवले पदबहाली गर्दाका प्रतिबद्धताअनुसार काम गर्नुभएन। उहाँ कर्मचारीतन्त्रलाई क्षतविक्षत बनाउन लाग्नुभएको छ।

● संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव रविलाल पन्थ भन्छन्-

सुझावलाई आत्मसात् गरेर अघि बढ्नुपर्छ



प्रशासन सुधार निरन्तर हुने विषय हो। अगाडि भएका सुधार पर्याप्त भएनन्। अब सुधारका कार्यलाई गति दिनुपर्छ, कार्यशैली बदल्नुपर्छ, कानुनको पालना हुनुपर्छ। यस्ता सुझाव अभियानमार्फत आएका छन्। यिनलाई आत्मसात् गरेर अघि बढ्नुपर्छ। क्रमशः सुधार गर्दै जानुपर्छ। मुख्यसचिवको बर्खास्तीलगायत मागबारे मेरो कुनै टिप्पणी छैन। हामी कर्मचारी कानुनद्वारा निर्देशित हुन्छौं। कानुनले नै विधि र प्रक्रिया स्पष्ट गरेको छ। यसर्थ कानुन, विधि र प्रक्रियाअनुसार अघि बढ्नुपर्छ। कर्मचारीले राजनीतिक एजेन्डा बोक्ने होइन। सरकारको एजेन्डा बोक्ने हो।


NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

६३९ विदेशी कैदीबन्दी अझै फरार

जेन-जी आन्दोलनका वेला फरारमध्ये अझै ५,२५७ कैदीबन्दी सम्पर्कबाहिर, त्यसमध्ये भारत, चीन, बंगलादेश, दक्षिण अफ्रिका, सुडान, म्यानमार, पाकिस्तानलगायत २८ देशका कैदीबन्दीको संख्या मात्रै ६३९

कारागार व्यवस्थापन विभागका प्रवक्ता चोमेन्द्र न्योपाने भन्छन्-

पक्राउ गर्न सम्बन्धित दूतावासमा पत्राचार गरिएको छ



जेलबाट विदेशी कैदीबन्दी फरार भएका छन्। फरार रहेकामध्ये ६३९ जेल फर्किएका छैनन्। उनीहरूको भिसा रद्द गरिएको छ। गृह मन्त्रालयमार्फत सम्बन्धित दूतावासमा सूचीसहित पत्राउका लागि अनुरोध गरिएको छ। भारतीयको हकमा नाकामा कडाइ गरिएको छ। दूतावासमा पनि पत्राचार गरिएको छ।

टेकराज थामी / नयाँ पत्रिका

जेन-जी आन्दोलनमा २८ जिल्लाका कारागारबाट फरारमध्ये ६३९ विदेशी कैदीबन्दी अझै सम्पर्कमा आएका छैनन्। कारागार व्यवस्थापन विभागका अनुसार भारतसहित चीन, बंगलादेश, दक्षिण अफ्रिका, सुडान, म्यानमार, पाकिस्तान, बोलिभियालगायत २८ देशका कैदीबन्दी फरार छन्। फरार विदेशी कैदीबन्दीमा धेरैजसो भारतीय छन्।

कारागार विभागको तथ्यांकअनुसार फरार १४ हजार ५५६ मध्ये हालसम्म नौ हजार २९९ जना पुनः जेल फर्किए पनि अझै पाँच हजार २५७ कैदीबन्दी फरार रहेका छन्। त्यसमध्ये नेपाली फरार कैदीबन्दीको संख्या चार हजार ६१८ हो भने बाँकी विदेशी नागरिक हुन्।

भारतका ५३५, चीनका २४, बंगलादेशका १६, साउथ अफ्रिकाका ११, सुडानका चार, म्यानमारका ६, पाकिस्तानका चार, बोलिभियाका चार, उज्वेकिस्तानका चार, थाइल्यान्डका चार, भुटानका तीन, अमेरिकाका दुई, तान्जिनियाका दुई, क्यानडाका दुई, रुसका दुई र युगान्डाका दुई कैदीबन्दी फरार छन्। यसबाहेक मालीका एक, मलेसियाका एक, बेल्जियमका एक,

» पृष्ठ २ मा क्रमशः

■ फरार विदेशी कैदीबन्दीमध्ये भारतका मात्र ५३५



■ **कुन मुद्दाका कति ?** : जेन-जी आन्दोलनमा देशभरका कारागारबाट कैदीबन्दी भाग्दा ठुलो संख्यामा भारतीय कैदीबन्दी पनि भागेका थिए। फरार भारतीय कैदीबन्दी विभिन्न कसुरमा २८ जिल्लाका कारागारमा थिए। कारागार व्यवस्था विभागको तथ्यांकअनुसार फरार भारतीय ३३५ कैदीबन्दीमा सबैभन्दा धेरै लागुऔषधका २२५ जना छन्। यसबाहेक जबर्जस्तीकरणीका ९६, कर्तव्य ज्यानका ३४, मानव बेचबिखनका आठ, अपहरणका २०, सवारी ज्यानका २१, हतियार खरखजानाका ११, सुन चोरी पैठारीका १३, चोरीका ४४, डाँकाका १४ र अन्य ४९ जना छन्। अन्यअर्न्तगत वन्यजन्तु कसुरका तीन, एसिड प्रहारका एक, राजस्व चुहावटका एक, अप्राकृतिक मैथुनका एक, अभौतिक मुद्राका दुई, विद्युतीय कारोबार ऐनका एक, खोटा चलनका दुई, ज्यान मार्ने उद्योगका एक, आत्महत्या दुरुत्साहनका १, अभद्र व्यवहारका २, हुन्डीका २ छन् भने बाँकीको विवरण खुलेको छैन।

■ **कुन कारागारबाट कति भागे ?** : विभागका अनुसार धेरै भारतीय कैदी केन्द्रीय कारागारबाट भागेका छन्। केन्द्रीय कारागारबाट २०५, नौबस्ता बाँकेबाट १८, रौतहटबाट १२, सिन्धुलीबाट पाँच, चितवनबाट १२, मकवानपुरबाट २७, म्याग्दीबाट एक, कपिलवस्तुबाट १३, कास्कीबाट ११, तनहुँबाट चार, कैलालीबाट १९, नक्खुबाट ५९, कञ्चनपुरबाट १७, नवलपरासीबाट ३९, पस्तरीबाट ६, झुम्काबाट ४७, तुलसीपुरबाट आठ र महोत्तरीबाट ३२ भारतीय कैदीबन्दी फरार छन्। उनीहरूको पहिचान र पक्राउका लागि सीमामा कडाइ गरिएको विभागका अधिकारीहरूले बताएका छन्। तर, फरार भएको एक महिना काट्दा पनि उनीहरूमध्ये धेरै पक्राउ परेका छैनन्। खुला सीमानाका कारण फरार भारतीय कैदीबन्दी नेपालबाट भागेको अनुमान गरिएको छ।

■ अन्य कुन देशका कति ?

चीन : २४ (सुन चोरीपैठारी : १२, ओसरस्टे : १, जक : ३, मानव बेचबिखन : १, मुद्रासम्बन्धी : ६, राजस्व चुहावट : १)

बंगलादेश : १६ (सुन चोरी पैठारी : २, कर्तव्य ज्यान : १, ओसरस्टे : ३, ठगी : ७, अपहरण : २, चोरी : १)

साउथ अफ्रिका : ११ (सबै लागुऔषध कसुरका)

सुडान : ४ (सबै सुन चोरी पैठारी कसुरमा)

म्यानमार : ६ (दूरसञ्चार : १, लागुऔषध : १, सुन चोरी पैठारी : २, ओसरस्टे : १, जक : १)

पाकिस्तान : ४ (ओसरस्टे : १, लागुऔषध : ३)

बोलिभिया : ४ (सबै लागुऔषध कसुरका)

उज्वेकिस्तान : ४ (सबै सुन चोरी पैठारी कसुरका)

थाइल्यान्ड : ४ (सबै लागुऔषध कसुरका)

भुटान : ३ (ओसरस्टे : १, नखुलेको : २)

अमेरिका : २ (मानव बेचबिखन : १, लागुऔषध : १)

तान्जिनिया : २ (दुवै लागुऔषध कसुरका)

क्यानडा : २ (सुन चोरी पैठारी : १, ओसरस्टे : १)

रुस : २ (ओसरस्टे : २)

युगान्डा : २ (मानव बेचबिखन : १, लागुऔषध : १)

● **माली, मलेसिया, नाइजेरिया, श्रीलंका, अफ्रिकी क्यारमिन, जिम्बावे, भेनेजुएला, ब्राजिल, बेलायत** र **युक्रेन**का एक-एकजना लागुऔषध कसुरका बन्दी

● **बेल्जियम, इजिप्ट** र **हङकङ**का एक-एक नागरिक सुन चोरी पैठारी मुद्दामा जेलमा थिए भने **भियतनाम**का एक नागरिक अहपरण शरीर बन्दक तथा लिखतसम्बन्धी कसुरको मुद्दामा जेलमा थिए

उनीहरूमध्ये दुई भुटानी सुनसरीको झुम्का कारागारबाट, दुई चिनियाँ नागरिक कास्की कारागारबाट तथा चीनका ८, बेलायतका १, बंगलादेशका २, अमेरिकाका १ र म्यानमारका १ कैदीबन्दी नक्खु कारागारबाट फरार भएका थिए। बाँकी ८७ कैदीबन्दी केन्द्रीय कारागार जगन्नाथदेवलबाट फरार भएका हुन्।

■ निर्वाचन तयारी र शान्ति-सुरक्षाबारे राष्ट्रपति पौडलले गरे प्रधानमन्त्री र सुरक्षा प्रमुखसँग छलफल

निर्वाचनका लागि भयरहित वातावरणको प्रत्याभूति दिलाउन निर्देशन

नयाँ पत्रिका

आसन्न प्रतिनिधिसभा निर्वाचन तयारी तथा समग्र शान्ति-सुरक्षाको अवस्थाबारे राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री, मन्त्रीहरू र सुरक्षा निकायका प्रमुखसँग विशेष छलफल गरेका छन्। निर्वाचनका लागि विश्वासको वातावरण र शान्ति-सुरक्षाको अवस्था पनि सुदृढ नदेखिएको दलहरूकै जनगुनासाबिच राष्ट्रपति पौडेलले यसमा चासो व्यक्त गर्दै छलफल अगाडि बढाएका हुन्।

नागरिक अगुवासँग राष्ट्रपतिको छलफल

छलफलपछि राष्ट्रपति पौडेलले भयरहित वातावरणमा स्वतन्त्र, स्वच्छ र निष्पक्ष

» पृष्ठ २ मा क्रमशः



शीतलनिवासमा शनिबार प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको मन्त्रिपरिषद् सदस्य तथा चारै सुरक्षा निकाय प्रमुखलाई सम्बोधन गर्दै राष्ट्रपति रामचन्द्र पौडेल

भयरहित वातावरणमा चुनाव गराउन कुनै कसर बाँकी राखिन्न : प्रधानमन्त्री कार्की

चुनावको वातावरण बनाउन राजनीतिक तहबाटै पहलकदमी लिइएको छ। राजनीतिक दलहरूसँग संवादको सुरुवात भएको छ। २१ फागुनमा निर्धारित प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्ने दिशामा सन्तोषजनक प्रगति भएको छ। तयारी अझै निरन्तर गतिमा अघि बढाइँदै छ। सहज राजनीतिक निकासका लागि निर्वाचन सम्पन्न गर्न सबै पक्ष जिम्मेवार र ऐक्यबद्ध रहौं।

ठुला नेतामाथि छानबिन सुरु भइसक्यो, तत्कालीन ऊर्जामन्त्री भागिसके, अरू भाग्न खोज्दै छन्



अन्तर्वार्ता

ओमप्रकाश अर्याल, गृहमन्त्री

केपी ओलीले अघिल्लो दिन राजीनामा दिएको भए सायद यस्तो हुँदैनथ्यो। त्यो त उहाँको लापरबाही हो नि। यो त क्रिमिनल नेग्लिजेन्स हो। उहाँले अघिल्लो दिनदेखि भड्काइरहनुभएको थियो।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई पूर्ण रूपमा सक्रिय बनाइरहेका छौं। ठुल्ठुला नेतामाथि छानबिन सुरु भइसकेको छ। तत्कालीन ऊर्जामन्त्री भागिसके। अरू पनि भाग्न खोज्दै छन्।

(पृष्ठ ५)

सरकारलाई ओलीको चुनौती-

नेपालको जुनसुकै सहरमा जान्छु, कुन कानुनले थुन्छ हेरौंला



(विस्तृत पृष्ठ ३)

बिजुलीको बक्यौता तिर्ने म्याद आज सकिँदै

रकम तिर्न ३१ उद्योगको अझै अटेरी

बक्यौता तिर्न अहिलेसम्म नौ उद्योग आए, तीमध्ये तीन उद्योगले तिरे पहिलो किस्ता

● **मनोज सिलवाल**, कार्यकारी निर्देशक, विद्युत् प्राधिकरण



उद्योगहरू बक्यौता तिर्न आउँछन् भन्नेमा आशावादी छु, बक्यौता नतिर्ने उद्योगलाई के गर्ने भन्ने विषयमा मन्त्रालयसँग छलफल गरेर निर्णय लिनेछु।

(विस्तृत पृष्ठ ६)

खाद्यले धान नकिन्दा व्यापारीको मनोमानी

सरकारी समर्थन मूल्य मात्र होइन, पोहोरभन्दा पनि कम भाउमा धान बेच्न बाध्य कैलालीका किसान

■ **खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा छैन धान खरिदको सुरसार**

■ **समयमै पानी नपरेको र रासायनिक मलको अभाव उत्पादन घट्ने अनुमान**

धनगढीमा **तेजराज भट्ट**

सरकारी कम्पनी, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले धान नकिन्दा कैलालीका किसान पोहोरभन्दा कम भाउमा धान बेच्न बाध्य छन्। त्यति मात्र होइन, सरकारले यस वर्षका लागि तोकेको मूल्यभन्दा साढे आठ सय रुपैयाँ कम भाउमा व्यापारीले किनिरहेका छन्। जबकि, मन्त्रिपरिषद्को २६ साउनको बैठकले यस वर्ष मोटो धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार ४६३.८१ रुपैयाँ र मध्यम धानको मूल्य

» पृष्ठ २ मा क्रमशः



खेतमा धान थ्रेसिङ गर्दै कैलारीको हसुलियाका किसान।

मन्त्रिपरिषद्को २६ साउनको बैठकले यस वर्ष मोटो धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार ४६३.८१ रुपैयाँ र मध्यम धानको मूल्य तीन हजार ६२८.३३ रुपैयाँ तोकेको छ। तर, धान बेचेर बिउ, मलखाद, खनजोतको उधारो तिर्नुपर्ने र गहुँखेतीका लागि पैसा चाहिने भएपछि किसान सस्तो भाउमा धान बेचिरहेका छन्। भजनी नगरपालिका- ३, धुसीका किसान सीताराम रानाले प्रतिक्विन्टल दुई हजार ६ सय रुपैयाँमा डेढ सय बोरा मोटो धान बिक्री गरे। 'मल, बिउबीजनको मूल्य बढिरहेको छ। धानको मूल्य भने घट्दै छ। मूल्य घटेर लगानी उठाउनै गाह्रो भयो,' रानाले भने, 'केही समय राखेको भए पछि मूल्य बढ्थ्यो होला। चाडपर्व र हिउँदे बाली लगाउने खर्चको जोहो गर्न पनि धान बिक्री गर्नुपऱ्यो।' ६ बिघामा धान रोपेका उनले गत वर्ष यही सिजनमा प्रतिक्विन्टल तीन हजार एक सय रुपैयाँमा धान बिक्री गरेको बताए।

■ किन घट्यो धानको भाउ

१ सरकारले बजारमा हस्तक्षेप नगर्दा व्यापारीले सस्तो भाउमा धान किनिरहेका छन्। धान बेचेर बिउ, मलखाद, खनजोतको उधारो तिर्नुपर्ने र गहुँखेतीका लागि पैसा चाहिने भएकाले किसानले पनि घरमा धान होल्ड गर्न सक्दैनन्। यही मौकामा गल्ला व्यापारीले सस्तोमा धान उठाउँछन्। खाद्य व्यवस्था तथा व्यापार कम्पनीले समयमै धान खरिद सुरु गरेमा गल्ला व्यापारीले पनि प्रतिस्पर्धात्मक भाउमा किन्छन्। तर, खाद्यले धान किन्ने सुरसार नै गरेको छैन। पोहोर खाद्यले किन्नुअघि गल्ला व्यापारीले प्रतिक्विन्टल तीन हजारदेखि ३१ सयमा किनिरहेका थिए। तर, पछि खाद्यले पनि किन्न थालेपछि भाउ ३४ सय पुगेको थियो।

२ खाद्य व्यवस्था तथा व्यापार कम्पनीको प्रादेशिक कार्यालय धनगढीका प्रमुख दीपक थापाले भारतबाट आयात हुने धान र चामलको मूल्यसँग प्रतिस्पर्धा गर्न नसक्नुले पनि धानको मूल्य घटेको हुन सक्ने बताए। भारतबाट धान र चामलको आयात अत्यधिक बढेकाले यहाँको उत्पादनले बजार नपाएको उनले बताए। 'पछिल्लो समय धान र चामलको आयात अत्यधिक बढेको तथ्यांक छ। गल्लाहरूमा गत वर्ष आयात गरिएकै धान बाँकी देखिन्छ,' थापाले भने, 'भारतबाट आयात हुने धान-चामलको मूल्यसँग प्रतिस्पर्धा गर्न नसक्दा पनि मूल्य घटेको होला।'

३ कैलालीमा मोटो र मध्यम धानको उत्पादन बढी हुन्छ। तर, माग मसिनो चामलको हुने भएकाले पनि मोटो धानको मूल्य घटेको हुन सक्ने कृषि ज्ञान केन्द्र कैलालीका निमित्त प्रमुख टेकबहादुर विष्टले बताए। 'कैलालीमा मोटो धान बढी लगाइन्छ। तर, मसिनो चामलको प्रयोग बढेको छ। त्यसैले मोटो धानको मूल्य घटेको हुन सक्छ,' उनले भने।

सिद्धिचरण लोकमार्गको उदयपुर खण्ड सधैँ जीर्ण

४७ किमि पार गर्न साना सवारीलाई ३ र ठूलालाई ६ घण्टा

उदयपुरमा **विदुर कटुवाल**



सिद्धिचरण लोकमार्गको उदयपुरको कटारी-घुर्मी खण्ड सञ्चालनमा आएको तीन दशकसम्म पनि स्तरोन्नति नहुँदा यात्रामा ढिलाई मात्रै होइन, नागरिकले ज्यानै जोखिममा राखेर यात्रा गर्न बाध्य छन् । कोशी प्रदेशको पश्चिम उदयपुर, खोटाङको पश्चिमी क्षेत्र, ओखलढुंगा र सोलुखुम्बुबासीको मुख्य सडक सधैँ जीर्ण हुँदा पहाडी क्षेत्रको कृषि उत्पादनलाई बजारसँग जोड्न पनि समस्या परेको छ ।

मधेशको सिरहा मिर्चैयाबाट सुरु हुने सडकले सोलुखम्बुसम्म जोड्छ । मिर्चैयादेखि कटारी बजारसम्म २६ किलोमिटर पर्छ घने कटारीदेखि घुर्मीसम्म ४६ किलोमिटर छ ।

दैनिक सयौँको संख्यामा सवारीसाधन आवतजावत गर्ने यो सडक वर्खामा हिलाम्य र हिउँदमा धुलाम्य हुने गरेको कटारी नगरपालिका- ११ का पूर्ववडाअध्यक्ष सरोज बुढाथोकीले बताए । 'धेरैपटक सडक मर्मतको लागि संघीय र प्रदेश सरकारको ध्यान आर्कषण गरायौँ, तर सडक जस्ताको तस्तै छ, बनाउने चासो कुनै सरकारले दिएनन्,' उनले भने ।

बुढाथोकी वडाअध्यक्ष हुँदा मिर्चैया-घुर्मी सडक मर्मतको माग गर्दै आन्दोलनसमेत भएको थियो । 'सिद्धिचरण लोकमार्ग मर्मतको लागि सहयोग समिति बनाएर तीन दिन सडक बन्द गरेका थियौँ । अनि संघीय सरकारसमक्ष डेलिगेशन पनि गयौँ । त्यो आन्दोलनले ०७८ मा मिर्चैया-कटारी-घुर्मी सडक योजना कार्यालय कटारीमा स्थापना गऱ्यो । अनि सडकलाई दुईलेनको बनाउने भनेर डिपीआर पनि भयो । तर, अहिलेसम्म सडक बनेको छैन,' उनले भने ।

०५८ मा सिद्धिचरण लोकमार्गको रुपमा कटारी-घुर्मी सडकमा यातायात सञ्चालन सुरु भएको थियो । त्यसबेला कटारी-घुर्मी कालोपत्रे गरिएको थियो । तर, ०५८ पछि कुनै मर्मत भएको छैन ।

कटारी-घुर्मी सडक खण्डका सुपरभाइजर कुमार प्याकुरेल यात्रुले निकै सास्ती पाएका बताउँछन् । 'दुईलेनको बन्छ भन्ने सुनेको थिएँ, अहिलेसम्म बनेको छैन । यो सडकमा ४६ किमि पार गर्न साना र फोरयुल सवारीलाई तीन घण्टा लाग्छ भने ठूलालाई ६ देखि ७ घण्टा लाग्छ,' उनले भने ।

उदयपुरको ऐतिहासिक पुरानो बजार कटारी हुँदै तेन्जिङ नोर्गे शेर्पा र सर एडमन्ड हिलारी पैदल सगरमाथा चढ्न गएको भएकाले कटारीलाई सगरमाथाको प्रवेशद्वार भनेर चिनिन्छ । भारत, भुटान, बंगलादेश र नेपालकै मध्य र पूर्वी तराईका पर्यटकलाई सगरमाथा क्षेत्र तथा खोटाङको हलेसी जान यही सडक छोटो पर्छ । दैनिक सात दर्जनभन्दा बढी चल्ने ट्रकले ओखलढुंगा, सोलुखुम्बु र खोटाङ जिल्लाका लागि दैनिक उपभोग्य सामग्री ढुवानी गर्छन् । उदयपुर, ओखलढुंगा, खोटाङ र सोलुखुम्बु जिल्लाकै भौतिक विकासको मेरुदण्डका रूपमा रहेको कटारी-घुर्मी सडक मर्मत नहुँदा ओखलढुंगा, खोटाङ र सोलुखुम्बुमा बजार भाउ बढ्ने उदयपुर उद्योग वाणिज्य संघ कटारी पूर्वउपाध्यक्ष धनबहादुर कटुवाल बताउँछन् ।

६३९ विदेशी...

पृष्ठ १ बाट क्रमशः

इजिप्टका एक, हङकङका एक, भियतनामका एक, नाइजेरियाका एक, श्रीलंकाका एक, अफ्रिकी क्यारामिनका एक, जिम्बाबेका एक, भेनेजुएलाका एक, ब्रजिलका एक, म्यानमारका एक र बेलायतका एक कैदी फरार छन् । उनीहरू लागुऔषध, जबर्जस्ती करणी र अपहरणजस्ता गम्भीर अपराधमा संलग्न थिए ।

विभागले जेल फर्कन आग्रह गरे पनि ठुलो संख्यामा फरार कैदीबन्दी बाहिरै छन् । यसले सुरक्षा चुनौतीसमेत बढाएको छ । विभागले जतिसक्दो चाँडो कारागार फर्कने नत्र कानुनअनुसार कारबाहीको चेतनावनी दिँदै गत २८ भदौमा सूचना सार्वजनिक गरेको थियो । सूचनापछि झन्डै नौ हजार कैदीबन्दी फर्किए । विभागले गत १० असोजमा दोस्रोपटक सूचना सार्वजनिक गरी २० असोजभित्र जेल नफर्केका कैदीबन्दीलाई कारगार व्यवस्थापन ऐन, २०७९ अनुसार कारबाही गर्ने बताएको थियो ।

तर, विभागले गत २३ र २४ मा भएको जेन-जी आन्दोलनमा जेलबाट फरार कैदीबन्दीलाई कानुनअनुसार कारबाही गर्न सकेको छैन । गृह मन्त्रालयले गत १७ देखि १९ असोजसम्मको बढीपहिरोको कारण देखाउँदै तत्काल कारबाही नगर्न निर्देशन दिएको थियो । सोही निर्देशनपछि विभागले २० असोजपछि पत्राउ परेका कैदीबन्दीलाई हालसम्म कुनै कारबाही गर्न सकेको छैन ।

विभागका महानिर्देशक लीलाप्रसाद शर्माले २० असोजपछि पत्राउ गरिएका कैदीबन्दीलाई कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाउन नसकिएको बताए । शर्माले फरार भएका कैदीबन्दीलाई जेल फर्कन मोटिभेट गर्ने उद्देश्यले सूचना सार्वजनिक गरिएको बताए । 'फरार भएका कैदीबन्दीलाई जेल फर्कन विभागले हालसम्म दुईपटक सूचना प्रकाशन गरेको छ । नत्र कानुनअनुसार कारबाही गर्ने चेतावनी दिइएको हो । यसबिचमा मुलुकमा बाढीपहिरो आयो । केही असुविधा भयो । सूचना प्रकाशनको उद्देश्य जेल फर्कन मोटिभेट गर्नु पनि हो । यसको अर्थ कारबाही नहुने भन्न खोजेको होइन,' उनले भने ।

कारागार व्यवस्थापन ऐन, २०७९ अनुसार कुनै पनि कैदीबन्दी कारागारबाट भागे वा भाग्ने उद्योग गरेमा पाँच वर्ष कैद वा ५० हजार रुपैयाँसम्मको जरिवाना र दुवै सजाय हुन सक्नेछ । त्यस्तै, कुनै बन्दीलाई भगाएमा वा त्यस्तो उद्योगमा संलग्न भएमा पनि घटनामा संलग्न व्यक्तिलाई तीन वर्ष कैद र तीस हजार रुपैयाँसम्मका जरिवाना हुन सक्छ ।

विदेश भाग्न सक्ने देखिएपछि विभागले फरार सबै कैदीबन्दीको विवरण अध्यागमन विभागमातहतका सबै कार्यालयमा पठाएको छ । त्यस्तै, मुलुकका ७७ वटै जिल्ला प्रशासन कार्यालयमा पनि उनीहरूको विवरण पठाइएको छ । जिल्ला प्रशासन कार्यालयले मातहतका सबै स्थानीय तहमा प्राप्त विवरण सर्कुलेट गरेको विभागको भनाइ छ ।

विभागका अनुसार नफर्किएका कैदीबन्दीविरुद्ध स्थानीय तहबाट समेत निगरानी भइरहेका छन् । कतिपय कैदीबन्दी स्थानीय तहकै सूचनापछि पत्राउ परेको विभागको दाबी छ । सूचना प्राप्त हुना साथ पत्राउका लागि सुरक्षाकर्मी परिचालन गर्ने वातावरण बनाउन गृह मन्त्रालयले मातहतका सबै सिडिओ कार्यालयलाई निर्देशन गरेको छ । प्रहरीले पनि सोहीअनुसार सुरक्षाकर्मी परिचालन गर्न मातहतका जिल्ला प्रहरी कार्यालयहरूलाई निर्देशन दिएको छ ।

निजामतीमा...

पृष्ठ १ बाट क्रमशः

युनियन मुलुकको समृद्धि र विकासको बाधक भएकाले खारेज गर्नुपर्नेजस्ता एजेन्डा अभियानले बोकेको छ । त्यस्तै, निजामती प्रशासन, सार्वजनिक संस्थान, सुरक्षा निकाय, शिक्षा र स्वास्थ्यलगायत सबै सरकारी निकायमा राजनीतिक हस्तक्षेप शून्य हुनुपर्ने, सार्वजनिक सेवाप्रवाहलाई चुस्त दुरुस्त बनाउनुपर्ने अभियानको माग छ ।

आफूहरूले उठाएका एजेन्डामा सरकारले कार्यान्वयनको प्रतिबद्धता गरेपछि र कार्यान्वयन प्रक्रियामा लगेपछि अभियान स्थगित गर्ने पनि घिमिरेले स्पष्ट पारे । 'हामी कोही पनि नेता हुन तथा त्यसमाथि टेकेर लाभ लिन अभियान सञ्चालन गरेको होइन,' उनले भने ।

दलीय ट्रेड युनियन र राजनीतिक हस्तक्षेप, उच्च प्रशासकहरूका दाउपेच र ट्रेड युनियनको दलीय स्वार्थले कर्मचारीतन्त्र तहसनहस भएको, संविधान जारी भएको १० वर्षसम्म पनि संघीय निजामती सेवा ऐन जारी हुन नसकेको अभियानको ठहर छ । अध्यादेशबाट तत्काल संघीय निजामती सेवा ऐन जारी गर्ने सम्बन्धमा सरकारसँग छलफलमा रहेको पनि संयोजक घिमिरेले बताए ।

अभियानले अहिले मुख्यसचिव, गृहसचिवदेखि संघीय संसद्का महासचिवकै बर्खास्तीको माग गरेको छ । 'जेन-जी आन्दोलनका क्रममा देशको कार्यकारी प्रमुख प्रधानमन्त्री र गृहमन्त्रीले राजीनामा दिनुभयो । यससँगै प्रमुख जिम्मेवारीमा रहेका मुख्यसचिवलगायतले पनि राजीनामा दिनुपर्थ्यो, कि त जिम्मेवारी लिनुपर्थ्यो । सिंहदरबार, संसद्, अदालतलगायतका महत्त्वपूर्ण निकाय जल्दा र तहसनहस हुँदा पनि उहाँहरूले जिम्मेवारी लिनुभएन । उहाँहरूले ध्यान दिएको भए यति ठुलो क्षति हुँदैनथ्यो । यसकारण क्षतिमा उहाँहरूको पनि हात छ,' संयोजक घिमिरेले भने, 'यसैकारण बर्खास्तीको माग गरेका हौँ ।' त्यस्तै, मुख्यसचिव एकनारायण अर्यालले पदबहाली गर्दाको प्रतिबद्धताविपरीत २०-२२ वर्षसम्म बढुवा नभएका कर्मचारीको हितविपरीत बैठक राखेर २० प्रतिशत दरबन्दी कटौती गरेर कर्मचारीतन्त्रलाई क्षतिविक्षत बनाउन लागेको आरोप पनि लगाए । यद्यपि, अर्यालले यो निर्णय पछि फिर्ता लिएका थिए ।

कर्मचारीहरूको एउटा कित्ताको अभियानलाई सरकारले चाहिँ कसरी हेरिरहेको छ ? यसबारे संघीय मामिला सचिव रविलाल पन्थ भन्छन्, 'प्रशासन सुधार निरन्तर हुने विषय हो । अगाडि भएका सुधार पर्याप्त भएनन् । अब सुधारका कार्यलाई गति दिनुपर्छ, कार्यशैली बदल्नुपर्छ, कानुनको पालना हुनुपर्छ । यस्ता सुझावहरू अभियानमार्फत आएका छन् । यिनलाई आत्मसात् गरेर अघि बढ्नुपर्छ । क्रमशः सुधार गर्दै जानुपर्छ ।'

मुख्यसचिवलगायतको बर्खास्ती गर्नुपर्ने अभियानको मागबारे भने पन्थले आफ्नो कुनै टिप्पणी नरहेको बताए । 'हामी कर्मचारी कानुनद्वारा निर्देशित हुन्छौँ । कानुनले नै विधि र प्रक्रिया स्पष्ट गरेको छ । यसर्थ कानुन, विधि र प्रक्रियाअनुसार अघि बढ्नुपर्छ,' उनले भने, 'कर्मचारीले सरकारका एजेन्डामा प्रतिबद्ध हुने र कानुनबमोजिम कार्य गर्ने हो । सरकारको कार्यसम्पादनमा कर्मचारीका राजनीतिक गतिविधिले असर गर्नुहुन्न । सबैले कानुन मान्नुपर्छ ।'

दलीय ट्रेड युनियनहरू मौन

निजामती कर्मचारी प्रशासनमा दलैपिच्छेका ट्रेड युनियनहरू सक्रिय छन् । अहिले निजामती प्रशासनमा एमालेनिकट नेपाल निजामती कर्मचारी संगठन, काग्रेसनिकट नेपाल निजामती कर्मचारी युनियन, माओवादी केन्द्रनिकट नेपाल राष्ट्रिय कर्मचारी संगठन, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) निकट नेपाल मधेशी निजामती कर्मचारी मञ्च, एकीकृत सरकारी कर्मचारी संगठन नेपाल र स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन नेपाल सक्रिय छन् । राष्ट्रियस्तरका यी ट्रेड युनियनको देशव्यापी सञ्जाल छ । २८ भदौमा यीमध्ये ६ ट्रेड युनियनले संयुक्त विज्ञप्ति जारी गरेर आन्दोलनको क्षतिप्रति दुःख व्यक्त गर्दै दोषीलाई कारबाही गर्नुपर्ने माग गरी नागरिकको सेवाप्रवाहमा जुट्न राष्ट्रसेवक कर्मचारीलाई अपिल पनि गरेको थियो ।

निजामती कर्मचारीले ट्रेड युनियन बनाएर राजनीतिक गतिविधि गर्न पाउने कि नपाउने भन्ने विषय आफैँ विवादित छ । दलको झन्डा बोकेका ट्रेड युनियनको ध्यान निजामती प्रशासन सुधार्ने र कर्मचारी हकहितको वकालत गर्नुभन्दा सरुवा-बढुवा र स्वार्थपूर्ण निर्णयका लागि दबाब दिन केन्द्रित भएको भन्दै आलोचित छन् । अहिले विद्रोही कित्ताको रूपमा 'सार्वजनिक प्रशासन रूपान्तरण अभियान-२०८२' गठन हुँदा उनीहरू मौन छन् ।

निर्वाचनका लागि...

पृष्ठ १ बाट क्रमशः

निर्वाचन हुने प्रत्याभूति दिलाउन सरकार र सुरक्षा निकायलाई निर्देशन दिएका छन् । राष्ट्रपति भवन शीतलनिवासमा प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको मन्त्रिपरिषद् सदस्य तथा चारै सुरक्षा निकाय प्रमुखलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले लुटिएका हतियार र जेलबाट भागेका कैदीलाई फिर्ता गराउन सक्रिय हुन पनि निर्देश गरेका छन् ।

प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार राष्ट्रपतिले शान्ति-सुरक्षा कायम गर्न र भयरहित वातावरणमा निर्वाचन हुन्छ भन्ने आश्वस्त पार्न निर्देशन गरेका छन् । उनका अनुसार राष्ट्रपति पौडेलले २४ भदौमा लुटिएका हतियार र भागेका कैदीबन्दी सबैलाई अविलम्ब फिर्तालाई गम्भीरतापूर्वक लिएर काम गर्न भनेका छन् ।

प्रधानमन्त्री कार्कीले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा चुनाव गराउन सरकारले कुनै कसुर बाँकी नराख्ने बताइन् । उनले सुरक्षा निकायलाई चाहिने सम्पूर्ण साधन-स्रोत सरकारले उपलब्ध गराउने आश्वस्त पारिन् ।

निर्वाचनको तयारी र सुरक्षा अवस्थाका विषयमा शीतलनिवासमा गम्भीर छलफल भएको तथा चुनावको वातावरण तयार गर्न भइरहेका प्रयासको समीक्षा भएको प्रधानमन्त्री कार्कीको सचिवालयले जनाएको छ । 'सबै सुरक्षा प्रमुखहरूले उच्च मनोबलका साथ सुरक्षा व्यवस्था मिलाउन तयार रहेको जानकारी गराउनुभएको छ । चुनावको वातावरण बनाउन राजनीतिक तहबाटै पहलकदमी लिइएको छ । राजनीतिक दलहरूसँग संवादको सुरुवात भएको छ,' प्रधानमन्त्रीलाई उद्धृत गर्दै उनको सचिवालयले भनेको छ, 'फागुन २१ मा निर्धारित प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्ने दिशामा सन्तोषजनक प्रगति भएको छ । तयारी अझै निरन्तर गतिमा अघि बढाइँदै छ । सहज राजनीतिक निकासका लागि निर्वाचन सम्पन्न गर्न सबै पक्ष जिम्मेवार र ऐक्यबद्ध रहौँ ।'

छलफलमा प्रधानसेनापति अशोकराज सिग्देल, सशस्त्र प्रहरी प्रमुख राजु अर्याल, नेपाल प्रहरी प्रमुख चन्द्रकुवेर खापुङ, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टेकेन्द्र कार्की सहभागी थिए । सुरक्षा निकायका प्रमुखहरूले शान्ति-सुरक्षा कायम गर्ने र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सुरक्षा निकाय सक्षम रहेको बैठकमा बताए ।

कठिन परिस्थितिमा पनि विगतमा शान्तिपूर्वक निर्वाचन सम्पन्न गराएको स्मरण गराउँदै उनीहरूले सुरक्षा निकाय सम्पूर्ण रूपले निर्वाचनका लागि तयार रहेको उल्लेख गरेका थिए । शुक्रबार पत्रकार सम्मेलन गरेका नेपाली सेनाका अधिकारीहरूले विशेष परिस्थितिमा हुन लागेको भए पनि सेना चुनाव गराउन सक्षम रहेको बताएका थिए ।

नागरिक अगुवासँग राष्ट्रपतिको छलफल

सुरक्षा निकायका प्रमुखहरूसँग छलफलमा बस्नुअघि राष्ट्रपति पौडेलले ११ जना नागरिक अगुवासँग शीतलनिवासमै तीन घण्टा छलफल गरेका थिए । बिहान ९ बजेदेखि १२ बजेसम्मको छलफलमा निर्वाचनकेन्द्रित छलफल भएको त्यहाँ सहभागी राजनीतिक विश्लेषक मुमाराम खनालले बताए ।

खनालका अनुसार छलफलमा राष्ट्रपति पौडेलले तोकिएको मिति २१ फागुनमा निर्वाचन सम्पन्न हुनुपर्नेमा जोड दिँदै यसको वातावरण सबै पक्षले बनाउनुपर्ने बताएका थिए । 'हामी सबै मिलेर निर्वाचनको वातावरण बनाउनुपर्छ । यसका लागि मैले सबै पक्षसँग छलफल अघि बढाएको छु,' राष्ट्रपतिलाई उद्धृत गर्दै खनालले भने ।

भेटमा खनालबाहेक भारतका लागि पूर्वराजदूत लोकराज बराल, त्रिविका पूर्वउपकुलपति केदारभक्त माथेमा, प्राध्यापक कृष्ण खनाल, विश्लेषक हरि शर्मा, गेजा शर्मा वाग्ले, केशव दाहाल, इन्द्र अधिकारी, उद्धव प्याकुरेल, तुलानारायण साह र कसमस विश्वकर्मा सहभागी थिए ।

आज केन्द्रीय सुरक्षा समितिको बैठक बस्दै

सरकारले आगामी फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनलाई मुख्य प्राथमिकतामा राखेर आफ्ना सम्पूर्ण गतिविधि केन्द्रित गरेको छ । यही क्रममा शनिबार राष्ट्रपतिको आह्वान र प्रधानमन्त्री तथा मन्त्रीहरूको उपस्थितिमा चारवटै सुरक्षा निकायका प्रमुखहरूसँग शीतलनिवासमा छलफल भएको छ। छलफल निर्वाचनका लागि राजनीतिक वातावरण बनाउनेदेखि सुरक्षा अवस्था सदृढ पार्ने विषयमा केन्द्रित थियो। यस्तै, आइतबार केन्द्रीय सुरक्षा समितिको बैठकसमेत बस्दै छ। गृहमन्त्री ओमप्रकाश अर्यालले बैठक बोलाएका हुन्। गृहमन्त्री अध्यक्ष र हने समितिको बैठकमा गृह र रक्षासचिवका साथै चार वटै सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि हुनेछन्।

उक्त बैठकले केन्द्रीय एकीकृत निर्वाचन सुरक्षा समितिले बनाउँदै गरेको एकीकृत सुरक्षा योजनामा भएका प्रगतिको समीक्षा गरी आवश्यक पृष्ठपोषण तथा नीतिगत निर्देशन दिनेछ।

गृह मन्त्रालयको शान्तिसुरक्षा तथा अपराध नियन्त्रण महाशाखाका प्रमुख एवं सहसचिव आनन्द काफ्लेको नेतृत्वमा एकीकृत निर्वाचन सुरक्षा समिति गठन गरिएको छ। गृहमन्त्री अर्यालले कार्यभार सम्हाल्नासाथ यो समिति गठन गरेका हुन्। यस समितिमा चार वटै सुरक्षा निकायका प्रतिनिधि सदस्य रहनुका साथै उपसचिव रवीन्द्र अधिकारी सदस्यसचिव छन्।

यस समितिले बनाएको सुरक्षा योजना कार्यान्वयनका लागि प्रत्येक जिल्लामा पठाइनेछ। प्रमुख जिल्ला अधिकारी नेतृत्वको जिल्ला एकीकृत निर्वाचन सुरक्षा समितिले उक्त योजनाको कार्यान्वयन गर्नेछ। ' हामी पूर्ण क्षमताका साथ निर्वाचन तयारीमा जुटेका छौँ। एकीकृत निर्वाचन सुरक्षा योजना तीव्र गतिमा बन्दै छ,' गृहमन्त्री अर्यालले भने, 'निर्वाचन आयो गयो पनि सघन छलफल र समन्वय भइरहेको छ। सुरक्षा निकायहरूलाई आवश्यक स्रोतसाधनको कुनै कमी नहुने गरी काम भइरहेको छ।'

Bateshwor Rural Municipality

Office of Rural Municipal Executive

Bateshwor, Dhanusha

Madhesh Province, Nepal

Invitation for Online Bids

First Date of publication:- 2082-07-02 (2025-10-19)

1. Bateshwor Rural Municipality, Bateshwor, Dhanusha invites electronic bids from eligible Nepalese bidders for the following works:

S.N.	Contract No	Name of Contract	Cost of Bid Document fee (Nonrefundable)	Average annual Turnover	Work Experience of similar size and nature	Bid validity period	Bid Security Amount
1	BRM/NCB/W/01/2082-083	The Construction of Shree Janshakti Secondary School Building, Bateshwor Rural Municipality-3	5000	68,556,840.74	One RCC Framed Building of NPR 58,844,621.63 With M25 grade of concrete or above326.264Cum/ year, Reinforcement- 68 MT/year	90 days	14,80,000
2	Deadline for Bid Submission	Before 12:00 hours on 18-11-2025. Bids received after this deadline will be rejected.					
3	Date, Time and Place of Bid Opening	18-11-2025 14:00 Hours at the office of Bateshwor Rural Municipality, Bateshwor, Dhanusha, Madhesh Province, Nepal					
4	Account Number for Bid Document Purchase	**Name of the Bank** : NMB Bank Ltd **Name of Office** : Bateshwor Rural Municipality.Dhanusha **Office Code no.** : 801021716 **Account no.** : 10200676363000 13 **Rajaswa (revenue) Shirshak no.** : 14229					
5	Account Number for Bid Security Deposit	**Name of the Bank :** NMB Bank LTD **Name of Office :** Bateshwor Rural Municipality, Bateshwor, Dhanusha Account Name: Dharauti Khata **Office Account no. :** 1020067636300172					

2. Eligible bidders may obtain further information and inspect the bidding document at Bateshwor Rural Municipality, Bateshwor, Dhanusha, Madhesh Province or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-gp system of PPMO website:- **www.bolpatra.gov.np/egp** as specified in the ITB.
5. The employer reserves the right to accept or reject wholly or partially any or all bids without assigning any reason, what so over.

Chief Admintrative Officer

खाद्यले धान...

पृष्ठ १ बाट क्रमशः

तीन हजार ६२८.३३ रुपैयाँ तोकेको छ । धान बेचेर बिउ, मलखाद, खनजोतको उधारो तिर्नुपर्ने र गहुँखेतीका लागि पैसा चाहिने भएपछि किसान सस्तो भाउमा धान बेचिरहेका हुन् ।

भजनी नगरपालिका- ३, धुसीका किसान सीताराम रानाले प्रतिक्विन्टल दुई हजार ६ सय रुपैयाँमा डेढ सय बोरा मोटो धान बिक्री गरे । ६ बिघामा धान रोपेका उनले गत वर्ष यही सिजनमा प्रतिक्विन्टल तीन हजार एक सय रुपैयाँमा धान बिक्री गरेको बताए । मूल्य घट्दा घाटा खाएर धान बिक्री गर्नुपरेको गुनासो उनले गरे । 'मल, बिउविजनको मूल्य बढिरहेको छ । धानको मूल्य भने घट्दै छ । मूल्य घटेर लगानी उठाउनै गाह्रो भयो,' रानाले भने, 'बढी मूल्य पाइएला कि भनेर गाउँ र आसपासका गल्ला व्यापारीकहाँ पनि बुझ्छौँ, सबै ठाउँ उस्तैउस्तै दर रहेछ ।' घरमा भण्डारण गरेर राख्ने ठाउँ नभएको र गहुँका लागि मल किन्नुपर्ने भएकाले थ्रेसिङ गरेलगत्तै बिक्री गर्नुपरेको उनले बताए । 'केही समय राखेको भए पछि मूल्य बढ्थ्यो होला । चाडपर्व र हिउँदे बाली लगाउने खर्चको जोहो गर्न पनि धान बिक्री गर्नुपऱ्यो,' उनले दुःखेसो पोखे ।

कैलारी गाउँपालिका- ४, हसुलियाका किसान राम दहितले यस वर्ष मूल्य घटेकाले धान बिक्री गर्न सकेका छैनन् । उनलाई हिउँदे बाली लगाउने खर्च कसरी जुटाउने भन्ने चिन्ता छ । घटेर लागतसमेत नउठ्ने भएपछि धान घरमै थन्क्याएर राखेको उनले बताए । दहितका अनुसार गत वर्ष यहीवेला गाउँमा मोटो धान प्रतिक्विन्टल तीन हजारमा बिक्री भएको थियो । यस वर्ष दुई हजार पाँच सय ५० रुपैयाँसम्ममा कारोबार भइरहेको छ ।

'धान बेचेरै हिउँदे बालीका लागि बिउ, मलखादका लागि खर्च उठाउनुपर्छ,' दहितले भने, 'यसपालि मूल्य नपाएर धान त्यत्तिकै राख्दा हिउँदे बाली लगाउने खर्च कसरी जुटाउने भन्ने समस्या छ ।' यसपालि बाढी नआएकाले धान राम्रो फलेको उनले बताए ।

बाढी प्रभावित क्षेत्र भजनी र कैलारीमा बर्खायाममा आउने बाढीले धानबालीमा ठुलो क्षति गर्छ । यसपालि ठुलो बाढी नआउँदा धानबाली राम्रो भए पनि अहिले धानको उचित मूल्य नपाएको ती क्षेत्रका किसानको गुनासो छ ।

व्यापारीले धानको मूल्य मनोमानी तोकेको किसानको गुनासो छ । यसपालि चैतेधानको मूल्य पनि अहिलेकै जति थियो । धान भित्र्याउने वेला हरेक वर्ष व्यापारीले भनेको मूल्यमा धान बिक्री गर्नुपर्ने बाध्यता रहेको धनगढीका किसान रेवन्त बोहराले बताए । यस वर्ष झन् मूल्य घट्दा किसान मारमा परेका उनले बताए । सरकारी कम्पनी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले धान खरिद सुरु गरेपछि भने धानको मूल्य केही बढ्ने गर्छ ।

सरकारी कम्पनी खाद्यमा छैन धान खरिदको सुरसार

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले हरेक वर्ष सरकारले निर्धारण गरेको मूल्यमा किसानबाट धान खरिद गर्ने गर्छ । तर, खाद्यले ढिलो गरी खरिद गर्दा किसानले व्यापारीले तोकेको मूल्यमा धान बिक्री गर्नुपर्छ । खाद्यले खरिद सुरु गरेपछि भने व्यापारीले पनि मूल्य बढाएर खरिद गर्छन् ।

यस वर्ष खाद्यले कैलालीमा कति परिमाणमा धान खरिद गर्ने भनेर कोटा नै निर्धारण गर्न सकेको छैन । खाद्यको प्रादेशिक कार्यालय धनगढीका प्रमुख दीपक थापाले केन्द्रबाट कोटा निर्धारण भएर आएपछि खरिद सुरु गरिने बताए । उनका अनुसार कोटा तोकेर आएपछि धनगढी, टीकापुर, सत्ती, भजनी, जोशीपुर र गौरीगंगाबाट धान खरिद गरिनेछ । गत वर्ष खाद्यले कैलालीबाट ५५ हजार क्विन्टल धान खरिदको कोटा निर्धारण गरे पनि बिक्रीका लागि किसान नआउँदा साढे ३४ हजार क्विन्टल मात्र खरिद गर्न सकेको थियो ।

उत्पादन घट्ने अनुमान

कैलाली धान उत्पादनका लागि उर्वर जिल्ला हो । कृषि ज्ञान केन्द्र कैलालीका अनुसार यहाँ ७२ हजार हेक्टर क्षेत्रमा धानखेती गरिन्छ । धानको उत्पादकत्व प्रतिहेक्टर ३.४ टन छ । कृषि ज्ञान केन्द्र कैलालीका निमित्त प्रमुख टेकबहादुर विष्टले यसपालि धानको समग्र उत्पादन घट्ने आकलन रहेको बताए । समयमै पानी नपरेको र रासायनिक मलको अभाव भएकाले पाँच-सात प्रतिशतसम्म उत्पादनमा कमी आउन सक्ने उनले बताए । 'धान रोपेपछि करिब एक महिनासम्म खडेरी भयो । धानले गाँज हाल्ने वेला किसानले रासायनिक मल पाएनन्,' विष्टले भने, 'फुल्ने वेला पानी पर्दा परागसेचनमा बाधा भएकाले उत्पादन घट्ने देखिएको छ ।'

सरकारलाई ओलीको चुनौती-

नेपालको जुनसुकै सहरमा जान्छु, कुन कानुनले थुन्छ हेरौँला

कार्की जाँचबुझ आयोगले ओलीसहित पाँचजनाको पासपोर्ट रोक्का गर्दै अनुमतिविना उपत्यका बाहिर जान रोक लगाएको छ

तर, शनिबार पार्टी कार्यालय पुगेका ओलीले भने-

झापामा मेरो घर जलाइयो, हेर्न जानुपरेन ? काठमाडौं उपत्यकाको साँगा तरेर धुलिखेलमा गएर मिटिङ गर्न नपाउने रे, क्या गज्जबको सरकार । साँगा कट्ने मात्र होइन, जतिवेला काम पर्छ, नेपालको सहरभित्र म जहाँ पनि जान्छु । कुन कानुनले समाउँछ, कुन कानुनले थुन्छ र कुन लोकतन्त्रले थुन्छ, त्यो म हेर्छु ।



शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले अनुमतिविना उपत्यका बाहिर जान रोक लगाउने सरकारको निर्णयलाई चुनौती दिएका छन् । २३ र २४ भदौको जेनजी आन्दोलनमा भएको सरकारी दमन र विध्वंशको छानबिन गर्न गठित जाँचबुझ आयोगले ओलीसहित पाँचजनाको पासपोर्ट रोक्का गर्दै अनुमतिविना उपत्यका बाहिर जान रोक लगाएको छ । शनिबार च्यासलस्थित पार्टी कार्यालय पुगेका ओलीले सरकारको निर्णय नमान्ने बताए ।

'झापामा मेरो घर जलाइयो, हेर्न जानुपरेन । काठमाडौं उपत्यकाको साँगा तरेर धुलिखेलमा गएर मिटिङ गर्न नपाउने रे, क्या गज्जबको सरकार । साँगा कट्ने मात्र होइन, जतिवेला काम पर्छ, नेपालको सहरभित्र म जहाँ पनि जान्छु । कुन कानुनले समाउँछ, कुन कानुनले थुन्छ र कुन लोकतन्त्रले थुन्छ, त्यो म हेर्छु,' सरकारलाई चुनौती दिँदै ओलीले भने, 'जथाभावी मनपरी गर्ने ? तिमीले कहाँबाट ल्यायौ यो देश ? मौखिक आदेश जे पनि गर्न पाइन्छ ? निर्णय भनेर जे पनि गर्न मिल्छ ? कारण हुनुपर्छ ।' सरकारको निर्णय लोकतन्त्रविरोधी भएको उनको भनाइ छ ।

जेनजी आन्दोलनका घटनाबारे छानबिन गर्न पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वमा बनेको जाँचबुझ आयोगले गत १२ असोजमा एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी ओली, पूर्वगृहमन्त्री रमेश लेखकसहित तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, तत्कालीन गुप्तचर प्रमुख हुतराज थापा र काठमाडौंका तत्कालीन सिडिओ छविलाल रिजाललाई विदेश जान रोक लगाउने निर्णय गरेको थियो । सोधपुछका लागि जुनसुकै वेला बोलाउनुपर्ने भएकाले उपत्यकाबाहिर जानसमेत अनुमति लिन भनिएको छ ।

जेलनेल र हन्डरठक्कर खाएर आएकाले सरकारले स्थानहद तोक्यो भन्दैमा आदेशपालक नबन्ने ओलीको चेतावनी छ । 'हामी देशभित्रै जेल, भूमिगत बसेर संघर्ष गरेर आएका हौं । त्यसकारण हामी कमजोर हुतिहारा होइनौं,' उनले भने ।

आफूलाई पूर्वाग्रह साँधेर सरकारले गिरफ्तार गर्न खोजेकोप्रति पनि ओलीले आपत्ति जनाए । 'दिनैपिच्छे केपी ओलीलाई कसरी गिरफ्तार गर्ने, कसरी झुटा मुद्दा लगाउने भनेर बैठक बसेर बन्छ देश ? केमा मुद्दा लगाउनुहुन्छ ? मसँग रिस उठ्यो भन्दैमा मुद्दा लगाएर थुन्ने ? कुनै आधार छ, कुनै कारण छ ?' उनले प्रश्न गर्दै भने । एमालेले ००७ देखि होस् या ०४६ पछि सबै भ्रष्टाचार र सबैको सम्पत्ति छानबिन गर्न तयार रहेको धारणा राख्दै आएको भन्दै ओलीले सत्यतथ्य बाहिर ल्याउन पनि चुनौती दिए ।

■ कमजोर जगमा उभिएको सरकार जुनसुकै वेला ढल्ने दाबी

कमजोर जगमा हाटहुट र लाटलुटको घटनाबाट गठित असंवैधानिक र गैरकानुनी अहिलेको म्यादी सरकार जुनसुकै वेला ढल्ने उनको भनाइ थियो । 'यो एउटा भुल्को हो । ख्याल रहोस्, यो म्याद नतोकिएको म्यादी सरकार हो । घामजून रहेसम्म रहन्छु भन्ने भ्रम छ भने छोडिदिए हुन्छ । जग नभएको यसो हल्लिँदा पुक्लुक्क ढल्ने । जग भएकोलाई त फ्याँकियो भने जगै नभएको हल्लिँदै पुक्लुक्क हुन्छ यो । अनि यो सरकारको यत्रो धाकधक्कु ?' ओलीले भने ।

अहिलेको अवस्थामा चुनाव गराउने वातावरण बनाउने तयारीमै सरकार नभएको भन्दै ओलीले अविलम्ब संसद् पुनर्स्थापना हुनुपर्ने पनि बताए । 'आमजनता सहभागी भएर होइन, त्रसित बनाएर, तिनको घरमा आगो लगाएर, हाटहुट, लाटलुटको बिचमा बनाइएको सरकार हो । यो सरकारको सिफारिसमा सार्वभौम जनताले निर्वाचित गरेको सर्वोच्च संस्था विघटन गरेर संवैधानिक, कानुनी रिक्तता, नागरिक संस्थाको रिक्ततामा पुऱ्याइएकाले यो प्रतिगमन हो । प्रतिगमन सच्याउनुपर्छ र प्रतिनिधिसभाको अविलम्ब पुनर्स्थापना गर्नुपर्छ,' उनले भने ।

'हदबन्दी गर्ने, दलहरूलाई चुनावमा जान नदिने, २१ फागुनमा चुनाव गर्ने भन्ने अनि राजनीतिक पार्टीहरूसँग संवाद नगर्ने, निषेध गर्ने, दमन गर्ने । २१ फागुनमा चुनाव हुन्छ भन्छ । सोचै त्यस्तो हो कि दुनियाँलाई ढाँटेको हो ? यो चुनाव हुनेवाला छैन । त्यसकारण हामीले प्रतिनिधिसभा पुनर्स्थापना भनेका छौं,' ओलीले भने ।

ओलीले सरकारको विरोध गर्नुको अर्थ छैन : प्रचण्ड



काठमाडौं/ माओवादी संयोजक पुष्पकमल दाहाल प्रचण्डले कामचलाउ सरकारका प्रधानमन्त्री केपी ओलीकै सिफारिसमा सुशीला कार्की प्रधानमन्त्री बनेको भन्दै अहिले विरोध गर्नुको अर्थ नहुने बताएका छन् । पार्टी कार्यालय पेरिसडाँडामा अखिल नेपाल ट्रेड युनियन महासंघले शनिबार आयोजना गरेको कार्यक्रममा उनले अन्तरिम सरकारमा टेकेर अगाडि बढ्नुपर्नेमा जोड दिँदै उनले चुनाव सफल पार्न सबैलाई आग्रह गरे । त्यसरी अगाडि नबढ्ने हो भने अराजकता र दुर्घटना निम्तिन सक्ने उनले चेतावनी दिए । 'कुनै वितण्डा नगरौं । हिजो पटक-पटक संसद् विघटन गर्नेहरूले अहिले संसद् पुनर्स्थापनाको कुरा उठाउनुजस्तो हास्यास्पद अरू केही हुँदैन । निर्वाचन सफल पार्नका लागि म आग्रह गर्न चाहन्छु,' उनले भने ।

राष्ट्रिय सहमतिका साथ अगाडि बढ्दा निर्वाचन सफलतापूर्वक सम्पन्न हुने प्रचण्डले बताए । अन्तर्राष्ट्रिय समुदायले पनि निर्वाचन सफल पार्न भूमिका खेल्ने उनले बताए । 'संविधान ट्याकमा ल्याउने र संविधान संशोधनको विकल्पमा जाने विकल्प पनि यही हो । राष्ट्रिय सहमतिको आधारमा निर्वाचन सम्पन्न गर्न अपिल गर्न चाहन्छु,' उनले भने । बृहत् वामपन्थी एकताको आवश्यकता प्रचण्डले औंल्याए । प्रचण्डले नेतृत्व छाड्न आफू तयार रहेको बताए । 'कतिपय मानिसले भन्ने गर्छन्, पार्टी अध्यक्ष छोड् । म पार्टी अध्यक्ष मात्रै होइन, के बलिदान गर्नुपर्छ तयार छु । देश बच्न पऱ्यो, हामीलाई अध्यक्ष, पद, कार्यकारी यो धेरै सानो कुरा भइसक्यो । केन्द्रीय समितिलाई आयोजक समितिमा, अध्यक्षलाई संयोजकमा परिणत गरिसकेको छु,' उनले भने, 'म सबैलाई राष्ट्रका निम्ति त्याग गर्न तयार रहन अपिल गर्छु ।' भ्रष्टाचार अन्त्य, सुशासन, कार्यकारी प्रमुख र आर्थिक समृद्धिका लागि जेन-जी पुस्तासँग सहकार्य गरेर अगाडि बढ्न माओवादी तयार रहेको उनले बताए । 'भ्रष्टाचार अन्त्य र सुशासनका निम्ति, कार्यकारी प्रमुख र आर्थिक समृद्धिका लागि बसेर सल्लाह गरौं । एउटा रोडम्याप बनाऔं,' उनले भने । जेन-जीले २३ भदौको आन्दोलनबाट राजनीतिमा प्रवेश गरेको उनले बताए ।

छठपछि मात्रै कांग्रेस बैठक

काठमाडौं/ कांग्रेसको केन्द्रीय कार्यसमिति बैठक छठसम्मका लागि स्थगित भएको छ । गत २८ असोजमा सुरु भएको बैठक १३ कात्तिकसम्मका लागि स्थगित भएको छ । शनिबार केहीबेर मात्रै बसेर बैठक स्थगित भएको हो । पूर्वकेन्द्रीय सदस्य ८४ वर्षीय ऋषिकेष गौतमको निधनप्रति दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेर शनिबारको बैठक स्थगित भएको कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए । अब १३ कात्तिक दिउँसो १ बजे बैठक बस्ने उनको भनाइ छ । 'नेपालको लोकतान्त्रिक आन्दोलनका अथक योद्धा, कांग्रेसका पूर्वकेन्द्रीय सदस्य, पूर्वमन्त्री, नेपाल विद्यार्थी संघका संस्थापक केन्द्रीय सदस्य एवं कांग्रेस बाराका पूर्वसभापति ८४ वर्षीय ऋषिकेश गौतमको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरी बैठक सकिएको छ,' उनले भने ।

दल खोल्ने गृहकार्यमा जेन-जी

प्रत्यक्ष निर्वाचित कार्यकारी, विदेशमा रहेका नेपालीलाई मतदान, भ्रष्टाचार नियन्त्रणका लागि नागरिकस्तरको छानबिन आयोग गठन नभएसम्म चुनावमा भाग नलिने र संघर्ष गरिरहने घोषणा



शनिबार एभरेस्ट होटेलमा आयोजित पत्रकार सम्मेलनमा जेन-जी अगुवा मिराज ढुंगाना । तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

कमलराज भट्ट/नयाँ पत्रिका

जेन-जी समूहका नेता एवं 'गरिखान देऊ' अभियानका संयोजक मिराज ढुंगानाले नयाँ राजनीतिक दल गठनको गृहकार्य थालेका छन् । शुक्रबार सामाजिक सञ्जाल फेसबुकमार्फत दल खोल्ने घोषणा गरेका ढुंगानाले शनिबार पत्रकार सम्मेलन गरेर नाम, चुनाव चिह्न, विधान, घोषणापत्र, केन्द्रीय समितिसहित पार्टीको सांगठनिक संरचनाको तयारी भइरहेको जानकारी गराएका छन् । पार्टी गठनका लागि वार्ता समिति निर्माण गरिएको उनले बताए ।

वार्ता समितिमा मिराजसहित श्वेता, अमृत, प्रशान्त, विश्वासलगायत १० जना सदस्य छन् । वार्ता समूहले व्यक्तिगत र सामूहिक रूपमा विभिन्न पक्षसँग छलफल गरिरहेको छ । ढुंगाना आफैंले जेन-जीको प्रतिनिधित्व गरेका 'हामी नेपाल'का सुदन गुरुङ र प्रवेश दाहाललगायतलाई देश विकास र परिवर्तनका लागि एक हुनुपर्ने सन्देश पठाएका छन् ।

'हामी दल खोल्न तयारी गर्दै छौं । विधान, नेतृत्वमा को हुने, पदाधिकारी को हुने, नाम के हुने, संरचना कस्तो हुने भनेर छलफल गरिरहेका छौं । यसका लागि हामीले वार्ता समिति गठन गरेका छौं,' उनले भने, 'गृहकार्य सकिएपछि छिट्टै घोषणापत्र, विधानदेखि सबै कुरा भन्छौं । निर्वाचन आयोगमा दर्ताका लागि निवेदन दिन्छौं । अहिले हामी पनि अध्ययनमै छौं ।' ढुंगानाका अनुसार वार्ता समितिले व्यक्तिगत रूपमा धेरै मान्छेसँग छलफल गरिरहेको छ । 'देशका लागि केही गरौं न भनेर पार्टी खोल्ने घोषणा गरेको हो । चार समूहसँग छलफल भइसकेको छ । राजनीतिमा आबद्ध नभएका मान्छेसँग छलफल गर्यौं । हाम्रो वार्ता टोलीले निरन्तर छलफल गरिरहेको छ,' उनले भने ।

सबै जेन-जी समूहलाई एकै ठाउँमा समेट्न आफूले प्रयत्न गरिरहेको उनको भनाइ थियो । 'मैले आफ्नो बलबाट सबैलाई एक ठाउँमा ल्याउन खोजें । तर, मैले चाहेर मात्र सम्भव भएको छैन । आउनेहरू रेडी भएका छैनन् । फरक मतहरू छन् । कतिसम्म गर्न सकिन्छ, एक ठाउँमा ल्याउने प्रयास हुन्छ । गर्न सक्ने जति गरेका छौं । जेन-जी साथीहरूलाई आउन अनुरोध गर्छौं,' उनले भने । ढुंगानाले पार्टी खोल्नुको अर्थ चुनाव लड्न मात्र नभएको बताए ।

ढुंगानाले जेन-जी आन्दोलनको मुख्य तीन एजेन्डा भएको र यो सम्बोधन नभएसम्म निर्वाचनमा भाग नलिने घोषणा गरे । उनका अनुसार प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री, संवैधानिक राष्ट्रपति पहिलो एजेन्डा हो । विदेशमा रहेका नेपालीले मतदान गर्न पाउने दोस्रो एजेन्डा हो । भ्रष्टाचार नियन्त्रणका लागि नागरिकस्तरबाट शक्तिशाली छानबिन आयोग बनाउने तेस्रो एजेन्डा हो । 'यी एजेन्डा सम्बोधन नभएसम्म निर्वाचनमा जाँदैनौं । शान्तिपूर्ण रूपमा संघर्ष गरिरहन्छौं,' उनले भने । उनले प्रत्यक्ष निर्वाचित कार्यकारीको मुद्दा आफूहरूको मुख्य बटमलाइन भएको र यो सुन्नैपर्ने बताए । 'योविना कतै जाँदैनौं,' ढुंगानाले भने ।

संक्षेप

पूर्व तथा वर्तमान जनप्रतिनिधिलाई तीनपुस्ते सम्पत्ति विवरण बुझाउन पत्र

खोटाङ/ दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले पूर्व तथा वर्तमान कार्यपालिका सदस्यलाई तीनपुस्ते सम्पत्ति विवरण बुझाउन पत्राचार गरेको छ । राज्यकोषबाट सेवासुविधा लिइरहेका जनप्रतिनिधिले आफूलाई पारदर्शी बनाउन नसक्दा नैतिक प्रश्न उठिरहेको भन्दै नगरपालिकाले वर्तमान तथा पूर्वकार्यपालिका सदस्यसहित ५५ जनालाई सम्पत्ति विवरण बुझाउन पत्राचार गरेको हो । १५ वडा रहेको जिल्लाकै ठुलो स्थानीय तह यो नगरपालिकाका २५ जना वर्तमान कार्यपालिका सदस्य र २५ जना पूर्वकार्यपालिका सदस्यलाई सम्पत्ति विवरण बुझाउन पत्राचार गरिएको निमित्त प्रमुख प्रशासकीय अधिकृत नारायण खवासले जानकारी दिए । नगरपालिकाले नगर प्रमुख तीर्थराज भट्टराई, उपप्रमुख विसन राई, पूर्वनगर प्रमुख दीपनारायण रिजाल, पूर्वउपप्रमुख विणादेवी राईलगायतलाई आगामी १५ कात्तिकभित्र सम्पत्ति विवरण उपलब्ध गराउन पत्राचार गरेको हो । वर्तमान तथा पूर्वजनप्रतिनिधिसँगै उनीहरूका सचिवालयका कर्मचारीलाई पनि सम्पत्ति विवरण बुझाउन भनिएको छ ।

तटबन्धको काम समयमा नसक्ने दुई निर्माण कम्पनी कालोसूचीमा

बर्दिया/ कर्णाली नदीमा तटबन्धको काम समयमा नगर्ने दुई निर्माण कम्पनी कालोसूचीमा परेका छन् । सरकारले कर्णाली नदीमा तटबन्धको काम समयमा नगरेको भन्दै सिद्धिसाई प्रकाश कन्स्ट्रक्सन प्रालि र मैलाचुली निर्माण सेवा प्रालिलाई एक वर्षका लागि कालोसूचीमा राखेको हो । कर्णाली नदीका तटबन्धको काम समयमा सम्पन्न नगरेको भन्दै सरकारले २९ असोजबाट एक वर्षका लागि कालोसूचीमा राखेको छ । निर्माण कम्पनीले १६ साउन ०७३ मा तटबन्ध निर्माणको ठेक्का आठ करोड ७४ लाख ९५ हजार एक सय ६५ रुपैयाँमा पाएका थिए । निर्माण कम्पनीले ठेक्का सम्झौता गरी २० जेठबाट तटबन्ध निर्माणको काम सुरु गरेको सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना राजापुर कार्यालय प्रमुख सुदिन मोक्तानले बताए । 'निर्माण कम्पनीले एक वर्षमा सक्ने गरी निर्माणको जिम्मा पाए पनि समयमा काम नगरेपछि पाँचपटकसम्म म्याद थप भएको थियो,' उनले भने । यसरी पटक-पटक म्याद थप गर्दा पनि काम नगरेपछि निर्माण कम्पनीलाई कालोसूचीमा राखिएको छ । कार्यालय प्रमुख मोक्तानले निर्माण कम्पनीले तटबन्धको काम ८५ प्रतिशत सम्पन्न गरेको बताए । 'निर्माण कम्पनीले काम सम्पन्न गरेअनुसार कार्यालय सात करोड ६८ लाख ९२ हजार भुक्तानीसमेत दिएको छ,' उनले भने ।

पाँच स्वास्थ्य संस्थालाई प्रसूतिसम्बन्धी उपकरण हस्तान्तरण

लहान/ सिराहाका पाँच स्वास्थ्य संस्थामा सञ्चालित बर्थिङ सेन्टरका लागि विभिन्न प्रकारका प्रसूतिसम्बन्धी उपकरण र सामग्री हस्तान्तरण गरिएको छ । स्वास्थ्य संस्थामा प्रसूति गराउन र मातृ तथा शिशुको स्वास्थ्य सुरक्षका लागि सञ्चालित मातृ तथा शिशु स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रमअन्तर्गत मिर्चैया अस्पताल, भलुवाही तथा बरियारपट्टी स्वास्थ्य चौकी, सुखीपुर आधारभूत अस्पताल र भगवानपुर प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रसूतिसम्बन्धी उपकरण र सामग्री हस्तान्तरण गरिएको हो । वन हर्ट वर्ल्डवाइडको सहयोगमा आकस्मिक सेवाको ट्रली, एएनसी बेड, रेफ्रिजेरेटर, प्रसूति बेडलगायत प्रसूति गराउँदा आवश्यक पर्ने स्वास्थ्य उपकरण र सामग्री हस्तान्तरण गरिएको लहानस्थित होप फाउन्डेसनकी अध्यक्ष पार्वती सुब्बाले जानकारी दिइन् । उनका अनुसार भलुवाही स्वाथ्य चौकीस्थित बर्थिङ सेन्टर र भगवानपुर प्राथमिक स्वास्थ्य केन्द्रलाई २९/२९, सुखीपुर आधारभूत अस्पताललाई ३४, बरियारपट्टी स्वाथ्य चौकीस्थित बर्थिङ सेन्टरलाई ३२ र मिर्चैया अस्पताललाई ४१ प्रकारका गरी भ्याटसहित कुल ६ लाख ५२ हजार पाँच सय ८२ रुपैयाँबराबरको प्रसूतिसम्बन्धी उपकरण र सामग्री हस्तान्तरण गरिएको हो ।

मणिपाल र गण्डकीपछि चरक अस्पतालका नर्स पनि आन्दोलित

कास्कीमा **रोहितराज पराजुली**



पोखरास्थित चरक मेमोरियल अस्पतालका नर्सले शनिबारदेखि आन्दोलन सुरु गरेका छन् । अस्पतालले श्रम शोषण गरेको भन्दै उनीहरूले आन्दोलन थालेका हुन् । यसअघि मणिपाल शिक्षण अस्पताल र गण्डकी मेडिकल कलेजका नर्स आन्दोलनमा उत्रिएका थिए ।

चरक अस्पतालमा कार्यरत नर्सहरूले आफूहरूलाई मासिक ९-१० हजार रुपैयाँ तलब दिइएको बताएका छन् । आन्दोलनमा उत्रेका नर्सले शनिबारदेखि अस्पतालको भवनको मुख्य प्रवेशद्वार अगाडि प्लेकार्डसहित धर्ना एवं नाराबाजी गर्दै आन्दोलन सुरु गरेका हुन् । यसअघि अस्पतालले श्रम शोषण गरेको भन्दै २४ असोजदेखि मणिपाल र २७ असोजदेखि गण्डकीमा कार्यरत नर्सहरूले काम छाडेर आन्दोलन जारी राखेका छन् । तीनै अस्पताल परिसरमा प्लेकार्डसहित धर्ना दिएर नाराबाजी गरेका नर्सहरूले 'हामीलाई न्याय दे,' 'हाम्रो माग पूरा गर,' 'श्रम शोषण बन्द गर,' 'हामी मेसिन होइन नर्स हौं,' 'अब त अति भो,' 'नो पे नो वर्क,' 'हाम्रो मिहिनेत हाम्रो पैसा,' 'सरकारले बचाओ हाम्रो नर्सिङ पेसा'लगायत नारासँगै प्लेकार्ड बोकेका छन् ।

यसअघि अस्पताल प्रशासनलाई विभिन्न माग राख्दै ज्ञापनपत्र बुझाए पनि कुनै सुनुवाइ नभएपछि उनीहरूले आन्दोलन सुरु गरेका हुन् । आन्दोलनमा उत्रेका नर्सहरूले स्वास्थ्य मन्त्रालयले तोकेको तलबसँगै अन्य सुविधा पाउनुपर्ने, वार्षिक रूपमा पाउँदै आएको चाडपर्व बिदा, घर बिदा, बिरामी बिदालगायत अन्य बिदाको भत्ता, जोखिम विभागमा काम गर्नेले सोहीअनुसारको भत्ताको व्यवस्थालगायत माग राखेका छन् । आफ्ना माग पूरा नभएसम्म आन्दोलन जारी राख्ने र तिहारपछि पोखराबाट सुरु भएको आन्दोलन देशभर चर्काउने उनीहरूको चेतावनी छ ।

एसोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन नेपाल (अफिन) गण्डकीका अध्यक्षसमेत रहेका चरक अस्पतालका प्रबन्ध निर्देशक कपिल पोखरेलले नर्सहरूलाई आफूहरूले ट्रेनीको रूपमा खाजा खर्च र बसभाडा मात्र दिएको, तलब नदिएको बताए । 'हामीले न्युरोडमा हिँडिरहेका मान्छेलाई तानेर ल्याएर स्टार्फ नर्सको जागिर खा, आठ हजार दिन्छु, १५ हजार दिन्छु भनेर राखेको होइन । उहाँहरू म भोलेन्टियर गर्छु भनेर निजी अस्पताल, मेडिकल कलेजहरूमा छिर्नुभएको हो । हामीहरूले सित्तैमा काममा नलगाई ट्रेनी स्टाफका रूपमा १० हजारदेखि १५ हजार रुपैयाँसम्म दिएको हो । हामीले दिएको पैसा तलब होइन । हामीले उहाँहरूलाई ट्रेनीको रूपमा खाजा खर्च र बसभाडा मात्र दिएको हो । स्वास्थ्य मन्त्रालयको परिपत्रअनुसारको तलब दिन सक्दैनौं,' उनले भने ।

गायिका पौडेलले गरिन् आत्मदाह प्रयास

नयाँ पत्रिका

चर्चित गायक तथा संगीतकार धनबहादुर गिरी 'बाबुल' जलेर घाइते भएका छन् । अनामनगरस्थित उनको स्टुडियोमा गायिका तथा कलाकार नितु पौडेलले आत्मदाहको प्रयास गर्दा उनी घाइते भएका हुन् । प्रहरीका अनुसार आत्मदाह गर्ने पौडेलको अहिले कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचार भइरहेको छ । उनको कम्मरभन्दा माथिको अधिकांश भाग जलेको छ । उनी अहिले बोल्न सक्छिन् । गिरीको भने हात र खुट्टामा चोट लागेको छ । उनी अस्पतालबाट डिस्चार्ज भएका छन् ।

घटनालगत्तै प्रहरी पुगेकाले घाइतेको तत्काल उद्धार हुन सकेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी पवन भट्टराईले बताए । 'अनामनगरस्थित एक स्टुडियोमा आत्मदाहको प्रयास भएको सूचना प्राप्त हुनासाथ प्रहरी घटनास्थल पुग्यो । प्रहरीले घाइते अवस्थामा दुईजना फेला पाऱ्यो । उनीहरूलाई उपचारका लागि तत्काल कीर्तिपुरस्थित अस्पताल लगियो । पौडेल गम्भीर घाइते छिन् । उनी हल्का बोल्न सक्छिन् । गिरीको भने हात र खुट्टामा चोट लागेको छ,' उनले भने ।

प्रहरीका अनुसार पौडल शनिबार दिउँसो अनामनगरस्थित गिरीको स्टुडियो पुगेकी थिइन् । सोही क्रममा दुई पक्षबिच विवाद भएको थियो । विवादपछि उत्तेजनामा आएकी पौडेलले शरीरमा पेट्रोल खन्याएर आगो लगाएकी छिन् । निभाउने क्रममा गिरीको घाइते भएका थिए । पौडेल र गिरी केही समययता प्रेममा थिए ।

सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-६ का ३३ वर्षीय गिरीले अनामनगरमा यम तिलक नामको स्टुडियो सञ्चालन गर्दै आएका थिए । ३२ वर्षीय पौडेल भने सोही स्टुडियोमा काम गर्थिन् । पौडेलले गीत गाउनुका साथै विभिन्न नाटकमा अभिनय पनि गर्दै आएकी छिन् ।

आन्दोलनमा भवनमा आगजनी भएपछि सुदूरपश्चिम प्रदेश सभा बैठक अनिश्चित

धनगढीमा **तेजराज भट्ट**



जेन-जी आन्दोलनका क्रममा भएको आगजनी र तोडफोडले सुदूरपश्चिम प्रदेश सभा भवन तहसनहस भएपछि प्रदेश सभा बैठक सञ्चालन अनिश्चित बनेको छ । आगजनीबाट खण्डहर बनेको प्रदेश सभा भवनमा प्रदेश सभा बैठक बस्न सक्ने अवस्था छैन ।

सांसदले जनताका आवाज उठाउने र कानुन निर्माण गर्ने थलो संसद् कहिले र कहाँ सञ्चालन गर्ने भन्ने अन्योल छ । सामान्यतया दर्सै-तिहारको बिचमा प्रदेश सभा बैठक बस्दैन । तर, तिहारपछि पनि बैठक सञ्चालन हुने अवस्था नरहेको प्रदेश सभा सचिवालयले जनाएको छ । क्षतिग्रस्त प्रदेश सभा भवन र अन्य संरचना मर्मत र व्यवस्थापनको काम अझै सुरु भएको छैन ।

सभामुख भीमबहादुर भण्डारीले क्षतिग्रस्त संरचनाको मर्मत र व्यवस्थापन भइनसकेको तथा बैठक सञ्चालनका लागि अन्य ठाउँमा पनि विकल्प नदेखिएकाले प्रदेश सभा बैठकको टुंगो नरहेको बताए । संरचना मर्मत र आवश्यक सामग्री व्यवस्थापनका लागि छलफल भइरहेको उनको भनाइ छ । प्रदेश सभाको बैठक सञ्चालन हुने बैठक कक्षका टेबुल, कुर्सी, कम्प्युटर, ल्यापटप, डिजिटल क्यामरा, भिडियो क्यामरा, फोटोकपी मेसिन प्रिन्टर, एसीलगायत सामान जलेर नष्ट भएका छन् । हल खण्डहर बनेको छ ।

आन्दोलनकारीले प्रदेश सभा सचिवालय, विषयगत समितिका कार्यालयहरू, प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलका कार्यालयहरू पनि आगजनी गरेका थिए । सचिवालयका अनुसार प्रदेश सभाका ६ वटा चारपांग्रे गाडी र पाँच मोटरसाइकलमा आगजनीबाट नष्ट भएका छन् । करिब १२ करोडको भौतिक क्षति भएको सचिवालयले जनाएको छ । सभामुख, उपसभामुख, विषयगत समितिका सभापति, प्रतिपक्षी दलका नेता र उपसचिवले चढ्ने गाडी तथा सदस्यहरू सामूहिक अनुगमनमा जाँदा चढ्ने एउटा हाइस जलाइएको सचिवालयका सूचना अधिकारी युवराज जैसीले बताए ।

गत ५ भदौमा प्रदेश सभा बैठक बसेको थियो । सूचना अधिकारी जैसीका अनुसार प्रदेश सभामा अहिले चारवटा विधेयक विचाराधीन रहेका छन् । प्रदेश सभाको अधिवेशन अन्त्य भएको छैन । प्रदेश सभा सचिवालयका सचिव देवबहादुर बोगटीले भवन मर्मत र आवश्यक प्राविधिक सामग्री व्यवस्थापनका लागि स्रोतको समस्या रहेको बताए । उनका अनुसार प्रदेश सभा बैठक कक्षको मर्मत, टेबुल, कुर्सी, माइकलगायत सामग्री व्यवस्थापनमा मात्र कम्तीमा ५० लाख खर्च लाग्ने आकलन गरिएको छ ।

'केही दातृ निकायसँग पनि कुरा गरेका थियौं, तर स्रोत जुटेको छैन,' उनले भने, 'सरकारले पनि मर्मत र व्यवस्थापनबारे केही भनेको छैन । प्रदेश सभा मात्र होइन, धेरै सरकारी संरचना मर्मत गर्नुपर्नेछ ।' उनले अन्य ठाउँमा बैठक सञ्चालनको विकल्प पनि नदेखिएकाले तत्काल बैठक बस्ने अवस्था नरहेको बताए । 'संसद् बैठक अन्य मिटिङ बसेजस्तो होइन, मर्यादाअनुसार टेबुल, कुर्सी व्यवस्थापन, साउन्ड सिस्टमलगायत प्राविधिक कुराहरूको व्यवस्थापन हुनुपर्छ,' सचिव बोगटीले भने ।

सिंहदरबार : क्रान्तिले नबगाएको मोहनशमशेरको मोह

प्रजातन्त्रका लागि लडेका भन्नेहरूले नै सिंहदरबारलाई लोभ र भ्रष्टाचारको अड्डा बनाउने राणाहरूको भूमिकालाई निरन्तरता दिनु दुर्भाग्य हो



● प्रमिला सुविद्वस्

अग्रलेख

राजशाहीमाथिको आक्रोश आगोको लप्का बनी जलेपछि सिंहदरबार अहिले हरियो पछ्यौरीमा छोपिएको छ। तर, सिंहदरबारमाथिको दया र आक्रोश निरन्तर देखिइरहेको छ। जनतालाई पनि सिंहदरबार जलेकोमा आक्रोश छ, नेतालाई पनि सिंहदरबार गुमेकामा आक्रोश छ। सिंहदरबार यस्तो तिलस्मी भवन हो, जसले वैभव प्राप्त गरेको छ, त्यसविपरीत आक्रोश र घृणा पनि उत्तिकै प्राप्त गरेको छ। यो भोग गर्नेले सजाउने र नगर्नेले सराप्ने भवन बन्यो। यो दरबार निर्माण र यसको वैभवको कथा छ्यापछ्याप्ती पाइन्छन्, तर प्रजातन्त्र आएपछि सिंहदरबारमाथिको मोहको सुरुवातको कथा गणेशमान सिंहले मात्रै सुनाएका छन्।

२००७ सालमा दिल्लीमा राणा, राजा र नेपाली कांग्रेसले एउटा सम्झौता गरे। राजालाई अरू खोपीमा बस्नुपर्ने भयो। जेल गएका, अनशन बसेका, बन्दुक हातमा लिएका र ज्यान गुमाएकाहरूले नेपालमा प्रजातन्त्र आएको सुने। जनताको प्रतिनिधि भएको सरकार बन्ने भयो। देशमा यति धेरै उत्साह थियो, बिपी कोइरालाका (आत्मवृत्तान्त) अनुसार काठमाडौंमा त्यत्रो भिड पहिलोपटक देखिएको थियो। एयरपोर्टमा राजाको स्वागत गर्न पुगेका जनता देशबाट राणाको शासन हटेकोमा प्रफुल्लित थिए। जनतासँगै राणाप्रधानमन्त्री पनि राजाको स्वागत गर्न एयरपोर्ट पुगे। त्यो दिन आममान्छेले सोच्यो, राणाहरू गए, जनताका दिन आए।

नेहरूले दिल्लीमा राणालाई सत्तामा साझेदारी गर्न त मनाएका थिए, तर सत्तामाथिको हैकम त्याग्न सिकाउन सकेनछन्। जनता र राजा त्रिभुवन नै झस्केर गरी मोहनशमशेरले शपथ ग्रहणकै दिन आफ्नो रवाफ देखाए।

नारायणहिटीमा राखिएको राणा-कांग्रेसको संयुक्त सरकारको शपथग्रहण गर्न जाँदा मोहनशमशेर बिजुली गारतको फौज लिएर पुगे। गणेशमान सिंहले सुनाएको शपथग्रहणका दिन बिजुली गारतको उपस्थितिले राणाहरूले पुनः सत्ता हत्याउँछन् कि भन्ने भय त्रिभुवनमा देखिन्थ्यो। उनी पसिना-पसिना नै भएका थिए।

त्यही दिन अर्को घटना पनि भयो। यो मन्त्रिपरिषद्मा कांग्रेस र राजाले राणालाई प्रधानमन्त्री मानेरै क्रान्तिमा 'कम्प्रमाइज' गरिसकेकै थिए। सुरुमै बिपी र राणाबिच एउटा विषयमा विवाद पऱ्यो। त्यो थियो, 'पोर्टफोलियो'माथिको विवाद। सम्झौता हुँदा राणाबाट प्रधानमन्त्री रहने र कांग्रेसले दोस्रो वरीयता पाउने तय भएको थियो। नारायणहिटीमा शपथग्रहण गर्न जाँदा कांग्रेसका मन्त्रीहरू त्यही मनस्थितिमा पुगेका थिए। तर, त्यहाँ लफडा गर्न निस्किए, बबरशमशेर।

समझदारीअनुसार बिपीको वरीयता दोस्रो थियो। तर, सिंहदरबारमा हुर्किएका र मोहनशमशेरपछि प्रधानमन्त्री बन्ने लाइनमा रहेका बबरशमशेरलाई बिपीपछाडि शपथ खाएर आफू अपमानित हुन मन लागेन। बिपीले उमेरको मान राखेर त्यो पनि मानिदिए।

नेपालको त्यत्रो क्रान्तिको उपलब्धि चारजना कांग्रेसलाई मन्त्री पद थियो। क्रान्तिले जनताको मागको सम्बोधनको खाका वा तयारी गर्नु परको कुरा थियो। ती मन्त्रीहरू बस्ने घरसम्म थिएन, मन्त्रालय राख्ने भवन थिएन। बिपी कोइरालाले शपथग्रहणपछिको पहिलो चुनौती नै घर खोज्ने भएको बताएका छन्। नेपालको क्रान्तिपछिको गृह मन्त्रालयले नागरिकको प्रतिनिधित्व गरेर गेस्ट हाउसबाट शासन चलायो। गणेशमान सिंहको घर थियो तर साँघुरो। उनले आफूले छिँडीबाट मन्त्रालय चलाएको बताएका छन्। अफिस नभएकाले त्यसबेला उद्योग र वाणिज्य मन्त्रालयमा काम गर्ने सरदार भीमबहादुर पाँडे लामो समय छुट्टीमै बसे। शासन चलाउने स्थान नै नहुँदा शासकको ध्यान जनतामाथि कसरी जान सक्थ्यो र! पहिलो मन्त्रिपरिषद्को बैठकले खास निर्णय गरेन, मन्त्रालयको व्यवस्था गर्न एउटा प्रस्ताव गऱ्यो। त्यो प्रस्ताव सिंहदरबार खाली गर्ने थियो।

राणाहरूले दर्जनौं दरबार बनाएका थिए। राणातर्फका मन्त्री बस्ने घर भवन थिएन, दरबारहरू नै थिए। जनताका मन्त्री र राणाका मन्त्रीमै वर्गीय भिन्नता थियो। सिंहदरबार मात्रै यस्तो दरबार थियो, जहाँबाट दशकौं शासन चलाइएको थियो र नेपाल सरकारले चन्द्रशमशेरबाट किनेको थियो। पुरुषोत्तमशमशेर जबराका अनुसार झन्डै पचास लाखमा निर्माण गरिएको अनुमान भएको भवनलाई चन्द्रशमशेरले त्यो जमनामा दुई करोडमा नेपाल सरकारलाई बेचेका थिए। चन्द्रशमशेरलाई राख्ने भवन बनाउन नेपाल सरकारको संकटकालीन ढुकुटीमा जम्मा भएको रकम निकालिएको थियो। नेपाल सरकारले यो भवन किन्दै आममानिसको हिस्साको रगत र पसिनाको मूल्य खोसिएको थियो। नेपाल सरकारले दरबार किनेको तथ्य र क्रान्तिले राणाहरूलाई अस्वीकार गरेको सत्य पूरै बेवास्ता गर्दै मोहनशमशेरले भवन नछाड्ने जिद्दी लिए।



राणाशासन अन्त्यको ७५ वर्ष पूरा हुँदै छ, जनताको दुःख अन्त्य भएको छैन। ऊवेला कलिला किशोर फासीमा चढ्ने अवस्था थियो, अहिले पनि कलिला जेन-जीहरू फेरि गोली खान सडकमा निस्किरहेकै छन्।

उनले बरु कसरी आफूले जनतामाथि गुन लगाएको भनेर सुनाउन थाले। देशमा प्रजातन्त्र ल्याउन आफूले ठुलो संघर्ष गरेर भाइ-भतिजालाई मनाएको सुनाए। 'म प्रजातन्त्रका लागि बाधक बन्दिनँ भनेर सबै कुरा मानेँ। अब तपाईंहरू मलाई नै मेरो घरबाट निकाल्ने ?' उनले प्रतिप्रश्न गरे।

'तपाईंको महाराजगञ्जमा त्यत्रो दरबार छ, त्यसले पुग्दैन ?' बिपीले सोधे।

'यो घरसँग मेरा बुबा (चन्द्रशमशेर) को 'सेन्टिमेन्ट' गाँसिएको छ, त्यसैले म छाड्न सक्दिनँ।'

> दर्जनौंको ज्यान र सयौंको अंगभंगपछि बनेको यो सरकारको शासन अहिले चन्द्रशमशेरको त्यही 'सेन्टिमेन्ट'बाट सय मिटर पनि पर छैन। योसँग पनि चुनाव गराउने चुनौती छ। लोभबाट जोगाउने जिम्मेवारी छ।

मोहन शम्शेरले जिद्दी गरे- बुबाले स्वर्गे हुने वेलामा यो एउटा सिंहदरबार तिमीहरूले कसैगरी नछाड्नू, यसलाई मैले बडो मिहिनेतसाथ बनाएको हुँ। जसरी भए पनि सुरक्षित राख्नू भनिबक्सेको थियो। बिपी त्यसपछि केही बोलेननू। सरकारी भवनमाथि मोहनशमशेरको कब्जा जारी रह्यो। मन्त्रालयको व्यवस्थाको जिम्मा मन्त्रीहरूकै भयो। उनीहरूले घरबाटै शासन चलाए। पछि भरतशमशेरको पक्राउपछिको गोर्खादल काण्डमा त्रिपुरेश्वरको त्यही गेस्ट हाउसमा बिपीलाई मार्ने प्रयास भएको थियो।

त्यो काण्डपछि मोहनशमशेरले सिंहदरबारलाई लेनदेनको अस्त्र बनाए।

राजीनामा दिन ठिक्क पारिएका उनलाई भारतको प्रेममा थाती राख्न लगाइयो। भारतीय राजदूत सिपिएन सिन्हाले राजीनामा पर सार्न बहाना दिए। सिंहदरबार छाड्न लक्ष्मी निवास सफा गर्न केही समय दिनुहोस्। मोहनशमशेरले सिंहदरबार छाडे, प्रधानमन्त्री पद छाडेनन्। बिजुली गारत नारायणहिटी सारियो। अनि बल्ल सिंहदरबारमा जनताका प्रतिनिधिका शासन चल्न सुरु भयो।

गणेशमानले त्यसपछिको परिस्थितिलाई यसरी वर्णन गरेका छन् :

कांग्रेसको प्रजातन्त्र आयो भन्ने जुन धाकधक्कु लगाउने त्यसलाई झुलबाहिर लामखुट्टे भुनभुनाएको जस्तो हो भन्थे। देशको शासनधिकारको सर्वोच्च शक्ति प्रयोग गर्ने सिंहदरबारबाट राणा प्रधानमन्त्री मोहनशमशेरलाई निकालेर जनताको उन्नति र प्रगतिका लागि काम गर्ने सरकारका मन्त्रालय स्थापना भएको देखेपछि सर्वसाधारणले राणाशासन पक्कै गएको रहेछ भन्ने पहिलोपटक अनुभव गरे।

सिंहदरबारलाई लोभ र भ्रष्टाचारको अड्डा बनाउन राणाहरूको ठुलो भूमिका थियो। त्यसलाई निरन्तरता प्रजातन्त्रका लागि लडेका भन्नेहरूले नै दिए, त्यो सबैभन्दा बढी दुर्भाग्य हो। देश राजाका बाहरूले बनाएका थिए त्यसैले शासन कुशासन सब गर्ने अधिकार उनीहरूसँग थियो। तर, जनताबाट जनताले चुनेर जनताका लागि सिंहदरबार पुगेकाहरूले मोहनशमशेरको भूतलाई आफूमाथि हाबी भइरहन दिए।

बिपी र गणेशमान सम्मिलित त्यो सरकारलाई संविधानसभाको चुनाव गर्ने म्यान्डेट थियो, जुन पूरा भएन। हरेक वर्ष प्रधानमन्त्री फेरिइरहे। आन्दोलन गरेर सत्तामा गएकाहरू फेरिए। भारतको शरणमा परेर खोपीबाहिर निस्किएका राजा फेरिए, जनताको अवस्था फेरिएन।

राणाशासन अन्त्यको ७५ वर्ष पूरा हुँदै छ, जनताको दुःख अन्त्य भएको छैन। ऊवेला कलिला किशोर फासीमा चढ्ने अवस्था थियो, अहिले पनि कलिलाहरू फेरि गोली खान सडकमा निस्किरहेकै छन्।

मोहनशमशेरले सत्य बोलेका थिए, सिंहदरबारमा चन्द्रशमशेरको सेन्टिमेन्ट जोडिएको छ। दर्जनौंको ज्यान र सयौंको अंगभंगपछि बनेको यो सरकारको शासन अहिले त्यही चन्द्रशमशेरको सेन्टिमेन्टबाट सय मिटर पनि पर छैन। योसँग पनि चुनाव गराउने चुनौती छ। लोभबाट जोगाउने जिम्मेवारी छ।

सत्तामा विद्रोहमार्फत पुग्ने जोकोहीले त्यो विद्रोहको हिसाब दिनुपर्छ। अहिलेका लागि चुनाव गराएर सत्ता सुम्पिनु त्यो हिसाबको सानो अंश हो। जलेका भवनमाथिको न्याय जोकोहीको दोषीमाथि कारबाही गर्नु हो। जसरी जेन-जी पुस्ता नेपोबेबी भन्दै आक्रोशित हुन्थ्यो, त्यसैगरी अब जेन-जी लिडरका नाममा आक्रोशित हुने दिन नओओस्, जसको छिटपुट दृश्य देखिन थालेका छन्, ती बढेर यो देशको अर्को श्राप नबनोस्।

---

३ प्रश्न

राजनीतिक विश्लेषक **झलक सुवेदी**लाई



आफूले एमालेको नेतृत्व नछाड्ने अध्यक्ष केपी ओलीको अडानलाई कसरी हेर्नुभएको छ ?

ओलीले पार्टी नेतृत्व नछाड्ने दाबी गर्न नमिल्ने भन्ने होइन। एमालेको अध्यक्ष कसलाई बनाउने या कसलाई अध्यक्षबाट हटाउने भन्ने निर्णय एमालेका सार्वभौम पार्टी सदस्यले गर्ने हो। म नेतृत्वबाट हट्दिनँ भन्न पाइन्छ। त्यसलाई पार्टी सदस्य या महाधिवेशन प्रतिनिधिको बहुमतबाट सिद्ध भने गर्न सक्नुपर्छ। तर, यसो भन्दै गर्दा त्यसबाट भविष्यमा उत्पन्न हुने परिणाम र त्यसको प्रभावको सामना भने सम्बन्धित व्यक्ति स्वयंले नै गर्नुपर्ने हुन्छ।

उपसभापतिलाई कार्यवाहक दिने कांग्रेस सभापति शेरबहादुर देउवाको निर्णयले कस्तो राजनीतिक अर्थ राख्छ ?

कांग्रेस सभापति देउवाको यस कदमले कांग्रेसमा 'लिबरल डेमोक्रेटिक भ्यालु' बाँकी नै रहेछ भन्ने सन्देश दिएको छ। यसले समग्र राजनीतिमा सकारात्मक सन्देश प्रवाह गरेको छ। सभापति देउवाले आफूविरुद्धको आक्रोश, घृणा या निराशालाई समयमै बुझ्न सकेको देखिन्छ। सकारात्मक नैतिक राजनीतिको खडेरी पर्दै गएको पछिल्लो समयमा यसले थोरै भए पनि आशा जगाएको छ।

पुराना दलका नेतृत्वलाई सच्चिन किन यति सकस परेको होला ?

दलहरूको नेतृत्व सच्चिनुपऱ्यो भनेको त हामीले न हो। सच्चिने कि नसच्चिने भन्ने त सम्बन्धित व्यक्तिले सोच्नुपर्ने विषय हो, हामीले भनेर हुने होइन। भन्न त हामीले पनि भन्यौं। मानिसहरूले पनि भने। युवाले सडकमा उत्रिएरै भने। तर, सच्चिनुपर्ने भनिएका व्यक्तिलाई आफूले गल्ती गरेको महसुस नै नभएपछि सच्चिनु जरुरी ठानिने कुरै भएन। व्यक्तिको अहम् र सत्ताको लालसाले उनीहरूलाई भुइँतहमा भइरहेको परिवर्तनको चाहनालाई बुझ्न र त्यसलाई अनुभव या आत्मसात् गर्न दिँदैन। त्यसैको समष्टिगत परिणाम हो यो।

प्रेरक प्रसंग

दुर्योधनलाई स्वर्ग

१८ दिनपछि महाभारतको युद्ध समाप्त भयो। सम्पूर्ण कौरव सेना र योद्धा युद्धमा मारिइसकेका थिए। पाण्डवले पनि केही समय शासन सञ्चालन गरेपछि उनीहरू स्वर्गतर्फको यात्राका लागि सबै भाइ हिमालय पुगे। त्यहाँ पुग्दानपुग्दै द्रौपदीसहित सबै भाइ ढले। पत्नी र भाइहरू ढलेपछि युधिष्ठिर मात्र एक्लै स्वर्ग गए।

युधिष्ठिर जीवितै स्वर्ग गएका थिए। त्यहाँ उनले स्वर्ग र नरक दुवै देखे। उनले स्वर्गमा प्रवेश गर्नासाथ त्यहाँ आरामसाथ बसिरहेका दुर्योधनलाई देखे। उनले आफ्ना भाइलाई पनि भेटे। बाटामा भाइहरू ढल्दै गर्दा पनि प्रश्न गरिरहने भीमले यहाँ पनि दाजु युधिष्ठिरसित प्रश्न गरे- दाजु, यो दुष्ट दुर्योधनले जीवनभर अनीतिको पक्ष लियो। यसले जीवनमा दुराचारसिवाय केही गरेन। उसले जीवनमा स्वर्ग प्राप्त गर्ने एउटै पुण्य कर्म गरेको थिएन। तैपनि, उसले स्वर्ग कसरी प्राप्त गऱ्यो ? के ईश्वरको न्यायमा पनि पक्षपात हुन्छ हो ?



युधिष्ठिरले भने- त्यस्तो होइन भीम, ईश्वरीय विधानअनुसार प्रत्येक पुण्यको परिणाम अत्यन्त थोरै नै भए पनि उसले स्वर्ग प्राप्त गर्छ। सबै दुर्गुण हुँदाहुँदै पनि दुर्योधनमा एउटा सद्गुण थियो, जसको प्रसादस्वरूप उसलाई स्वर्गमा स्थान प्राप्त भयो।

भीमले सोधे- दुर्योधनमा त्यस्तो कुन सद्गुण थियो, जसका कारण उसलाई स्वर्गमा स्थान प्राप्त भयो ? युधिष्ठिरले जवाफ दिए- ऊ आफ्नो लक्ष्य प्राप्त गर्नका लागि जहिल्यै तन्मयतासाथ जुटिरह्यो। आफ्ना खराब संस्कारका कारण उसले जीवनलाई सही दिशा दिन नसके पनि उसको मार्ग भने सही थियो। ध्येयप्रति एकनिष्ठ रहनु पनि निकै ठुलो सद्गुण हो। यस सद्गुणको पुण्यको परिणामस्वरूप केही समयका लागि उसलाई स्वर्गमा स्थान प्राप्त हुनु निश्चित थियो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कस्तो जिम्मेवारी हो यो ?



महाधिवेशनबाट पुनः अध्यक्ष हुने ओली सन्देश

एमालेको आगामी मार्गचित्र : चुनावतिर नजाने, संसद् पुनर्स्थापनाको माग लिएर सरकारविरुद्ध आन्दोलनमा उत्रिने

■ कांग्रेस पदाधिकारीबिच विवाद

केन्द्रीय समितिमा पेस हुन सकेन महामन्त्री थापाको महाधिवेशनसम्बन्धी प्रस्ताव

एमाले अध्यक्ष ओलीले आफूले निकै महत्त्वपूर्ण जिम्मेवारी काँधमा बोकेर ल्याएको र त्यसलाई पूरा नगरी अध्यक्षबाट विश्राम नलिने उद्घोष गरेको समाचार पढियो। तर, उनलाई त्यस्तो गहन जिम्मेवारी कसले दिएछ ? के रहेछ त्यो जिम्मेवारी ? उनीबाट अझै यो देश र एमाले नामको पार्टीले पाउन बाँकी 'योगदान' योभन्दा बढी के नै रहेछ हँ ?

● **सरस्वती नेपाली**, सामाखुसी, काठमाडौं

होइन, ओलीलाई कसले के जिम्मेवारी दिएको छ ? त्यो पनि भन्नुपऱ्यो नि ! हावा तालमा जिम्मेवारी, जिम्मेवारी भनेर हुन्छ ?

● **भाइ कर्मांचार्य**

ए बा ! देशमा यत्रो विध्वंस हुँदै छ भन्ने कुरो पत्तो नपाउनु तपाईंको ठुलो असफलता हो। देश तपाईंबाट होइन, भगवान् भरोसामा चलेको रहेछ। सुहाउजस्ता जेन-जीलाई ल्याउनुस् र अध्यक्ष बनाउनुस्। तपाईं सूचनालाई चुस्तदुरुस्त पार्न के गर्नुपर्छ, पढ्नुस् र सल्लाह दिनुस्। यति गर्नुभयो भने तपाईंको जीवन सफल हुनेछ, तपाईंको पार्टीले तपाईंको घर पुनः बनाइदेओस्।

● **रञ्जिता श्रेष्ठ**

नेपाल र एमाले अझै ओलीको मात्र हो र ? के तपाईंको शेषपछि सकिएला र नेपाल ? काजीविना कारोबार (देस र पार्टी) रहँदैन र ? यो त फ्रान्सका लुई चौधौंको रबैया भएन र ? विपक्षी, बाह्य शक्ति र पार्टीभित्र नै विश्वास गुमाइसकेपछि अब के बाँकी छ जिम्मेवारी ? आजसम्म राम्रा-नराम्रा गरेका कामको मूल्यांकन इतिहासले गर्छ। अब देशको नेतृत्व पाउने सम्भावना छैन। आफ्नो इतिहास र पार्टीमा कलंक लगाउने थप प्रयास नगर्नुहोस्।

● **तीर्थराज ढकाल**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

प्रतिशोधको राजनीति नगरौं

एमाले अध्यक्ष केपी ओलीको दम्भ केका लागि ? उनकै कारण देशमा खर्बौंका भौतिक संरचना जलेर नष्ट भए। उनकै हठका कारण ७४ जना नेपालीले ज्यान गुमाउनुपऱ्यो। त्यतिबेला आफू प्रधानमन्त्री भएपछि उनले नैतिकताका आधारमा जिम्मा लिनुपर्दैन ? अब उनले मबाहेक पार्टीमा विकल्प छैन भनेर दम्भ देखाउनु बेकार हो। उनले युवा पुस्तालाई अघि सार्नुपर्छ। यसैमा उनको पार्टी र देशकोसमेत भलो लुकेको छ।

देशमा विद्रोह किन भयो ? दलका शीर्ष नेतालाई हेक्का होला। अहिले गठन भएको सरकारले जेन-जीका नाउँमा अराजक गतिविधि गर्नेलाई करबाही गर्नुपर्छ। विधिको शासन र कानुनी राजको प्रत्याभूति दिलाउनुपर्छ। नेताहरूकै कारण देशको राजनीतिले लय समात्न सकेको छैन। जसका कारण देशमा अनेक घटना घटेका छन्। राजनीतिलाई सही दिशा दिन सकेको भए आज जेन-जी विद्रोह जन्मने नै थिएन। जेन-जी विद्रोहपछि प्रहरी पूर्ण रूपमा असफल साबित भएको छ। माओवादी युद्धकालमा भन्दा बढी प्रहरीको मनोबल गिरेको छ। यस्तो अवस्थामा सरकार गम्भीरतापूर्वक अघि बढ्नुपर्छ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

राजनीतिक छनोटका कारण अझै विश्वमा भोकमरी छ

भोकमरी असमानताप्रति आँखा चिम्लिने र अझ त्यसलाई प्रवर्द्धन गर्ने सरकारको निर्णय र असमान आर्थिक प्रणालीले निम्त्याएको परिणाम हो



देश / विदेश

● लुइज इनासियो लुला दा सिल्भा

लुला ब्राजिलका राष्ट्रपति हुन्।

भोकमरी न त मानवजातिको प्राकृतिक अवस्था हो, न त पन्छाउनै नसकिने त्रासदी। यो त असमानताप्रति आँखा चिम्लिने र अझ त्यसलाई प्रवर्द्धन गर्ने सरकारको निर्णय र असमान आर्थिक प्रणालीले निम्त्याएको परिणाम हो। यस्तो विश्व व्यवस्थाले आज विश्वका ६७ करोड ३० लाख मानिसलाई पर्याप्त खानबाट वञ्चित बनाएको छ। जबकि, यही व्यवस्थाले झन्डै तीन हजार अर्बपतिको विशेषाधिकार प्राप्त समूहलाई विश्वको 'कुल गार्हस्थ उत्पादन (जिडिपी)' को योगको १४.६ प्रतिशत हिस्सा ओगट्न सक्षम बनाएको छ।

एकातिर करोडौं मानिस भोकभौकै सुत्न बाध्य हुँदा सैन्य खर्चमा ठुलो वृद्धि भइरहेको छ। जस्तो, सन् २०२४ मा विश्वका सम्पन्न राष्ट्रहरूले शीतयुद्धको अन्त्यपछिकै ठुलो वृद्धि गरेसँगै सैन्य खर्च २.७ ट्रिलियन डलर पुगेको छ। जबकि उनीहरूले त्यस अवधिमा गरिब देशको विकासमा तिनको जिडिपीको ०.७ प्रशित लगानी गर्ने भन्ने आफ्नै प्रवर्द्धन पूरा गर्न असफल भए।

दोस्रो विश्वयुद्धको अन्त्यपछि भोकमरीको समस्या सम्बोधन गर्न भन्दै संयुक्त राष्ट्र संघको 'खाद्य तथा कृषि संगठन (एफएओ)' गठन भएको थियो। ८० वर्षअघि गठन भएको संगठन मात्र आजका चुनौतीलाई सम्बोधन गर्न पर्याप्त छैन। अब विश्वव्यापी शासन संयन्त्रमा सुधार नगरी सुख छैन। यसका लागि हामीले बहुपक्षीयतालाई सुदृढ पार्नुपर्छ। दिगो विकास प्रवर्द्धन गर्ने गरी लगानी सिर्जना गर्नुपर्छ। त्यस्तै हरेक राज्यसँग भोकमरी र गरिबीसँग लड्न सुसंगत सार्वजनिक नीति लागू गर्ने क्षमता भएको सुनिश्चित गर्नुपर्छ।

अब सार्वजनिक बजेटमा गरिबहरूको विषय नछुट्ने र कर आधारमा धनीहरू नछुट्ने अवस्था सुनिश्चित गर्न आवश्यक छ। यसका लागि कर न्याय र अति धनाढ्यमाथि अतिरिक्त कर लगाउन आवश्यक छ। यो विषयलाई हामीले नोभेम्बर २०२४ मा ब्राजिलमा आयोजित जी-२० शिखर सम्मेलनको अन्तिम घोषणामा पहिलोपटक समावेश गर्न सफल भयौं। यो आफैंमा एक प्रतीकात्मक तर ऐतिहासिक परिवर्तन हो। यसलाई हामी आफ्नो देशमा लागू गर्दै छौं भने यो अभ्यास विश्वभर लागू होस् भन्ने पक्षमा पनि वकालत गर्छौं।

यसै परिप्रेक्ष्यमा ब्राजिलको संसद्ले करमा उलेख्य सुधार समेटिएको कानुन पारित गर्न लागेको छ। कानुन पारित भएपछि देशमा पहिलोपटक अति धनाढ्य व्यक्तिहरूको आयमा न्यूनतम कर लाग्नेछ भने लाखौं न्यून आय भएकाहरूलाई भने आयकर तिर्नबाट छुट दिइनेछ। यो उपलब्धि हासिल गर्न धेरै मोर्चामा समन्वित कदम उठाइएको भने बिर्सिनुहुँदैन। जस्तो, ब्राजिलमा हामीले राष्ट्रिय आय हस्तान्तरण कार्यक्रमलाई सुदृढ र विस्तार गरेका छौं, जुन अहिले दुई करोड घरपरिवारसम्म पुग्छ। आठ वर्ष र सोभन्दा कम उमेरका ८५ लाख बालबालिका यस कार्यक्रमबाट लाभान्वित भएका छन्।

हामीले सार्वजनिक विद्यालयमा निःशुल्क खानाका लागि कोष बढाएका छौं, जुन कार्यक्रमबाट चार करोड विद्यार्थी लाभान्वित भएका छन्। सार्वजनिक खाद्य खरिदमार्फत हामीले सानो आकारका परिवार भएका किसानका लागि



आय सुरक्षित गरेका छौं भने साँच्चै आवश्यक पर्नेहरूलाई निःशुल्क, पौष्टिक खाना प्रदान गर्दै छौं। त्यसअतिरिक्त, हामीले न्यून आय भएका घरपरिवारलाई खाना पकाउने ग्यास र बिजुलीको निःशुल्क आपूर्ति विस्तार गरेका छौं। यसले गर्दा परिवारको बजेट खाद्य सुरक्षालाई बलियो बनाउने दिशामा प्रयोग गर्न सम्भव हुन्छ।

तथापि, यीमध्ये कुनै पनि नीति तिनलाई भरथेग गर्ने आर्थिक वातावरणविना दिगो हुन सक्दैन। रोजगारी र आम्दानी बढेपछि वास्तविक रूपमा भोकमरी हट्छ।

त्यसैले, हामीले ज्याला वृद्धिलाई प्राथमिकता दिने आर्थिक नीति अपनाएका छौं। यसले गर्दा ब्राजिलमा अहिलेसम्मकै सबैभन्दा न्यून बेरोजगारी दर रेकर्ड भएको छ। त्यस्तै, प्रतिघरपरिवार आय असमानताको हिसाबमा यहाँ सबैभन्दा न्यून असमता रेकर्ड गरिएको छ।

ब्राजिलले आफ्नो सम्पूर्ण जनसंख्याका लागि पूर्ण खाद्य सुरक्षा दिलाउने दिशामा अझै लामो बाटो तय गर्न बाँकी छ। तर, हालसम्मको कामका नतिजाले पुष्टि गर्छन् कि राज्यले उपयुक्त कदममार्फत वास्तवमै भोकमरीको प्रकोपलाई सम्बोधन गर्न सक्छ। तथापि, हाम्रा पहलहरू विश्वव्यापी प्राथमिकतामा ठोस परिवर्तनमाथि समेत निर्भर छन्। त्यसअन्तर्गत युद्धमा भन्दा विकासमा लगानी बढाउने कुरा दशकौंदेखि चल्दै आएको साँघुरो आर्थिक नीतिमार्फत धन थोरै व्यक्तिका हातमा अति केन्द्रीकरण गर्ने अवस्था त्यागेर असमानताविरुद्धको लडाइँलाई प्राथमिकता दिने कुरा, जलवायु परिवर्तनको चुनौतीको सामना गर्ने र यी सबमा आममानिसलाई केन्द्रमा राख्ने कुरा पर्छन्।

अर्को महिना अमेजन क्षेत्रमा कोप-३० आयोजना गरेर हामी ब्राजिलियनले जलवायु परिवर्तन र भोकमरीविरुद्धको लडाइँ सँगसँगै जानुपर्छ भनेर देखाउन खोज्दै छौं। ब्राजिलको उत्तरमा अवस्थित बेलेम सहरबाट भोकमरी, गरिबी र जलवायुसम्बन्धी घोषणापत्र जारी गर्ने लक्ष्यका साथ हामी काम गरिरहेका छौं। त्यसले जलवायु परिवर्तनको गहिरो असमान प्रभाव र विश्वका केही भाग भोकमरी बढाउने यसको भूमिकालाई स्वीकार गर्छ। विगतमा हामी मानवले नै आफ्नै जातिविरुद्ध भोकमरीको विष सिर्जना गऱ्यौं, अब यसको औषधि बनाउने वेला आएको छ र हामी यसमा सक्षम पनि छौं।

अल जजिराबाट

ठुला नेतामाथि छानबिन सुरु भइसक्यो, तत्कालीन ऊर्जामन्त्री भागिसके, अरू भाग्न खोज्दै छन्



● ओमप्रकाश अर्याल, गृहमन्त्री

जेन-जी आन्दोलनपछि देशको शान्ति सुरक्षाको अवस्था अझै सामान्य हुन सकेको छैन। एकातर्फ आन्दोलनमा दमन गर्नेमाथि कारबाही गर्नुपर्ने युवाको माग छ भने अर्कोतर्फ आन्दोलनका नाममा अपराधमा संलग्नमाथि कारबाहीको दबाब सरकारमाथि छ। यस्तो अवस्थामा गृह मन्त्रालय कसरी अघि बढिरहेको छ ? चुनावी सरकारका गृहमन्त्री ओमप्रकाश अर्यालसँग नयाँ पत्रिका लागि ***नवराज मैनाली****ले गरेको कुराकानी :*

तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

६ महिनाभित्र चुनाव गराउने म्यान्डेटसहित यो सरकार बनेको एक महिना भइसक्यो, सरकारले चुनावको वातावरण बनाउन नसकेको टिप्पणी भइरहेको छ नि ?

यो सरकारको म्यान्डेट भनेको अहिलेको स्थिति सामान्यीकरण गर्नु हो। धेरै ठुलो विद्रोह र विध्वंसपछि यो सरकार बनेको हो। समाजमा जुन किसिमको ध्वंसको बिउ रोपिएको थियो, त्यही किसिमको द्वन्द्व र हिंसा नदोहोरिने कुराको सुनिश्चितता पहिलो प्राथमिकता हो।

त्यसमा सरकारले प्रयास लगाएको छ। हामीले यति धेरै स्टेकहोल्डरसँग यसबिच संवाद गर्‍यौं। खासगरी जेन-जी पुस्ताका साथीसँग संवाद भयो। मृतकको शवको व्यवस्थापनदेखि दाहसंस्कारसम्म अनि घाइतेको उपचारको हामीले व्यवस्थापन गर्‍यौं। मृतकका परिवार, घाइते तथा आन्दोलनकारीको अपेक्षा तथा उहाँहरूको आक्रोशलाई सम्बोधन गर्नुपर्ने थियो। त्यसमा हामीले धेरै समय खर्चिएर प्रयत्न गरेका छौं। एक महिनामा कुनै राजनीतिक हिंसा त भएन नि। राजनीतिक हिंसा हुन नदिनु नै ठुलो काम हो।

द्वन्द्व दोहोऱ्याउँछु भनेर कुनै समूहले भने पनि अब हुँदैन। केही-केही एलिमेन्ट्सचाहिँ अहिले पनि लागेका छन्। हामी उनीहरूबारे सतर्क छौं। अहिले हिंसा भड्काउन को प्रयासरत छ, त्यो एलिमेन्टहरूलाई हामीले डिटेक्ट गरेर बसेका छौं। अहिले डिटेक्सन र प्रिभेन्सन गर्छौं। तर, त्योभन्दा अगाडि बढ्न खोजे भने हामी नियन्त्रण पनि गर्छौं।

शान्ति सुरक्षाको अवस्था सामान्य बनाउँदै चुनावको तयारीमा अघि बढिसकेका छौं। चुनावको वातावरण बनाउन सुरुमा त जेन-जी पुस्ताका भाइबहिनीको मतदाता नामावलीमा नामै थिएन। हामीले कानुन संशोधन गरेर भए पनि फेरि मतदाता नामावली अध्यावधिक गर्ने व्यवस्था गर्‍यौं। नियुक्त भएको भोलिपल्टै मैले प्रमुख निर्वाचन आयुक्तलाई आमन्त्रण गरेर काम थालेको हो। विदेशमा रहेकालाई पनि भोट हाल्न दिनुपर्छ भनेर आउट अफ कन्ट्री भोटिङको व्यवस्था गर्न पहल लिएँ। त्यसको कानुन निर्माण गर्ने काम पनि तत्काल अघि बढाइसकेका छौं।



कानुनको मस्यौदा निर्वाचन आयोग र कानुन मन्त्रालयलाई पठाइसकेका छौं। निर्वाचनको गति अघि बढिसकेको छ।

निवर्तमान प्रधानमन्त्री केपी ओलीलगायतले सरकार चुनाव नगराउने उद्देश्यसहित धरपकडको प्रयासमा रहेको आरोप लगाइरहनुभएको छ। सरकारले यस्तै गरिरहेको हो ?

उहाँमा सैतानी प्रवृत्ति छ, खालि भड्काउने मात्र। उहाँको विगत पनि त्यस्तै छ। आजसम्म पनि उहाँ सुध्रिनुभएको छैन। कुशासनविरुद्धमा उर्लेको जनसागर र विद्रोहले उहाँलाई अपदस्त गरेको हो। जेन-जी पुस्ताले हटाएको हो। त्यो पनि उहाँले बोध गर्नुभएन। उल्टो आन्दोलनकारीलाई आतंककारीजस्तो व्यवहार गर्ने उहाँको दिमाग सैतानी छ। त्यो प्रवृत्तिविरुद्ध सरकारले निगरानी गरिरहन्छ। जसको दिमागमै सैतानको वास छ, उसले आफूबाहेक सबैलाई बेठिक भन्छ। उहाँ अवस्था भड्काउन मात्र लाग्नुभएको सबैले बुझिसकेका छन्।

चुनावका लागि सरकारले दलहरूसँग छलफल गरेर जुन किसिमको पहल लिनुपर्ने थियो, त्यो देखिएन भन्ने टिप्पणी पनि सुनिन्छ नि ?

उहाँहरूको अपेक्षा नै गलत छ। पहल त निर्वाचन आयोगले लिने हो। निर्वाचन आयोगसँगको काम डे वानदेखि सुरु गरेको छु। म आएँ भदौ ३० मा, भोलिपल्ट नै हामी पहिलो बैठक बस्यौं, प्रमुख निर्वाचन आयुक्तसँग। त्यसपछि कतिवटा बैठक बसियो, सेमिनार भयो, कानुन संशोधन गरिएको छ। स्रोत साधन के के दिने भन्ने छलफल भइसकेको छ। सुरक्षाकर्मी कति चाहिने हो, के-के संयन्त्र बन्नुपर्ने हो, गृह मन्त्रालयअन्तर्गत बन्नुपर्ने संयन्त्र बनिसकेको छ। सुरक्षाको प्रत्याभूति दिँदै छौं। केपी ओलीले मात्र सुरक्षा भड्काउने र

> अहिले हामीले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई पूर्ण रूपमा सक्रिय बनाइरहेका छौं। अब यहाँ ठुल्ठुला नेताका बारेमा छानबिन सुरु भइरहेको कुरा आइसकेको छ। कसैको भागाभागसमेत भएको छ। तत्कालीन ऊर्जामन्त्री भागिसके। अरू पनि भाग्न खोज्दै छन्। उनीहरूलाई भाग्नबाट रोक्नेसम्बन्धी प्रावधान छन् कि भनेर हामी अध्ययन गरिरहेका छौं।

नेसनल सेक्युरिटीमा क्राइसिस ल्याउने काम गर्नुभएको छ। अरू सबै चुनावकै तयारीमा हुनुहुन्छ जस्तो लाग्छ।

५ हजारभन्दा धेरै कैदीबन्दी बाहिर छन्, ठुलो संख्यामा सुरक्षा निकायको हतियार लुटिएको छ, यस्तो अवस्थामा चुनाव सम्भव छ ?

यसमा हामी केन्द्रित भएर लागेका छौं। हामीले पटक-पटक हतियार फिर्ता गर्न आह्वान गर्‍यौं। तर, उल्लेखनीय रूपमा फिर्ता भएन। हामी अब कडा कारबाहीमा जान्छौं। अबचाहिँ कानुनी कारबाही हुन्छ। त्यसको छुट्टै अप्रेसन हुन्छ। सरकार यसबिचमा ती हतियारको दुरूपयोग नहोस्, त्यसबाट थप अपराध नहोस् भनेर सर्बिलेन्स बढाइराखेको छ।

राष्ट्रिय अनुसन्धान विभागदेखि नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल आर्मी सबैअन्तर्गत सूचना संकलन गर्ने विश्लेषण गर्ने निकाय छन्। ती सबै परिचालित गरेर हामी त्यसलाई नियन्त्रणमा लिन्छौं।

आन्दोलनमा दमन गरेको भन्दै तत्कालीन प्रधानमन्त्री तथा गृहमन्त्रीविरुद्ध जाहेरी पऱ्यो। त्यसमा के हुँदै छ ? तपाईंले जाहेरी दर्ता गर्न पत्राचार गर्नुभयो, तर प्रहरीले मानेन भन्ने विषय बाहिर आयो, वास्तविकता के हो ?

यो मिडियाले बनाएको भाष्य हो। जाहेरीको कानुनी प्रक्रिया जे हो, यससम्बन्धी निर्णय लिने राज्यका निकायले निर्णय लिने हो। गृह मन्त्रालयले जाहेरी दर्ता गर-नगर भन्ने होइन। गृह मन्त्रालयले त स्वतन्त्रतापूर्वक काम गर्ने वातावरण दिन्छ। मुलुकी अपराध संहिता र फौजदारी कार्यविधि संहिताले तोकेको कुरा गृहमन्त्रीले प्रयोग गर्छ र ? त्यो त्यहाँको प्रहरी र सरकारी वकिलले गर्नुपऱ्यो।

निवर्तमान प्रधानमन्त्रीलगायतलाई पक्राउ गरी अनुसन्धान गर्न तपाईंले पत्र पठाएर हस्तक्षेप गर्न खोजेको आरोप पनि लागेको छ नि ?

त्यो कुन पत्र हो बाहिर ल्याउन सक्नुपऱ्यो ? शतप्रतिशत झुटो तथ्य खडा गरेर गलत भाष्य सिर्जना गरियो। त्यसलाई सम्बोधन गर्न मलाई फुर्सद छैन। म आफ्नो काममा छु। प्रहरीको मोराल बढाउने काममा छु। पत्रकारलगायत सम्पूर्ण देशवासीको सुरक्षा बढाउने काममा म केन्द्रित छु।

जाहेरी त प्रहरीले दर्ता नगरी रोकेर राखेको छ नि ?

त्यो त जसले अहिले रोकेर राख्नुभएको छ, उहाँहरूले जवाफ दिनुपऱ्यो। ऐन भनेको त संसद्को आदेश होला नि। संसद्ले आदेश दिएको छ। जिल्ला परिसर, प्रहरी परिसरले के गर्ने ? जिल्ला सरकारी वकिल कार्यालयले के गर्ने ? त्यहाँ लेखेको होला नि त। लेखेको कुरामा डिसिजन नदिईकन बस्न पाइन्छ कि पाइँदैन ? डिसिजन लिँदा कस्तो लिनुपर्छ ? लिएको डिसिजन कानुनसम्मत छ-छैन भनेर उजुरबाजुर गर्ने निकाय कुन हो ? न्यायलय हो कि अरू संयन्त्र हो ? कानुनी प्रक्रिया अवरुद्ध भएको छ भने मैले औंल्याइदिने मात्र हो।

आन्दोलनमा कतिपय लुटपाटलगायत आपराधिक गतिविधि पनि भए। आन्दोलनकारी र अपराधी छुट्याउन सकस भइरहेको हो ?

अहिले नेसनल सेक्युरिटी क्राइसिसको अवस्थाबाट हामी नर्मलाइजेसनमा गएका छौं। आजको दिन हेरेर भएन, २३ र २४ गतेको अवस्था हेर्नुपऱ्यो नि ! त्यो अवस्था थप लम्बिएको भए के हुन्थ्यो ? केपी ओलीले अघिल्लो दिन राजीनामा दिएको भए सायद यस्तो हुँदैनथ्यो। त्यो त उहाँको लापरबाही हो नि। यो त क्रिमिनल नेग्लिजेन्स हो नि। उहाँले अघिलो दिनदेखि भड्काइरहनुभएको थियो। उहाँले सुरक्षा संयन्त्रले दिएको सुझाव मानिरहनुभएको थिएन।

तर, असोज ९ गतेको गृहको विज्ञप्तिले आन्दोलनमा भएका अपराधका घटनाको अनुसन्धान गर्न नखोजेको हो कि भन्ने संशय देखिन्छ नि ?

जाँचबुझ आयोगको काम त छानबिन गर्ने हो नि। छानबिन भन्नु र अनुसन्धान भन्नु त फरक होला नि। अपराधको अनुसन्धान हुन्छ, घटनाको छानबिन हुन्छ। अपराधको अनुसन्धान गर्ने कुरा र जाँचबुझ अथवा छानबिन गर्ने कुरा अलग-अलग हो। आयोगले जाँचबुझ र छानबिन गरिरहेको छ। अब फौजदारी न्यायसम्बन्धी अनुसन्धान र अभियोजन गर्ने संयन्त्रहरूले आफ्नो ढंगले काम गर्छन्।

आन्दोलनको आडमा आपराधिक गतिविधिमा संलग्नमाथिको कारबाहीले तीव्रता नपाउँदा शान्ति सुरक्षाको विषयमा आमनागरिक र व्यवसायी ढुक्क हुन सकेका छैनन्। सुरक्षा सुदृढीकरणका लागि के हुँदै छ ?

अहिले प्रहरीको सेट छैन, गाडी छैन, पोस्ट छैन, प्रहरीको मनोबल खस्केको छ। प्रहरीप्रति आक्रोश थियो। अब नागरिक र प्रहरीको सहकार्य सुरु भएको छ। प्रहरीले विश्वास प्राप्त गरिसकेको छ। अब कारबाहीको प्रक्रिया अघि बढाउने हो ।

व्यवसायीको गुनासोचाहिँ हाम्रा सम्पत्ति जलाउनेको प्रमाण प्रहरीमा बुझाएका छौं, तर पनि अनुसन्धान अघि बढाएन भन्ने छ नि ?

प्रहरीले आफ्नो शक्तिअनुसार गर्छ नि। एकैचोटि लाखौं विषयमा काम गर्न सक्छ र ? व्यवसायीलाई सबै बिजेनस एकैपटक ल्याएर गर भन्दा सक्नुहुन्न नि। प्रहरीले अनुसन्धान गरिरहेको छ। योजनाबद्ध रूपमा लुटपाट र आगजनी गर्नेहरू कारबाहीको भागिदार बन्नैपर्छ। महत्त्वपूर्ण संरचनादेखि पुरातात्त्विक संरचना र देशका धरोहर नष्ट गरेको विषय पनि क्षम्य होला र ? हुँदैन नि।

भनेपछि आन्दोलनमा दमन गर्ने र आन्दोलनको आडमा विध्वंस गर्ने दुवै पक्ष कानुनी कारबाहीमा पर्छन् ?

अवश्य। गम्भीर अपराधमा कसैलाई पनि छुट हुँदैन। शान्ति सम्झौतादेखि अहिलेसम्म यही बहस भएको छ। गम्भीर अपराध क्षम्य हुँदैन। त्यसलाई क्रिमिनलाइजेसन गर्ने एउटा प्रक्रिया होला। गम्भीरबाहेक अरू विषयवस्तु कसरी सल्टाउने भन्ने कुरामा छलफल हुन सक्ला।

जेन-जी आन्दोलनको मुख्य माग भ्रष्टाचार नियन्त्रण र सुशासन थियो। यसमा सरकारले के गर्दै छ ?

सुशासनसम्बन्धमा हामीले महत्त्वपूर्ण काम थालिसकेका छौं। अर्थ मन्त्रालयअन्तर्गत धेरै निर्णय देखिसक्नुभएको छ। हाम्रा अग्रज र एकदमै स्मार्ट अर्थमन्त्री रामेश्वर खनाल हुनुहुन्छ। उहाँले त धेरै काम गर्नुभएको छ। विकास निर्माणसम्बन्धी, खास गरेर क्षति भएका संरचनालाई सेवा सुचारु गर्ने तहको बनाउनुपऱ्यो। त्यसलाई अपग्रेड गर्दै लानुपऱ्यो। यो सम्बन्धमा कुलमान घिसिङ सरले रफ्तारमा काम गरिरहनुभएको छ।

गृह मन्त्रालयमातहतका धेरै काम भएका छन्। सेवा सुचारु गर्न नेपाल प्रहरीलाई नागरिकको धेरै ठुलो सहयोग मिलेको छ। आन्दोलनमा नेपाल प्रहरीलाई नै बढी क्षति भयो। तर, अहिले आमनागरिक सबभन्दा बढी नेपाल प्रहरीसँग मिलेको छ। नेपाल प्रहरीका विस्थापित अफिसहरू, पुनर्निर्माण, मर्मतसम्भार गर्नलाई नागरिक स्तरबाट सहयोग भएको छ। सेवा सुचारु भइसकेको छ। यसअघि फन्दुस मान्छे देशको प्रधानमन्त्री हुनुहुन्थ्यो। गफाडी हुनुहुन्थ्यो। सुरक्षा अंगका कुरा नसुन्ने, सुझाव नमान्ने, स्थितिलाई भड्काउने सैतानको मति भएको मान्छे देशको प्रधानमन्त्री हुनुहुन्थ्यो। जसले गर्दा सुरक्षा अंगहरू, ब्युरोक्रेसी र आमनागरिकले उहाँलाई अभिभावकको रूपमा देख्न सकेका थिएनन्। अभिभावक नै सैतान भएपछि जनताको विद्रोहले सुशीला कार्कीको सरकार बनेको हो। सबैको अभिभावकको रूपमा यो सरकारले काम गरिरहेको छ।

भ्रष्टाचार छानबिनका लागि छुट्टै आयोग वा कुनै संयन्त्र बनाउने चर्चा पनि थियो नि ?

पहिला भइरहेका राज्यका संयन्त्रबाट काम गर्ने हो। भइरहेका संयन्त्रहरू जब प्रभावकारी देखिँदैनन्, त्यो बिन्दुबाट अर्को संयन्त्र सुरु हुन्छ। त्यो हामीले नजिकबाट हेरेका छौं। अहिले हामीले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई पूर्ण रूपमा सक्रिय बनाइरहेका छौं। अब यहाँ ठुल्ठुला नेताका बारेमा छानबिन सुरु भइरहेको कुरा आइसकेको छ। कसैको भागाभागसमेत भएको छ। तत्कालीन ऊर्जामन्त्री भागिसके। अरू पनि भाग्न खोज्दै छन्। उनीहरूलाई भाग्नबाट रोक्नेसम्बन्धी प्रावधान छन् कि भनेर हामी अध्ययन गरिरहेका छौं। प्रारम्भिक अवस्थामा अनुसन्धान गर्न केही अप्ठ्यारो छैन। खासगरी सम्पत्ति शुद्धीकरणले सम्पत्तिको वृस्तित विवरण हेर्ने हो। त्यो विवरण हेरेपछि बयानका क्रममा उहाँहरूलाई ल्याउनुपर्ने हुन्छ, हाजिर गराउनुपर्ने हुन्छ। अनि मुद्दा पेश गर्दा उहाँहरूलाई पक्राउ गरेर सँगसँगै लैजाने कुरा हुन्छ।

गृह मन्त्रालयअन्तर्गत वित्तीय तथा संगठित अपराध हेर्न केन्द्रीय अनुसन्धान ब्युरो छ। सिआइबीमा हामीले सक्षम, वरिष्ठ प्रहरी अधिकारी, सबैले जाने बुझेकै मान्छेलाई लगिदिएका छौं। उहाँले स्वतन्त्र रूपमा काम गरिरहनुभएको छ। नेपाल प्रहरीका अरू संयन्त्रलाई पनि हामीले उत्तिकै महत्त्व दिएका छौं।

अख्तियार एउटा स्वतन्त्र संवैधानिक संस्था हो। त्यसलाई नेपाल सरकारले पूर्ण सहयोग गरेको छ अहिले। काम गर्ने वातावरण दिइएको छ उहाँहरूलाई। उहाँहरूले काम पनि गरिरहनुभएको छ। केही कमजोरी भए सच्चिने नेपाल सरकार अपेक्षा गर्छ। हामीले हस्तक्षेप गर्न मिल्ने संस्था होइन त्यो।

प्रहरी अहिले अलि कमजोर अवस्थामा देखिन्छ, स्रोतसाधन छैन, मनोबल खस्किएको छ, यस्तो अवस्थामा प्रहरीले चुनाव गराउन सक्ला ?

सरकार प्रहरीको सुदृढीकरणमा लागेको छ। प्रहरीको मनोबल बढाउने काम गरिरहेका छौं। प्रहरीलाई नोकर-चाकरजस्तो बनाएर राखिएका कारण मनोबल खस्केको रहेछ।

प्रहरीलाई त योभन्दा अगाडिका गृहमन्त्रीले नचाउने, स्वार्थ समूहले पनि नचाउने, प्रधानमन्त्रीले हेपेर बाबु भनिदिने रहेछन्। अघिल्ला प्रधानमन्त्री केपी ओलीले आईजिपीलाई बाबु भन्दा रहेछन्। सेनापतिलाई कसरी सम्बोधन गर्नुभयो उहाँले ? अरूलाई के गर्नुभयो ? अहिले पनि गृहमन्त्रीलाई बाबु भन्दै हुनुहुन्छ। उहाँको दिमागमा जुन सैतान छ नि, त्यसले गर्दा प्रहरीमा मनोबल कमजोर भएको थियो। अहिले त्यस्तो अवस्था छैन। हामीले न सरुवामा हस्तक्षेप गरेका छौं, न बढुवामा हस्तक्षेप गरेका छौं। मापदण्डविपरीत नेताका सुरक्षामा खटिएका सुरक्षाकर्मी सबै फिर्ता गरेका छौं। सुरक्षाकर्मीलाई उनीहरूले भान्से बनाइएका थिए। घरको सहयोगी बनाएका थिए। भाँडा मजाएका थिए। पिएसओ लगेर ड्राइभर बनाएका थिए। ड्राइभर त आफूले राख्ने होला नि ! अब यसरी चल्दैन।

भनेपछि प्रहरीमा पनि रिभोलुसन सुरु भयो ?

यो रिभोलुसन हो नि, यो त एकदमै सुझबुझपूर्ण रिभोलुसन हो। रिभोलुसन भनेको सबै भताभुंगा र अराजकता भनेको होइन, रिभोलुसन भनेको अझै सुदृढ हुनु हो। ०१२ सालमा स्थापना भएको प्रहरी राजनीतिक हस्तक्षेपले थलिएको थियो। तर, अहिले पूर्णरूपमा दबाबमुक्त भएर काम गरिरहेको छ।

सुरक्षा निकायका सुधारका लागि के गर्दै हुनुहुन्छ ?

धेरै क्षेत्रमा काम भइरहेका छन्। नेपाल प्रहरीको रासन भत्तामै विभेद र अन्याय रहेछ। सबैभन्दा बढी खट्ने नेपाल प्रहरी छ। गालीगलोज उसैलाई गरेको छ, मारेको छ उसैलाई। तर, उसको हेर्नुस् त, न पोसाक राम्रो छ, न हतियार राम्रो छ। उसलाई गैरघातक हतियारको अभाव छ। ट्रेनिङ राम्रोसँग दिइएको छैन। न इक्विपमेन्ट छ, न ट्रेनिङ छ। न अरू सुविधा छ। खान पाएको छैन। यो कुरा अहिलेको गृहमन्त्रीले हेरिरहेको छ। नेपाल प्रहरी र सशस्त्र प्रहरीको कुनै पनि फाइल एकछिन पनि रोकिँदैन। एनआइडीलाई पनि हामी सुदृढकरण गर्दै छौं। उसलाई प्रधानमन्त्री कार्यालयभित्र लगेर बेवारिसे छाडेको रहेछ। अब गृह मन्त्रालयमातहत आएपछि एनआइडी पनि सुदृढ हुँदै छ।

गृह प्रशासनमा सुधारका काम के हुँदै छन् ?

गृह प्रशासनलाई अहिले हस्तक्षेप गरिएको छैन। एउटा सक्षम सचिव हुनुहुन्छ। उहाँले आफ्नो टिम बनाउँदै हुनुहुन्छ। अब गलत छनोट भयो, गलत काम भयो भने म निगरानी गर्छु। म प्रत्येक व्यक्तिलाई हस्तक्षेप गर्नेवाला छैन। उहाँहरूको काम हेरेर सुदृढीकरणका लागि पहल गर्ने हो। उहाँहरूले गलत टिम बनाउनुभयो, उहाँहरूले रोजेका मान्छे गलत परे भने उहाँहरू नै जवाफदेही हुनुहुन्छ। म कुनै पनि काममा प्रत्यक्ष रूपमा 'डे टु डे' हस्तक्षेप गर्दिनँ। कसैप्रति आग्रह-पूर्वाग्रह राख्नुपर्ने के छ र ? यो क्रान्तिपछिको सरकारलाई म नयाँ ढंगले सहयोग गर्छु। क्रान्ति गर्ने पनि उहाँहरूकै छोराछोरी हो फेरि।

तपाईं अधिवक्ता हुँदा अदालतमा रिट हालेर गिरिबन्धु जग्गाको हिनामिना प्रक्रिया रोक्नुभएको थियो, अहिले आफैं सरकारमा हुनुहुन्छ। यसमा के गर्दै हुनुहुन्छ ?

धेरैले पहिलाको गृहमन्त्रीले जस्तो स्टन्टबाज गर्छ भनेर सोचेका होलान्, म त्यस्तो गर्दिनँ। म स्टन्ट गर्न आएको पनि होइन। गिरिबन्धु जग्गाको विषयमा तथ्यपरक उजुरी आयो भने म तत्काले यसलाई अघि बढाउँछु। सिआइबीमा पठाउँछु। अख्तियारमा जाऊ भन्छु।

विगतमा राजनीतिक दबाबका आधारमा अनुसन्धान रोकिएका विषय पनि अगाडि बढ्छन् भन्दै आउनुभएको छ, कुन-कुन अघि बढे ?

बढिसक्यो। कृष्णबहादुर महराको केस अदालत पुगिसक्यो ? अब नक्कली भुटानी शरणार्थीको मुद्दा अघि बढ्ला। किर्ते काम गरेर अर्बौंको औषधी ल्याउनेहरूको केस वर्षौंदेखि रोकिएको रहेछ, त्यो पनि अघि बढिसक्यो। बागलुङका मेयर देवकुमार नेपालीको अर्बौंको सम्पत्ति शुद्धीकरणको मुद्दा तत्कालीन महान्यायाधिवक्ता र केपी ओलीजीले रोक्नुभएको रहेछ। त्योसहित रोकिएका धेरै फाइल अघि बढेका छन्।

एक महिनापछि पनि सरकारले पूर्णता पाउन सकेको छैन, मन्त्रिपरिषद् विस्तारमा ढिलाइ किन भएको हो ?

यसमा सावधानी अपनाउँदै अगाडि बढेका छौं। हामीले मन्त्रिपरिषद् समावेशी बनाउनु छ। सक्षम मान्छे पनि ल्याउनु छ। यसले गर्दा केही ढिला भएको हो। जेन-जी पुस्ताको पनि सहमति लिनुपर्ने अवस्था छ। अब छिट्टै पूर्णता पाउँछ।

पछिल्लो मन्त्रिपरिषद् बैठकले ११ देशका राजदूत फिर्ता बोलायो, व्यक्ति हेरेर फिर्ता बोलाउने काम किन भयो ?

भागबन्डा गरेर भ्रष्टाचार गर्न गएका मान्छेलाई कहाँ राख्नुहुन्छ ? त्यहाँ गएर पनि भ्रष्टाचार गरिराखेका थिए कतिपयले। त्यो पहिचान भइसकेपछि राख्नुभएन नि। देशको इज्जत बचाउन राजदूत फिर्ता गरिएको हो। भागबन्डाबाट राजदूतमा भएकाहरूले असुली गरिरहेका छन्। यिनीहरू सरकारप्रति उत्तरदायी छैनन्। जसले नियुक्ति गरे, तिनै रिजेक्टेड मान्छेहरूसँग सहकार्य गरेका छन्। तिनलाई मात्र तानेको हो। राजनीतिक आग्रहका आधारमा ब्ल्यांकेट एप्रोचबाट निर्णय गरिएको होइन। कांग्रेसका मान्छे अझै राजदूत हुनुहुन्छ। भारतमा शंकर शर्मा, दक्षिण अफ्रिमा कपिल श्रेष्ठ, अस्ट्रेलियामा चित्रलेखा यादव यथावत् हुनुहुन्छ। एमालेबाटै जानुभएका शिवमाया तुम्बाहाम्फे र सुम्नीमा तुलाधर त्यहीं हुनुहुन्छ। श्रीलंकामा पूर्ण नेपाली यथावत् हुनुहुन्छ। हामीले गलत तत्त्वलाई मात्रै फिर्ता बोलाएका हौं। अब परराष्ट्रका सक्षम कर्मचारीले राजदूतावास हेन्डल गर्छन् र पहिलाभन्दा राम्रो काम गर्छन्।

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार २ कात्तिक ०८२

संक्षेप

सिंगापुरका राष्ट्रपतिसँग अर्थमन्त्री खनालको भेट



काठमाडौं/ अर्थमन्त्री रामेश्वरप्रसाद खनालले शनिबार सिंगापुरका राष्ट्रपति थार्मान सनमुगारात्नमसँग भेटवार्ता गरेका छन् । भेटमा राष्ट्रपति थार्मानले देशको तीव्र आर्थिक विकासका मानव पुँजी, पूर्वाधार, ऊर्जा, व्यापार र खुलापनमा लगानी केन्द्रित गर्न अर्थमन्त्रीलाई सुझाव दिएका छन् । अर्थमन्त्री खनालले सरकारले युवाको चाहनाअनुरूप सुशासन कायम गरी आर्थिक विकासमा केन्द्रित हुने लक्ष्यका साथ काम गरिरहेको बताएका हुन् ।

विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषको वार्षिक बैठकमा भाग लिन अमेरिकाको वासिङटन डिसीमा रहेका अर्थमन्त्री खनालले अन्तर्राष्ट्रिय वित्त निगमका उपाध्यक्षसहितका अधिकारीहरूसँग समेत छलफल गरेका छन् ।

चौथो दिनसम्म पुष्प मेलामा एक करोड तीन लाखको कारोबार

काठमाडौं/ फ्लोरिकल्चर एसोसिएसन नेपालको आयोजनामा जावलाखेलमा जारी प्रदर्शनीमा शनिबारसम्म ३४ हजार आठ सयभन्दा बढीले अवलोकन गरेका छन् । २९ असोजबाट सुरु भएको चार दिनमा एक करोड तीन लाखभन्दा बढीको कारोबार भएको एसोसिएसनले जनाएको छ । आइतबारसम्म चल्ने मेलामा ४० हजारभन्दा बढीले अवलोकन गर्ने तथा एक करोड ३० लाखभन्दा बढीको व्यावसायिक कारोबार हुने आयोजकको अनुमान छ ।

देशभर ५२ जिल्लामा करिब दुई सय ७० हेक्टरमा पुष्पखेती हुँदै आइरहेको छ । हाल एक हजार दुई सय ३५ भन्दा बढी व्यवसायी यस क्षेत्रमा संलग्न छन् । करिब ५३ हजारभन्दा बढी जनशक्ति प्रत्यक्ष-अप्रत्यक्ष रूपमा रोजगारमा छन् ।

धर्मशाला-चौतारा खण्डको साढे ६ सय मिटर सडक कालोपत्रे

धनकुटा/ धनकुटाको पाख्वीवास नगरपालिका- ३, सिंहदेवी चोकदेखि मुगाखोला-उत्तरपानी हुँदै धर्मशाला-मन्सी-चौतारा खण्डको साढे ६ सय मिटर सडक कालोपत्रे भएको छ । एक करोड ५० लाख रुपैयाँको लागतमा उक्त सडक कालोपत्रे भएको हो । कालोपत्रे सडकको पूर्वखानेपानीमन्त्री राजेन्द्रकुमार राईले उद्घाटन गरे । साइमन जेभी धनकुटाले ठेक्का पाएको सो सडक निर्माणका लागि चालू आवमा तीन करोड ५४ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । कुल १४ किलोमिटर सडकमध्ये सिंहदेवी चोकदेखि कोसेपानसम्म ६ सय ५० मिटर सडक कालोपत्रे गरी सम्पन्न गरिएको पाख्वीवास नगरपालिका-३ का वडाध्यक्ष सरोज राईले बताए ।

आगामी आर्थिक वर्षभित्र सम्पूर्ण सडक कालोपत्रे सम्पन्न गर्ने योजना रहेको सो सडक कालोपत्रे भएसँगै पाख्वीवास नगरपालिकाको ३, ९ र १० नम्बर वडाका वडावासी लाभान्वित हुने वडाध्यक्ष राईले बताए । उनले भने, 'सडक स्तरोन्नतिका लागि अघिल्लो आवमा एक करोड २५ लाख र गत आवमा दुई करोड ५० लाख बजेट विनियोजन भएको थियो । उक्त दुई करोड ५० लाखमध्ये एक करोड ५० लाखले सडक कालोपत्रे गरिएको छ ।

■ बिजुलीको बक्यौता तिर्ने म्याद आज सकिँदै

रकम तिर्न ३१ उद्योगको अझै अटेरी

बक्यौता तिर्न अहिलेसम्म नौ उद्योग आए, तीमध्ये तीन उद्योगले तिरे पहिलो किस्ता

२८ किस्ताको सुविधा बढाउन ऊर्जामन्त्री कुलमान घिसिङ सकारात्मक, तर आइतबार पहिलो किस्ता बुझाउनुपर्ने सर्त



विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवाल भन्छन्-

उद्योगीलाई दिएको म्याद आइतबार सकिँदै छ । आइतबार अधिकांश उद्योगहरू बक्यौता तिर्न आउँछन् भन्नेमा आशावादी छु, बक्यौता नतिर्ने उद्योगलाई के गर्ने भन्ने विषयमा मन्त्रालयसँग छलफल गरेर निर्णय लिनेछु । विगतमा यस घटनामा कारबाही गर्दा सरकारले अवरोध गर्‍यो । तर, यसपालि सरकारले साथ-सहयोग गरेको छ । तसर्थ, काम गर्न पनि सहज भएको छ ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

डेडिकेटेड तथा ट्रंकलाइनबाट बिजुलीको प्रिमियम महसुल तिर्न विद्युत् प्राधिकरणले दिएको म्याद आइतबार सकिँदै छ । तर, ३१ उद्योगले बक्यौता तिर्न अझै अटेरी गरिरहेका छन् । उद्योगीहरूले बक्यौता तिर्नुको सट्टा राजनीतिक लबिङ गरिरहेका छन् । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङकै निर्देशनअनुसार प्राधिकरणले २८ महिनाको किस्तामा बक्यौता तिर्न उद्योगीलाई दिएको म्याद आइतबार सकिने भएको हो ।

सिमेन्ट उद्योग संघले बिहीबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङलाई भेटेर बक्यौता तिर्ने म्याद थप थपिनुपर्ने, बक्यौतामा जोडिएको २५ प्रतिशत जरिवाना छुट दिनुपर्ने तथा किस्ताको अवधि बढाउनुपर्ने माग अघि सारेका थिए । स्रोतका अनुसार मन्त्री घिसिङ पहिलो दुवै मागमा सकारात्मक भएनन् । उद्योगीहरूको किस्ता बढाउनुपर्ने मागको विषयमा भने उनी सकारात्मक देखिएका छन् । तर, आइतबारभित्र २८ किस्ताकै हिसाबमा पहिलो किस्ता तिर्नुपर्ने उनको सर्त छ ।

उनले तत्काल म्याद थप गर्न नसकिने भएकाले आइतबारभित्रै बक्यौताको पहिलो किस्ता तिर्न उद्योगीलाई आग्रह गरे । यस्तै, महालेखाले नै देखाएको बक्यौतामा जरिवाना छुट गर्ने अधिकार आफूसँग नभएको उनको भनाइ थियो ।

'मन्त्रीज्यूले २८ किस्ताकै हिसाबअनुसार पहिलो किस्ता तिर्न भन्नुभएको छ । त्यससँगै किस्ताको सुविधा बढाउन निवेदन दिन भन्नुभएको छ । प्राप्त निवेदनका आधारमा किस्ताको सुविधा बढाउने आश्वासन दिनुभएको छ,' स्रोतले भन्यो, 'त्यसरी किस्ता सुविधा बढाइएमा अहिलेसम्म भुक्तानी भएको किस्तालाई पनि आगामी दिनमा तिर्नुपर्ने किस्तामा समायोजन गर्न सकिने भन्नुभएको छ ।'

प्राधिकरणले बिल उपलब्ध गराएको ६०औं दिनसम्म महसुल नतिरे २५ प्रतिशत थप दस्तुर लाग्छ । त्यो अवधिमा बक्यौता नतिरे ग्राहकको लाइन काट्ने व्यवस्था छ । बिल जारी भएको ६०औं दिनसम्म पनि बक्यौता नतिरेपछि प्राधिकरणले २५ प्रतिशत जरिवाना थप गरेको छ, यो जरिवाना छुट गर्नुपर्ने उद्योगीको माग हो ।

■ नौ उद्योग आए बक्यौता किस्ता तिर्न

प्राधिकरणले अल्टिमेटमपछि नौ उद्योगले किस्ता तिर्न सुरु गरेका छन् । त्यसमा तीनवटा उद्योग पहिलोपटक बक्यौता तिर्न आएका हुन् । बाँकी ६ उद्योग भने यसअघि नै किस्ता छाडेका उद्योग हुन् । प्राधिकरणका अनुसार बाराको सिमरामा सञ्चालित हुलास स्टिल, अशोक स्टिल र हामा आइरन एन्ड स्टिल इन्डस्ट्रिजले बक्यौता तिर्न सुरु गरेका हुन् । उनीहरूले शुक्रबार पहिलो किस्ता तिरेका छन् ।

०७२ माघदेखि ०७५ वैशाखसम्मको १४ करोड १२ लाख रुपैयाँ बक्यौता रहेको हुलास स्टिलले २८ मासिक किस्तामा तिर्ने गरी शुक्रबार पहिलो किस्ताबापत ५० लाख ४३ हजार बुझाएको छ । यसैगरी, १७ करोड ५८ लाख रुपैयाँ बक्यौता रहेको सिमराकै अशोक स्टिलले शुक्रबार पहिलो किस्ताबापत ६३ लाख रुपैयाँ बुझाएको छ । यस्तै, पाँच करोड ८५ लाख बक्यौता रहेको हामा आइरन एन्ड स्टिल इन्डस्ट्रिजले पहिलो किस्ताबापत २० लाख ९० हजार रुपैयाँ बुझाएको छ ।



यीबाहेक यसअघि नै किस्ता तिरेर छाडेकामध्ये ६ उद्योग पुनः बक्यौता तिर्न आएका छन् । त्यसमा लक्ष्मी स्टिल, सर्वोत्तम सिमेन्ट, सम्राट सिमेन्ट, रोल्पा सिमेन्ट र नवनेपाल प्लास्टिक इन्डस्ट्रिज छन् ।

लक्ष्मी स्टिलले शुक्रबार ८४ लाख ९८ हजार बुझाएको छ । लक्ष्मी स्टिलको २३ करोड ७१ लाख रुपैयाँ कुल बक्यौता थियो । यसअघि किस्ता बुझाई बिचमा छाडेको सर्वोत्तम सिमेन्टले पनि ४० लाख बुझाएको छ । सर्वोत्तम सिमेन्टको ११ करोड ९६ लाख रुपैयाँ बक्यौता थियो ।

सम्राट सिमेन्टले पनि तीन किस्ताको ४० लाख ४७ हजार रुपैयाँ तिरेको छ । तीन करोड ७७ लाख बक्यौता रहेको उक्त उद्योगले १३ लाख ४९ हजार रुपैयाँ एक मासिक किस्ता हुने गरी २८ किस्तामा बुझाउने स्वीकृति प्राधिकरणबाट लिएको थियो । उद्योगले चार किस्ता बुझाएपछि गत वैशाखबाट किस्ता बुझाउन छाडेको थियो । उद्योगले एकैपल्ट तीन किस्ताको ४० लाख ४७ हजार रुपैयाँ बुझाएपछि जेठसम्मको किस्ता चुक्ता भएको छ । असोजसम्मको बाँकी चार किस्ताको ५३ लाख ९६ हजार रुपैयाँ बुझाउन पुनः पत्राचार गरिएको छ ।

यसैगरी, रोल्पा सिमेन्टको ९९ लाख १२ हजार बक्यौता रकमलाई प्रतिकिस्ता तीन लाख ५४ हजार मासिक किस्ता हुने गरी २८ किस्तामा बुझाउने स्वीकृति प्राधिकरणबाट लिएको थियो । ६ किस्ता तिरेपछि उद्योगले तिर्न छाडेको थियो । उद्योगले पाँच किस्ताको १७ लाख ७० हजार रुपैयाँ एकैपल्ट तिरी नियमित किस्ता तिर्ने अवस्थामा पुगेको छ । त्यस्तै, नवनेपाल प्लास्टिक इन्डस्ट्रिजले १२ किस्ताको एक लाख २३ हजार रुपैयाँ तिरेर बक्यौता रकम चुक्ता गरेको छ ।

यस्तै, शुभश्री अग्नि सिमेन्टले तीन लाख तिरेको छ । शुभश्री अग्नि सिमेन्टको ९८ लाख ८१ हजार रुपैयाँ बक्यौता थियो । अब यसअघि बक्यौता तिर्न सुरु गरेको सहित झन्डै ४० उद्योगले बक्यौता तिर्न आउनुपर्नेछ । त्यसमा ३१ उद्योगले कहिल्यै पनि बक्यौता तिरेका छैनन् । यसअघि बक्यौता तिर्न आएका उद्योग पुनः आउने विश्वास प्राधिकरणको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवालले बक्यौता उद्योगलाई दिएको म्याद आइतबार सकिने बताए । 'उद्योगीलाई दिएको म्याद आइतबार सकिँदै छ । आइतबार अधिकांश उद्योगहरू बक्यौता तिर्न आउँछन् भन्नेमा आशावादी छु,' उनले भने, 'बक्यौता नतिर्ने उद्योगलाई के गर्ने भन्ने विषयमा मन्त्रालयसँग छलफल गरेर निर्णय लिनेछु । विगतमा यस घटनामा कारबाही गर्दा सरकारले अवरोध गर्‍यो । तर, यसपालि सरकारले साथ-सहयोग गरेको छ । तसर्थ, काम गर्न पनि सहज भएको छ ।'

प्राधिकरणले लोडेसेडिङका वेला ६५ प्रतिशत प्रिमियम महसुलमा लिने सर्तमा डेडिकेटेड फिडर र ट्रंकलाइनबाट २४ घण्टासम्म विद्युत् दिएको थियो । तर, त्यसको प्रिमियम महसुल तिर्न केही उद्योगीले आनाकानी गर्दै आएका थिए । यसमा ०७२ माघदेखि ०७५ वैशाखसम्मको बक्यौता उठाउने गरी प्रक्रिया अघि बढाइएको छ ।

विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा हुँदा बक्यौता उठाउन खोजेका कुलमान घिसिङलाई उद्योगीलाई छुट दिन खोजेको तत्कालीन सरकारले राजनीतिक प्रतिशोधमा बर्खास्त गरेको थियो । अहिले राजनीतिक परिवर्तनसँगै उनै घिसिङ ऊर्जामन्त्री बनेका छन् । त्यसपछि उनी प्राधिकरण सञ्चालक समितिको अध्यक्ष पनि हुन् । त्यसपछि उनले यो बक्यौता उठाउन चासो दिएका छन् । घिसिङले गत ३० भदौमा ऊर्जामन्त्री कुलमानले प्राधिकरणलाई डेडिकेटेड फिडर तथा ट्रंकलाइनको बक्यौता तत्काल उठाउन निर्देशन दिने निर्णय गरेका थिए । गत ५ असोजमा मन्त्रिपरिषद्ले प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई जल तथा ऊर्जा आयोगमा नियुक्ति गरेर उक्त ठाउँमा मनोज सिलवाललाई नियुक्त गरिएको थियो । त्यसपछि मन्त्री घिसिङले असोज १० मा बोर्ड बैठक राखेर पुनरावलोकन प्रक्रिया खारेज गरेर सीधै बक्यौता उठाउने निर्णय गरेका थिए । निवर्तमान ऊर्जामन्त्री दीपक खड्काले उद्योगीको बक्यौता घटाउने प्रपञ्चसहित अघि बढाएको प्रशासकीय पुनरावलोकनसम्बन्धी प्रक्रियालाई बदर गरेर गत असोज १० गते सीधै बक्यौता उठाउने निर्णय गरिएको थियो । त्यसपछि प्राधिकरणले १२ असोजमा सार्वजनिक गर्दै २१ कार्यदिनमा बक्यौता तिर्न उद्योगीलाई अल्टिमेटम दिएको थियो ।

यी हुन् बक्यौता तिर्न नआएका ३१ उद्योग

- **जगदम्बा स्टिल-** १ अर्ब ६० करोड १८ लाख
- **रिलायन्स स्पिनिङ मिल्स-** ७५ करोड ३७ लाख
- **शिवम् सिमेन्ट-** ६६ करोड ८८ लाख रुपैयाँ
- **मारुती सिमेन्ट-** ५७ करोड ४५ लाख
- **घोराही सिमेन्ट उद्योग-** ५० करोड ८५ लाख
- **अर्घाखाँची सिमेन्ट इन्डस्ट्रिज-** ४४ करोड ८४ लाख
- **त्रिवेणी स्पिनिङ मिल्स-** ३२ करोड १० लाख
- **सोनापुर मिनरल एन्ड आयल-** २४ करोड ३० लाख
- **जगदम्बा सिन्थेटिक-** २० करोड ५० लाख
- **बुटवल सिमेन्ट-** १८ करोड ४५ लाख
- **हिमाल आइरन एन्ड स्टिल-** १३ करोड ६५ लाख
- **अरिहन्त मल्टिफाइबर लि-** ११ करोड ५३ लाख
- **युनाइटेड सिमेन्ट प्रालि-** ११ करोड ३७ लाख
- **कसमस सिमेन्ट फ्याक्ट्री-** ९ करोड ७७ लाख
- **एभरेस्ट पेपर मिल-** ९ करोड ४४ लाख
- **रघुपति जुल मिल-** ८ करोड ५१ लाख
- **अरिहन्त पोलिप्याक लि-** ६ करोड ६२ लाख
- **निगाले सिमेन्ट प्रालि-** ५ करोड ८१ लाख
- **त्रिवेणी सिन्थेटिक यार्न इन्डस्ट्रिज-** ४ करोड ४० लाख
- **विशाल सिमेन्ट इन्डस्ट्रिज-** ३ करोड ३५ लाख
- **बाबा जुट मिल-** २ करोड ४९ लाख
- **घराना फुड्स-** १ करोड ८८ लाख
- **सिद्धार्थ पेटप्लास्ट-** १ करोड ८३ लाख
- **एसआर फुड्स-** १ करोड ४८ लाख
- **गोयन्का फुड्स रुपन्देही-** १ करोड ४८ लाख
- **पञ्चकन्या स्टिल इन्डस्ट्रिज-** ५२ लाख
- **श्याम प्लास्टिक उद्योग-** ४९ लाख
- **भलवारी स्वचालित कारखाना-** ३० लाख
- **पञ्चकन्या प्लास्टिक इन्डस्ट्रिज-** २५ लाख
- **एभरेस्ट रोलिङ मिल-** १७ लाख
- **एसआर स्टिल इन्डस्ट्रिज-** १६ लाख

दुई महिनामा २० बैंकहरूको नाफा १६ अर्ब ५९ करोड

६.१८ प्रतिशतले खस्कियो नाफा, ब्याज खर्च ४६ अर्ब ९१ करोड हुँदा ७८ अर्ब २५ करोडको ब्याज आम्दानी

वाणिज्य बैंक	ब्याज खर्च	ब्याज आम्दानी	खुद नाफा
ग्लोबल आइएमई	४ अर्ब ११ करोड ७५ लाख	६ अर्ब ९६ करोड ५९ लाख	१ अर्ब ६२ करोड ८२ लाख
नबिल बैंक	३ अर्ब ९० करोड ६५ लाख	६ अर्ब ३३ करोड ४ लाख	१ अर्ब ३२ करोड ७१ लाख
एनआइएमबी	३ अर्ब ४२ करोड ४७ लाख	५ अर्ब ६२ करोड ३९ लाख	१ अर्ब २६ करोड ४४ लाख
कुमारी	२ अर्ब ९६ करोड ८० लाख	४ अर्ब ८४ करोड ३५ लाख	१ अर्ब ५ करोड ६८ लाख
प्राइम	२ अर्ब ३५ करोड ६० लाख	३ अर्ब ९४ करोड ३० लाख	१ अर्ब ४ करोड ६७ लाख
एनएमबि	२ अर्ब ७ करोड	३ अर्ब ७७ करोड ९ लाख	१ अर्ब ३ करोड ९ लाख
लक्ष्मी सनराइज	२ अर्ब ६८ करोड ५ लाख	४ अर्ब ४४ करोड ६९ लाख	९७ करोड ४१ लाख
एभरेष्ट बैंक	१ अर्ब ९३ करोड ११ लाख	३ अर्ब ४५ करोड ११ लाख	९१ करोड २८ लाख
राष्ट्रिय वाणिज्य बैंक	२ अर्ब ७७ करोड ५२ लाख	४ अर्ब ७३ करोड १३ लाख	८८ करोड ५८ लाख
सिद्धार्थ	२ अर्ब ११ करोड ७५ लाख	३ अर्ब ६६ करोड ७६ लाख	८४ करोड ९० लाख
नेपाल बैंक	१ अर्ब ९९ करोड ९३ लाख	३ अर्ब ४५ करोड ७८ लाख	८४ करोड २८ लाख
सानिमा	१ अर्ब ७७ करोड ६६ लाख	२ अर्ब ८७ करोड ६६ लाख	७२ करोड १५ लाख
प्रभु	२ अर्ब ३९ करोड ८० लाख	३ अर्ब ६७ करोड	६७ करोड ६० लाख
कृषि विकास बैंक	२ अर्ब १ करोड ६० लाख	३ अर्ब ४६ करोड ४८ लाख	५८ करोड ९८ लाख
सिटिजन्स बैंक	१ अर्ब ६२ करोड १४ लाख	२ अर्ब ७१ करोड ४२ लाख	५५ करोड ७६ लाख
स्ट्यान्डर्ड चार्टर्ड	६० करोड	१ अर्ब ३५ करोड १७ लाख	५३ करोड २२ लाख
एनआइसी एसिया	२ अर्ब ६८ करोड ७४ लाख	४ अर्ब २३ करोड ४१ लाख	४९ करोड ५१ लाख
माछापुच्छे	१ अर्ब ३४ करोड १८ लाख	२ अर्ब ३७ करोड ६८ लाख	४८ करोड १९ लाख
हिमालयन बैंक	२ अर्ब ५१ करोड ७३ लाख	४ अर्ब	३७ करोड ७ लाख
नेपाल एसबिआई	१ अर्ब ६० करोड ८६ लाख	२ अर्ब ३३ करोड १८ लाख	३५ करोड ४५ लाख
जम्मा	४६ अर्ब ९१ करोड ४२ लाख	७८ अर्ब २५ करोड ३३ लाख	१६ अर्ब ५९ करोड ८७ लाख

नयाँ पत्रिका

चालू आर्थिक वर्षको पहिलो दुई महिनामा २० वाणिज्य बैंकहरूको खुद नाफा १६ अर्ब ५९ करोड ८७ लाख रुपैयाँ पुगेको छ । यो गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.१८ प्रतिशतले कम हो । गत आर्थिक वर्षको सोही अवधिमा १७ अर्ब ६९ करोड २१ लाख खुद नाफा कमाएको राष्ट्र बैंकको तथ्यांक छ ।

पछिल्लो समय आर्थिक गतिविधिमा सुधार नआउँदा ऋण असुली प्रभावित भएकाले खराब कर्जा बढ्दै गइरहेको छ । घट्दो ब्याजदरका बाबजुद पनि निक्षेप संकलन घट्न नसक्दा ब्याज खर्च बढिरहेको छ । यसले बैंकहरूको नाफामा कमी ल्याएको हो । समीक्षा अवधिमा वाणिज्य बैंकहरूको कुल ब्याज खर्च ४६ अर्ब ९१ करोड ४२ लाख र ब्याज आम्दानी ७८ अर्ब २५ करोड ३३ लाख पुगेको छ ।

२० वटा वाणिज्य बैंकहरूमध्ये ग्लोबल आइएमई बैंक सबैभन्दा उच्च नाफामा रहेको देखिन्छ । यसले ब्याज खर्च चार अर्ब ११ करोड ७५ लाख र ब्याज आम्दानी ६ अर्ब ९६ करोड ५९ लाख कायम राखेको छ । यो अवधिमा एक अर्ब ६२ करोड ८२ लाख रुपैयाँको खुद नाफा कमाएको छ । त्यसैगरी, दोस्रो ठुलो खुद नाफा आर्जन गर्नेमा नबिल बैंकले एक अर्ब ३२ करोड ७१ लाख कमाएको छ ।

नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको खुद नाफा एक अर्ब २६ करोड ४४ लाख छ । कुमारी बैंक खुद नाफा एक अर्ब पाँच करोड ६८ लाख, प्राइम बैंक एक अर्ब चार करोड ६७ लाख र एनएमबि बैंक एक अर्ब तीन करोड नौ लाख रुपैयाँ नाफा कमाएका छन् ।

अर्बभन्दा कम नाफा आर्जन गर्ने बैंकहरू

लक्ष्मी सनराइज बैंकले ९७ करोड ४१ लाख, एभरेष्ट बैंक ९१ करोड २८ लाख, राष्ट्रिय वाणिज्य बैंक ८८ करोड ५८ लाख, सिद्धार्थ बैंक ८४ करोड ९० लाख र नेपाल बैंक ८४ करोड २८ लाख रुपैयाँको नाफा देखाएको छ । सानिमा बैंक ७२ करोड १५ लाख, प्रभु बैंक ६७ करोड ६० लाख, कृषि विकास बैंक ५८ करोड ९८ लाख, सिटिजन्स बैंक इन्टरनेसनल ५५ करोड ७६ लाख, स्ट्यान्डर्ड चार्टर्ड ५३ करोड २२ लाख, एनआइसी एसिया ४९ करोड ५१ लाख, माछापुच्छे बैंक ४८ करोड १९ लाख, हिमालयन बैंक ३७ करोड सात लाख र नेपाल एसबिआईले ३५ करोड ४५ लाख रुपैयाँको नाफा कमाएको तथ्यांक छ ।

राजस्व संकलन वृद्धिदर ०.३२ प्रतिशत मात्रै

व्यापारिक प्रतिष्ठान र व्यक्तिगत आम्दानी खस्किँदा आयकर संकलनमा गिरावट, लक्ष्यको ७७.४८ प्रतिशत मात्रै उठ्यो राजस्व

पवन तिमिल्सिना/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को असोज मसान्तसम्म (तीन महिनामा) राजस्व संकलनको वृद्धिदर एक प्रतिशत पनि पुग्न सकेन । कुल दुई खर्ब ४९ अर्ब पाँच करोड रुपैयाँ मात्रै राजस्व संकलन भएको छ । यो गत आर्थिक वर्षको पहिलो त्रैमासको तुलनामा ०.३२ प्रतिशत मात्रै हो । गत आवको असोजसम्म दुई खर्ब ४८ अर्ब २६ करोड मात्रै राजस्व उठेको थियो ।

लक्ष्यअनुसार सरकारले यो अवधिसम्म ७७.४६ प्रतिशत मात्रै राजस्व संकलन गरेको छ । यो अवधिमा तीन खर्ब २१ अर्ब ५३ करोड रुपैयाँ राजस्व उठाउने लक्ष्य लिएको थियो ।

राजस्व संकलनका प्रमुख शीर्षकहरूमध्ये भन्सार महसुल, मूल्य अभिवृद्धि कर (भ्याट), अन्तःशुल्क र शिक्षा सेवा शुल्कमा वृद्धि देखिएको छ भने आयकर र गैरकर राजस्वमा गिरावट आएको छ । यसले देशको आन्तरिक आर्थिक क्रियाकलाप र व्यापारिक अवस्था अझै सुधार हुन नसकेको देखाएको छ ।

अप्रत्यक्ष कर (भ्याट, अन्तःशुल्क, भन्सार महसुल) मार्फत प्राप्त राजस्वले वृद्धि देखाए पनि प्रत्यक्ष कर (आयकर) र गैरकर राजस्वमा आएको गिरावटले राजस्व सन्तुलनमा दबाब देखाएको छ ।

आयातमा आधारित अर्थतन्त्रमा देखिएको सुधार भन्सार विभागअन्तर्गत संकलन हुने राजस्वमा उल्लेख्य वृद्धि देखिन्छ । आन्तरिक अर्थतन्त्रमा आधारित आन्तरिक राजस्व विभागअन्तर्गतका राजस्व संकलन भने कमी आएका छन् । भन्सार विभागलाई एक खर्ब ४३ अर्ब ७६ करोडको राजस्व संकलन गर्ने लक्ष्य दिइएकोमा एक खर्ब १८ अर्ब ५२ करोड मात्रै संकलन भएको छ । यो लक्ष्यको ८२.४५ प्रतिशत हो भने गत आर्थिक वर्षको सोही अवधिमो तुलनामा ९.७२ प्रतिशत बढी हो । आन्तरिक राजस्व विभागलाई एक खर्ब ४२ अर्ब २५ करोडको राजस्व उठाउने लक्ष्य दिइएकोमा ८१.४१ प्रतिशत र गत आवको सोही अवधिभन्दा ३.७१ प्रतिशत मात्रै बढी राजस्व उठेको छ ।



■ भन्सार महसुल संकलनमा ९.३९% को वृद्धि

असोज मसान्तसम्म ५६ अर्ब ८५ करोड भन्सार महसुल संकलन गरिएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यो रकम ५१ अर्ब ९७ करोड रुपैयाँ थियो । भन्सार राजस्व संकलनको वृद्धि दर ९.३९ प्रतिशत छ ।

आयातमा भएको वृद्धिले भन्सार महसुलमा सुधार आएको देखिन्छ । यसले आन्तरिक उपभोगमा वृद्धि भएकाले पनि महसुलमा सुधार आएको जानकारहरूको विश्लेषण छ ।

■ भ्याट संकलनमा ८.१८ प्रतिशत वृद्धि

सरकारले भ्याटबाट ९४ अर्ब ११ करोड रुपैयाँ उठाउने लक्ष्य राखेकोमा असोज मसान्तसम्म ८१ अर्ब २३ करोड रुपैयाँ संकलन भएको छ । यो अघिल्लो वर्षको ७५ अर्ब आठ करोड रुपैयाँभन्दा ८.१८ प्रतिशत बढी हो । भ्याट संकलनमा सुधार हुनुले बजारमा उपभोग र व्यापारिक लेनदेनमा क्रमशः पुनरुत्थान भइरहेको देखाउँछ ।

■ अन्तःशुल्क संकलन १९.६५% ले बढ्यो

अन्तःशुल्कबाट असोज मसान्तसम्म ४७ अर्ब ८३ करोड राजस्व उठेको छ । गत आर्थिक वर्षको सोही अवधिमा उठेको ३९ अर्ब ९७ करोड रुपैयाँभन्दा यो १९.६५ प्रतिशतले बढी हो । यो वृद्धि सवारीसाधन, मदिरा, चुरोट, इन्धनजस्ता वस्तुको उत्पादन, आयात र उपभोगका कारण हो ।

■ शिक्षा सेवा शुल्क : लक्ष्यभन्दा बढी संकलन

शिक्षा सेवा शुल्क शीर्षकमा असोज मसान्तसम्म एक अर्ब ५० करोड रुपैयाँ राजस्व संकलन भएको छ । यो एक अर्ब २६ करोड रुपैयाँको लक्ष्यको ११० प्रतिशत हो । अघिल्लो वर्षको एक अर्ब आठ करोड रुपैयाँभन्दा ३८.१९ प्रतिशतले वृद्धि देखिएको छ ।

■ आयकरमा गिरावट

आयकर संकलनमा भने उल्लेखनीय गिरावट आएको छ । गत आर्थिक वर्षको असोजसम्म ५१ अर्ब ५५ करोड रुपैयाँ उठेकोमा चालू वर्षमा ४६ अर्ब ९० करोड रुपैयाँ मात्र उठेको छ । यो ९.०२ प्रतिशतले घटेको हो । व्यापारिक गतिविधि सुस्त हुनु, निजी क्षेत्रको आम्दानी घट्नु र कर प्रशासनमा सुधारको कमी यसको प्रमुख कारण हुन् ।

■ गैरकर राजस्वमा तीव्र कमी

गैरकर राजस्वमा झन् ठूलो गिरावट आएको छ । गत आर्थिक वर्षको सोही अवधिमा २८ अर्ब ५७ करोड रुपैयाँ उठेकामा चालू वर्षमा १४ अर्ब ७२ करोड रुपैयाँ मात्र संकलन भएको छ । यो ४८.४८ प्रतिशतले कमी हो । सरकारी स्वामित्वका निकायबाट लाभांश दिने क्षमतामा आएको ह्रास, प्राकृतिक स्रोत र सम्पत्तिबाट हुने आम्दानी घट्नु, र ठुला गैरकर राजस्व स्रोतहरू खुम्चिनु यस्तो गिरावटका कारण देखिन्छन् ।

■ चालू आर्थिक वर्षको साउनदेखि असोजसम्मको राजस्व संकलनको तथ्यांक

राजस्व शीर्षक	आव ०८२/८३ को असोजसम्मको लक्ष्य	आव ०८१/८२ को असोजसम्मको संकलन	आव ०८२/८३ को असोजसम्मको संकलन	वृद्धिदर	लक्ष्यको तुलनामा संकलन
भन्सार महसुल	७० अर्ब ६५ करोड	५१ अर्ब ९७ करोड	५६ अर्ब ८५ करोड	९.३९	८०.४८
मूल्य अभिवृद्धिकर	९४ अर्ब ११ करोड	७५ अर्ब ८ करोड	८१ अर्ब २३ करोड	८.१८	८६.३१
अन्तःशुल्क	४८ अर्ब ६५ करोड	३९ अर्ब ९७ करोड	४७ अर्ब ८३ करोड	१९.६५	९८.३
शिक्षा सेवा शुल्क	१ अर्ब २६ करोड	१ अर्ब ८ करोड	१ अर्ब ५० करोड	३८.१९	११०
आयकर	७१ अर्ब २२ करोड	५१ अर्ब ५५ करोड	४६ अर्ब ९० करोड	६५.८६	-९.०२
गैरकर	३५ अर्ब ५२ करोड	२८ अर्ब ५७ करोड	१४ अर्ब ७२ करोड	४१.४५	-४८.४८
कुल	३ खर्ब २१ अर्ब ५३ करोड	२ खर्ब ४८ अर्ब २६ करोड	२ खर्ब ४९ अर्ब ५ करोड	७७.४६	०.३२

■ सरकारी खर्च १८.५६ प्रतिशत, पुँजीगत खर्च भने पाँच प्रतिशतभन्दा कम

चालू आर्थिक वर्षको पहिलो तीन महिना (साउनदेखि असोजसम्म)मा कुल बजेटको १८.५६ प्रतिशत खर्च भएको छ । कुल १९ खर्ब ६४ अर्बको बजेटमा तीन खर्ब ६४ अर्ब ५८ करोड खर्च भएको छ । यद्यपि, विकास निर्माणकेन्द्रित पुँजीगत खर्च भने ४.७ प्रतिशत मात्रै छ । कुल चार खर्ब सात अर्बको पुँजीगत बजेटमा १९ अर्ब १८ करोड खर्च भएको छ । प्रशासनिक खर्चमा आधारित चालूतर्फ ११ खर्ब ८० अर्बको विनियोजनमा दुई खर्ब ५६ अर्ब खर्च भएको छ । यो विनियोजनको २१.७५ प्रतिशत छ ।

ऋणको साँवा-ब्याज भुक्तानीमा हुने खर्चअन्तर्गत वित्तीय व्यवस्थातर्फ तीन खर्ब ७५ अर्ब रुपैयाँमा ८८ अर्ब ६० करोड (२३.६१ प्रतिशत) खर्च भएको छ ।

सानिमा बैंकका ग्राहकलाई चाडपर्व विशेष योजना



काठमाडौं/ सानिमा बैंकले तिहार र छठपर्वका अवसरमा ग्राहकका लागि विभिन्न मर्चेन्टहरूमा क्यासब्याक तथा छुटको व्यवस्था गरेको छ। बैंकका अनुसार योजना अवधिभर ग्राहकले साझेदार मर्चेन्टबाट मिठाई खरिद गरी यस बैंकको डेबिट तथा क्रेडिट कार्डबाट भुक्तानी गर्दा १० प्रतिशत वा अधिकतम दुई सय रुपैयाँसम्मको क्यासब्याक प्राप्त गर्न सक्नेछन्। त्यसैगरी, थप १० प्रतिशतसम्मको छुटसमेत प्राप्त हुने बताइएको छ।

ग्राहकले पूजा स्विट्स चाट हाउस (न्युरोड, काठमाडौं), बर्फी स्विट्स (बालुवाटार, न्युरोड, कुमारीपाटी), हिमालयन स्विट्स एन्ड बेकरी (हेटौंडा) र आँगन स्विट्स (चिप्लेढुंगा र सिर्जना चोक, पोखरा)मार्फत छुट पाउन सक्नेछन्। यो योजना १० कात्तिकसम्म लागू हुने बैंकले जनाएको छ।

बैंकले विभिन्न छुट तथा अफर ल्याएर ग्राहकलाई डिजिटल भुक्तानीको अधिकतम प्रयोग गर्न प्रोत्साहन गर्दै आएको छ। हाल यसका एक सय ३४ शाखा तथा एक सय २७ वटा एटिएम सञ्चालनमा छन्।

प्रभु बैंक र आरम्भ चौतारीबिच सहकार्य



काठमाडौं/ प्रभु बैंक र आरम्भ चौतारी लघुवित्तबिच सहकार्य भएको छ। आरम्भ लघुवित्तमा कार्यरत कर्मचारीलाई बैंकिङ सेवा उपलब्ध गराउनेसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको हो। सम्झौतापत्रमा बैंकका तर्फबाट सेन्ट्रल बिजनेस सेन्टरका प्रमुख लेखबहादुर पुन र लघुवित्तका तर्फबाट प्रमुख कार्यकारी अधिकृत शिवप्रसाद ज्ञवालीले हस्ताक्षर गरेका हुन्। सम्झौतापश्चात् लघुवित्तमा कार्यरत कर्मचारीलाई बैंकले आधुनिक बैंकिङ सेवा दिने बताइएको छ।

बैंक अफ द इयर २०२३, प्रभु बैंक फिनाकल इन्फोसिस इनोभेसन गोल्ड २०२४ अवार्डका साथै युरो मनी अवार्ड एवं नेपाल बेस्ट डिजिटल बैंक फर एसएमई अवार्ड प्राप्त गरेको बैंकका देशभर तीन सय १२ शाखा कार्यालय, दुई सय ८६ एटिएम साथै ६९ एक्सटेन्सन काउन्टर सञ्चालनमा छन्।

सांग्रिला डेभलपमेन्ट बैंकबाट एसिसिटी युनियन पे कार्ड सेवा



काठमाडौं/ सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले एसिसिटी-युनियन पे कार्ड सेवा सुरु गरेको छ। बैंकले स्मार्ट च्वाइस टेक्नोलोजिज (एसिसिटी)ले सञ्चालन गर्दै आएको उक्त सेवा सुरु गरेको हो।

बैंकका ग्राहकले नजिकैका शाखामा गई सजिलै एसिसिटी-युनियन पे कार्ड प्राप्त गर्न सक्नेछन्। यस सुविधाको सुरुवातले ग्राहकलाई डिजिटल भुक्तानीको प्रक्रिया अझ सहज, सुलभ र सुरक्षित हुने विश्वास बैंकले लिएको छ।

एसिसिटीले हाल २३ वटा बैंक तथा वित्तीय संस्था र सयभन्दा बढी सहकारी संस्थामार्फत एसिसिटी-युनियन पे कार्ड जारी गर्दै आइरहेको छ।

एसिसिटीले आफ्नै कार्ड स्विचिङ संरचना स्मार्ट स्विचमार्फत एसिसिटी-युनियन पे कार्ड र भिजा कार्ड जारी गर्ने तथा भिजा, रुपे, मास्टर कार्ड तथा डिस्कभर कार्ड स्वीकार गरी कार्डमार्फत हुने कारोबारको सेवा प्रदान गर्दै आएको छ।

नेपाल बैंक र लिफबिच छुट साझेदारी



काठमाडौं/ नेपाल बैंक र शंखमूलस्थित लिफ प्लस प्रालिबिच साझेदारी भएको छ। सम्झौतापत्रमा बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत प्रकाशकुमार अधिकारी र लिफ प्लसका प्रमुख कार्यकारी अधिकृत कोबितसिंह बानियाँले हस्ताक्षर गरे।

यसअनुसार बैंकमा कार्यरत कर्मचारी वा बैंकमा खाता रहेका ग्राहकले पर्यावरणमैत्री प्राकृतिक सुपारीको पातबाट निर्मित घरायसी सामानका वस्तु खरिद गर्दा २० प्रतिशत छुट पाउने भएका हुन्। छुट सुविधा सुपारीको पातबाट बनेका प्लेट, कचौरा, थाल, चम्चा, आदिमा पाइनेछ। छुट सुविधा पाउन ग्राहकले बैंकको मोबाइल बैंकिङ एपबाट भुक्तानी गर्नुपर्नेछ।

एनआइसी एसिया र एसियन बुद्ध होटेलबिच १५% छुट सम्झौता

काठमाडौं/ एनआइसी एसिया बैंक र एसियन बुद्ध होटेलबिच सेवा लिँदा विशेष छुट उपलब्ध गराउनेबारे दुवै पक्षबिच सम्झौता भएको छ। समझदारीसँगै बैंकका ग्राहकले सिद्धार्थनगर, रुपन्देहीमा रहेको उक्त होटेलमा सेवा लिई डिजिटल भुक्तानी गर्दा १५ प्रतिशत छुट प्राप्त गर्न सक्नेछन्। यस सुविधाको उपयोग गर्न ग्राहकले यस बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड प्रयोग गरी वा मोबाइल बैंकिङ एपमार्फत भुक्तानी गर्नुपर्नेछ। उक्त रिसोर्टसँगको यस सहकार्यले ग्राहकलाई छुट सुविधा उपलब्ध हुनुका साथै मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।

सिटिजन्स बैंक र काठमाडौं मेडिकल कलेजबिच १५ प्रतिशत छुट सम्झौता



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल र काठमाडौं, सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजबिच बैंकका ग्राहकलाई विशेषज्ञ उपचार सेवामा छुट दिने सम्झौता भएको छ। यसअनुसार बैंकका कार्डवाहक र मोबाइल बैंकिङ ग्राहकले उक्त हस्पिटलमा उपचार गराउँदा १५ प्रतिशतसम्म छुट पाउनेछन्।

यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ। साथै, डिजिटल कारोबार गर्दा पाइने छुटसम्बन्धी विस्तृत विवरण बैंकको वेबसाइटमा प्राप्त गर्न सकिने बताइएको छ।

बैंकले देशभरका दुई सय शाखा, एक सय ६९ एटिएम, तीन विस्तारित काउन्टर र ७४ वटा शाखारहित बैंकिङ इकाइबाट वित्तीय सेवा प्रदान गर्दै आएको छ।

सिद्धार्थ बैंकका ग्राहकले जर्मन होम्समा छुट पाउने



काठमाडौं/ सिद्धार्थ बैंकका ग्राहकले जर्मन होम्स प्रालिमा छुट पाउने भएका छन्। ग्राहकलाई छुट सुविधा दिलाउन बैंक र जर्मन होम्सबिच सम्झौता भएको छ। सम्झौताअनुसार भक्तपुरमा रहेको जर्मन होम्सलाई ग्राहकले बैंकको कार्ड वा मोबाइलबाट भुक्तानी गर्दा १० प्रतिशतसम्म छुट पाउनेछन्।

यस खालको सहकार्यले ग्राहकलाई छुट सुविधाको लाभ मिल्नुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान उत्प्रेरित गर्ने बैंकले विश्वास लिएको छ।

एनसेलको सिइओमा माइकल फोले नियुक्त



काठमाडौं/ एनसेलको नयाँ प्रमुख कार्यकारी अधिकृत (सिइओ)का रूपमा माइकल फोले नियुक्त भएका छन्। उनको सिइओको कार्यकाल १५ कात्तिकदेखि लागू हुनेछ।

सिइओ नियुक्तिसँगै कार्यवाहक सिइओका रूपमा समेत कार्यभार सम्हाल्दै आएका सैयद इनामुल कबिरले कम्पनीको प्रमुख वित्तीय अधिकृत (सिएफओ)को भूमिकालाई निरन्तरता दिनेछन्।

दुई दशकभन्दा बढी दूरसञ्चार क्षेत्रमा वरिष्ठ नेतृत्वको अनुभव हासिल गरेका क्यानडा-केन्याका नागरिक फोलेले यस क्षेत्रका प्रमुख कम्पनीमा कुशल नेतृत्वका साथ सफलता हासिल गरेका छन्।

एनसेलमा आबद्ध हुनुअघि उनले एयरटेलमा फ्रेन्च अफ्रिकाका प्रमुखका रूपमा जिम्मेवारी वहन गरेका थिए। त्यसअघि उनले टेलिनोर पाकिस्तान (टिपी)का सिइओका रूपमा कार्य गर्दै कठिन व्यावसायिक परिस्थितिमा पनि कम्पनीलाई अगाडि बढाउँदै बजारमा अग्रणी वृद्धि, नाफा र कर्मचारी संलग्नताका साथ उल्लेखनीय सफलता हासिल गरेका थिए।

नवनियुक्त फोलेले भने, 'एनसेलको जिम्मेवारी लिन पाउँदा म अत्यन्त खुसी र सम्मानित महसुस गरिरहेको छु। एनसेलले नेपाली जनताका लागि नयाँ अवसर सिर्जना गर्दै, डिजिटल रूपान्तरणलाई अघि बढाउने, आर्थिक प्रतिस्पर्धात्मकता बढाउने र विदेशी लगानी आकर्षित गर्ने अपार सम्भावना बोकेको छ।'

बढैयाताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मैनापोखर, बर्दिया
लुम्बिनि प्रदेश, नेपाल

सिलबन्दी दरभाउपत्र प्रकासनको सूचना

(प्रथम पटक प्रकाशन मितिः २०८२/०७/०२)

यस गाँउपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अर्न्तगत E-Bidding मार्फत तपशिल बमोजिमको सार्वजनिक खरिद कार्य गर्नुपर्ने भएकोले तपसिल कार्य गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

ठेक्का नं.	विवरण	सिलबन्दी दरभाउपत्र फारम दस्तुर	जमानत रकम	खाता विवरण
BTRM/SQ-01/2082/083	Supply & Delivery of Medicines and Surgical Items for Badhaiyatal Rural Municipality	१०००/-	१,२०,०००/-	१) आन्तरिक राजस्व खाता: ०६४०१०००००००२२०२ २) धरौटी खाता : ०६४०१०००००००१०२०२ बैकः Citizens Bank International Limited, Badhaiyatal Branch

यो सूचनाको विस्तृत जानकारी का लागि PPMO को Website : www.bolpatra.gov.np/egp बाट Download गरि प्राप्त गर्न सकिने छ वा यस गाँउपालिकाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ।

Invitation for Bids

IFB No: 02/IDOMAK/082-83, First Date of publication: 2082/7/2 BS (2025/10/19 AD)

1. IDO, Makawanpur invites electronic bids from Nepalese eligible bidders for the following projects under National Competitive Bidding Single Stage Single Envelope Bidding procedure.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website www.bolpatra.gov.np/egp.

SN	Contract Id No.	Name of Projects	Estimated Amount with VAT (NRs)	Bid Security Amount (NRs)
1	IDOMAK/W/NCB/05/082/83	Upgrading work of Golping Daanda Road, Bhimphedi-4, Makawanpur	24,11,378.15	55,000
2	IDOMAK/W/NCB/06/082/83	Upgrading work of Damar Mathan Suping Road, Bhimphedi-5, Makawanpur	24,11,283.96	55,000
3	IDOMAK/W/NCB/07/082/83	Upgrading work of Dhorsing Chapaghari Jurikhet Road, Bhimphedi-6, Makawanpur	24,10,839.86	55,000
4	IDOMAK/W/NCB/08/082/83	Upgrading work of Purandi to Salemale daanda Road, Indrasarowar-4, Makawanpur	21,06,733.79	47,000
5	IDOMAK/W/NCB/09/082/83	Upgrading work of Baniya Tole, Thing Tole, Mahachuni Road, Indrasarowar-5, Makawanpur	19,28,809.95	45,000
6	IDOMAK/W/NCB/10/082/83	Upgrading of Bajyu Tole to Jwaladevi School, Magartole Road, Makawanpurgadhi-4, Makawanpur	24,07,030.10	55,000
7	IDOMAK/W/NCB/11/082/83	Upgrading work of Rudra Batika to Krishi Jodne Sadak, Makawanpurgadhi-4, Makawanpur	24,12,138.15	55,000
8	IDOMAK/W/NCB/16/082/83	Upgrading of Police Station Bharta to Kokrey Basti Road, Kailash-03, Makawanpur	19,31,147.75	45,000
9	IDOMAK/W/NCB/17/082/83	Upgrading of Beteghari Chowk to Jyagey Roada and Upgrading of Khatri Dada to Syamrang Road, Kailash-10, Makawanpur	43,45,312.23	97,000
10	IDOMAK/W/NCB/18/082/83	Upgrading of Bhadaurey Gumba Road, Bhimphedi-9, Makawanpur	24,14,222.38	55,000
11	IDOMAK/W/NCB/19/082/83	Upgrading of Radhaswayami Ghimiretole Rajpani Fuyal Tole to Rajpani Tole Bikas Bhawan, Hetauda-08 and Dhaneshwar Marg Fireline, Hetauda-15	53,11,216.92	1,18,000
12	IDOMAK/W/NCB/20/082/83	Upgrading of Waiba Tole to Gole Tole Road, Hetauda-12, Makawanpur	24,14,348.23	55,000
13	IDOMAK/W/NCB/21/082/83	Upgrading of Kunatole Ringroad Bastipur and Lewat to Lekhapani Road, , Hetauda-19 Lewat Chwok to Lekh Road Hetauda-03, Makawanpur	82,08,248.38	1,82,000
14	IDOMAK/W/NCB/22/082/83	Upgrading of Kalikatar to Ghantekhola Bhaisetar Agriculture Road ,Bhimphedi-2, Makawanpur	14,46,356.10	35,000
15	IDOMAK/W/NCB/23/082/83	Upgrading of Khadkatole Majhatole Dilko Road, Bhimphedi-8, Makawanpur	24,10,594.80	55,000
16	IDOMAK/W/NCB/24/082/83	Upgrading of Burjadada Samari Road, Makwanpurgadhi-4 Makawanpur	19,29,026.92	45,000
17	IDOMAK/W/NCB/25/082/83	Maintainance of Kulekhani Hevy Road Section at Hevy, Indrasarowar-2 Makawanpur	39,31,774.55	90,000

3. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egp and details of cost of bid documents, bid validity, bid submission and opening dates for aforementioned projects are as follows

S.N.	Bid Document Fees, Nrs	Bid Validity Period	Bid Security Validity Period	Pre-bid meeting Date and Time	Last date of submission Date and Time	Opening Date and Time
1	3,000.00	90 days	120 days	2082/7/23 Time: 11:00am	2082/8/3 Time: 12:00pm	2082/8/3 Time: 1:00pm

4. Bank Details for Bid Document Fee are as follows

S.N.	Name of Bank	Office Name	Rajaswo Shirshak No	Deposit Account No	Office Code no
1	*Rastriya Banijya Bank Ltd.*	*Infrastructure Development Office, Makawanpur*	*14229*	*1000100200010000*	*3370132033*

5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original lastdate of bid submission.

Infrastructure Development Office
Makawanpur

सामसङको अफर : ग्यालेक्सी बड्स र वाचमा ५३% सम्म छुट

काठमाडौं/ सामसङ नेपालले ग्राहकका लागि विशेष अफर ल्याएको छ। कम्पनीका अनुसार यो अफरमा ग्राहकले नयाँ ग्यालेक्सी स्मार्ट फोन किन्दा ग्यालेक्सी वाच-८ सिरिज र बड्स-३ मा छुट दिइनेछ। यो अफरमा ग्राहकले सामसङको नयाँ फ्ल्यागसिप ए-सिरिज वा एम-सिरिजका स्मार्ट फोन किन्दा ग्यालेक्सी वाच र बड्समा ५३ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्।

यो विशेष मल्टिबाई अफरले प्रयोगकर्तालाई आफ्नो फोनलाई ग्यालेक्सी वाच-८ क्लासिक वा बड्स-३ जस्ता उपकरणसँग जडान गरेर पूर्ण ग्यालेक्सी अनुभव प्राप्त गर्न सक्षम बनाउने कम्पनीको दाबी छ। यी उपकरणहरू रक्तचाप (बिपी) र इसिजीजस्ता उन्नत स्वास्थ्य ट्र्याकिङ, सहज कनेक्टिभिटी र ग्यालेक्सी एआईद्वारा सञ्चालित उत्कृष्ट अडियो अनुभव प्रदान गर्न डिजाइन गरिएको कम्पनीको भनाइ छ।

सर्टिफिकेट हरायो

मिति २०८२/६/२७ गते कालिमाटीदेखि बागबजार सम्म जाँदा मेरो निम्न व्यहोरा भएको HSEB बाट जारी माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

Name : Anisha Bista
Registration No: 682533012
Symbol No: 37700779
Contact : 9849179365

सच्याईएको बारे

मिति २०८२/०६/२९ मा "नयाँ पत्रिका राष्ट्रिय दैनिक" पत्रिकामा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडको तर्फबाट प्रकाशित गरिएको १५ दिने धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी सूचना मुताबिक इटहरी शाखाको ऋणी न्यु विजेश्वरी ज्वेलर्सको सूचना प्रकाशित भईसकेता पनि उक्त ऋणीको मिति २०८२/०६/३० मा पुन: सूचना भूलवश प्रकाशित भएको हुँदा मिति २०८२/०६/२९ को सूचनामा लेखिएको ऋणी न्यु विजेश्वरी ज्वेलर्सको विवरणलाई मान्यता दिई २०८२/०६/३० को नयाँ पत्रिकामा प्रकाशित भएको न्यु विजेश्वरी ज्वेलर्सको धितो लिलामी सूचनालाई बदर गरिएको जानकारी गराईन्छ।

NIMB प्रधान कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं.- ४२४२५३०

भोजपुरे समाज बचत तथा ऋण सहकारी संस्था लि. को सोह्रौं वार्षिक साधारणसभा बारे सूचना

यस सहकारीको सोह्रौं वार्षिक साधारणसभा हुने भएकोले शेयरधनी महानुभावहरूलाई आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपिसाथ उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं। साथै सञ्चालक समिति र लेखा समितिको निर्वाचन पनि हुनेछ। निर्वाचनको विस्तृत जानकारी कार्यालयको सूचनापाटीमा राखिएको छ।

मिति : २०८२ साल मंसिर ६ गते, शनिबार।
समय : बिहान ११:३० बजेदेखि।
स्थान : भोजपुरे सेवा समाजको सम्पर्क कार्यालय, ठूलो खरीबोट, नयाँ बानेश्वर, काठमाडौं।
सम्पर्क: फोन नं ४५६२२५४ र मोबाइल नं ९८४११८५०६१ (सुदर्शन)।

सञ्चालक समिति

शिव श्री हाइड्रोपावर लिमिटेड
Shiva Shree Hydropower Limited
रजिष्टर्ड कार्यालय : का.म.न.पा , वडा नं. १०, बुद्धनगर, काठमाण्डौं
फोन : ०१-४७९६३४६, इमेलः info@shivashreehydro.com.np, वेवसाइटः www. shivashreehydro.com.np

को

हकप्रद शेयरको बाँडफाँड सम्बन्धी सूचना

शिव श्री हाइड्रोपावर लिमिटेडको मिति २०८२/०४/१६ गतेभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुको लागि १ कित्ता साधारण शेयर बराबर १ कित्ता शेयर (१:१) को अनुपातमा रु.१००/- अङ्कित दरको १,४७,६४,००० कित्ता हकप्रद साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सो मध्ये रितपूर्वक आवेदन दिने शेयरधनीहरुलाई १,३८,९८,१५५ कित्ता हकप्रद शेयर **मिति २०८२ असोज ३१** गते बाँडफाँड गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
सिटिजन्स क्यापिटल लिमिटेड
बादुलेघर, डिल्लीबजार, काठमाडौं, नेपाल फोन नं. ०१-४५१७७२३/४५१७५५७
इमेलः info@citizenscapital.com.np, वेभसाइटः www.citizenscapital.com.np

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७७

नेपाली क्रिकेटको यात्रा

विश्वकपमा स्थानपछि राष्ट्रिय टोलीको ध्यान लिग–२ मा



रमेश सुवेदी / नयाँ पत्रिका

नेपाली क्रिकेटले एकपछि अर्को फड्को मारिरहेको छ। तेस्रोपटक आइसिसी टी-२० विश्वकपमा स्थान बनाएपछि अब नेपाली टोलीले दुबईमा आयोजना हुने विश्वकप क्रिकेट लिग-२ मा ध्यानकेन्द्रित गरेको छ। लिग-२ को त्रिकोणात्मक शृंखलामा नेपालसहित आयोजक संयुक्त अरब इमिरेट्स (युएई) र अमेरिका छन्। नेपालले यो शृंखलामा दुवै विपक्षीसँग समान दुई खेल खेल्नेछ।

गत जेठमा स्कटल्यान्डमा भएको शृंखलामा चारमध्ये तीन खेल जितेको नेपाल पुनः सोही नतिजा दोहोऱ्याउने योजनामा छ। शृंखलामा नेपालले दुवै खेलमा नेदरल्यान्ड्सलाई हराएको थियो। घरेलु टोली स्कटल्यान्डविरुद्ध एक जित र एक हारको नतिजा निकाल्यो।

चार महिनाअघि स्टुआर्ट लको आगमनपछि नेपालले पहिलोपटक लिग-२ शृंखला खेल्यो। उत्कृष्ट प्रदर्शन गऱ्यो। त्यसअघि मोन्टी देसाईलाई निरन्तरता दिँदा नेपाली टिमको प्रदर्शन बिर्सनलायकको थियो। तर, त्यही मोन्टीले अघिल्लोपटक १२ मध्ये ११ खेल जिताएर नेपालको एकदिवसीय मान्यता जोगाएका थिए।

पुनः सोही नतिजा दोहोऱ्याउन नेपाललाई निकै चुनौती छ। स्टुआर्ट लले शनिबार मात्रै १५ सदस्यीय टिम घोषणा गरेका छन्। जसमा स्कटल्यान्डमै खेलेका ओपनर अनिलकुमार शाह र भीम सार्कीलाई कमब्याक गराएका छन्। बाँकी भने टी-२० विश्वकप छनोट खेलेका खेलाडी नै छन्। भर्खरै टी-२० खेल खेलेका नेपाली खेलाडीलाई एकदिवसीय फर्म्याटमा अभ्यस्त हुन भने समय लाग्न सक्छ। त्यसैले पनि नेपाल क्रिकेट संघ (क्यान)ले विश्वकप पुगेको खुसियाली मनाउनुभन्दा पनि युएई पुगेर अभ्यास गर्न प्राथमिकतामा राख्यो। नेपाली टिम ओमानमा च्याम्पियन बनेको भोलिपल्ट नै युएई पुगेको छ। नेपाली टिमले युएईमा एक साता अभ्यास गर्नेछ।

यसअघि पनि नेपालले युएईमै वेस्ट इन्डिजसँगको ऐतिहासिक टी-२० शृंखला जितेको थियो। तीन शृंखलामा नेपाल २-१ ले विजयी भएको हो। त्यसैले पनि नेपाली खेलाडी युएईको मौसममा अभ्यस्त छन्। शुक्रबार मात्रै नेपाल आइसिसी टी-२० विश्वकप एसिया तथा इस्ट एसिया प्यासिफिक च्याम्पियन भएको थियो। सुपर सिक्सको शीर्ष तीनमा रहेका नेपालसहित ओमान र युएई विश्वकपमा स्थान बनाएका हुन्।

अंकतालिका

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
स्कटल्यान्ड	२४	१३	७	३०	०.९२
अमेरिका	२०	१४	६	२८	०.७५
नेदरल्यान्ड्स	२४	१३	९	२८	०.१६
ओमान	२०	११	७	२४	०.०५
क्यानडा	२४	९	१२	२१	-०.२०
नामिबिया	२४	९	१४	१९	-०.५०
नेपाल	१६	५	९	१२	-०.१३
युएई	१६	३	१३	६	-१.२९

तालिका सुधार्ने योजना

युएईको भ्रमणबाट नेपाल कम्तीमा तालिममा सुधार गर्ने योजनामा छ। नेपाल १५ खेल खेल्दा मात्र १२ अंक जोडेर सातौँ स्थानमा छ। लिग-२ मा आठ टिम सहभागी छन्। नेपालको शीर्ष तीनमा उक्लिएर एकदिवसीय मान्यता जोगाउने योजना छ। यदि शीर्ष तीनमा स्थान बनाउन नसके नेपालले एकदिवसीय मान्यता गुमाउनेछ।

यो शृंखला खेलिरहेको अमेरिका दोस्रो स्थानमा छ। २० खेल खेलेको उसले २८ अंक जोडेको छ। सर्वाधिक १४ खेल जितेको छ। स्कटल्यान्ड ३० अंकसहित शीर्ष स्थानमा छ। यता, युएई १६ खेलमा मात्र ६ अंक जोडेर पुछारमा रहेको छ।

लिग-२ को शृंखलामा नेपालले अमेरिकाविरुद्ध ७ कात्तिकमा पहिलो खेल खेल्नेछ। दोस्रो खेल युएईविरुद्ध १३ कात्तिकमा हुनेछ। तेस्रो खेल १५ कात्तिकमा अमेरिकाविरुद्ध हुँदा शृंखलाको अन्तिम खेल १९ कात्तिकमा युएईविरुद्ध हुने तालिका रहेको छ।

अनिल र भीमको कमब्याक

त्रिकोणात्मक सिरिजका लागि क्यानले घोषणा गरेको टोलीमा तीन खेलाडीले कमब्याक गरेका छन्। शनिबार घोषित टिममा ओपनर अनिलकुमार शाह र ब्याटर भीम सार्की तथा बलर साहव आलमले पुनरागमन गरेका छन्। यस्तै, आइसिसी टी-२० विश्वकप एसिया तथा इस्ट एसिया प्यासिफिक च्याम्पियन बनाएका अलराउन्डर आदिल आलम, ब्याटर लोकेश बम र सन्दीप जोरा बाहिरिएका छन्। यसबाहेक सबै खेलाडीले निरन्तरता पाएका हुन्। ओमानमा रिजर्भ सूचीमा रहेका खेलाडी साहव आलमले पनि नेपाली टिममा स्थान बनाए। २६ वर्षीय अनिलले यसअघि १७ जुलाई २०२५ मा स्कटल्यायन्डविरुद्ध अन्तिम खेल खेलेका थिए। यस्तै, तीन महिनापछि नै २४ वर्षीय ब्याटर भीमले कमब्याक गरेका हुन्।

नेपाली टिम

रोहितकुमार पौडेल (कप्तान), दीपेन्द्रसिंह ऐरी (उपकप्तान), आसिफ शेख, सन्दीप लामिछाने, कुशल भुर्तेल, अनिलकुमार शाह, सोमपाल कामी, आरिफ शेख, भीम सार्की, करण केसी, गुल्सन झा, साहव आलम, नन्दन यादव, कुशल मल्ल र ललितनारायण राजवंशी

नेपालको खेलतालिका

नेपालविरुद्ध अमेरिका - **कात्तिक ७ गते**
नेपालविरुद्ध युएई - **कात्तिक १३ गते**
नेपालविरुद्ध अमेरिका - **कात्तिक १५ गते**
नेपालविरुद्ध युएई - **कात्तिक १९ गते**

लिग–२ मा नेपालका पछिल्ला चार खेल नतिजा

नेदरल्यान्डविरुद्ध १६ रनले विजयी
स्कटल्यान्डविरुद्ध २ रनको हार
नेदरुल्यान्डविरुद्ध ५ विकेटले विजयी
स्कटल्यान्डविरुद्ध १ रनले विजयी

एन्फालाई फेरि तिरायो एएफसीले एक हजार डलर जरिवाना

मिडफिल्डर लाकेन लिम्बूले रातो कार्ड पाएपछि एएफसीले एक हजार जरिवाना गराएको हो

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा) लगातार दुई महिनामा दोस्रोपटक कारबाहीमा परेको छ। एसियाली फुटबल महासंघ (एएफसी)ले एन्फालाई एक हजार अमेरिकी डलर जरिवाना सुनाएको हो। ९ अक्टोबरमा भियतनामविरुद्धको खेलमा नेपालका मिडफिल्डर लाकेन लिम्बूले रातो कार्ड पाएपछि एएफसीले एक हजार जरिवाना गराएको हो।

लाकेनले पहिलो हाफको इन्जुरी समयमा रातो कार्ड पाएका थिए। त्यसैले उनी एक खेलमा प्रतिबन्धमा परे। एएफसीको अनुशासन तथा नैतिकता समितिको अक्टोबर १३ गते बसेको बैठकबाट लाकेनलाई जरिवाना तोकिएको बताइएको छ।

एएफसीले लाकेनलाई अनुशासनात्मक र नैतिकता संहिता धारा ४७ अन्तर्गत प्रतिबन्ध गरेको जनाएको छ। त्यस्तै, जरिवाना भने धारा ४८.२ अन्तर्गत लिइएको छ। धारा ११.३ बमोजिम कारबाहीको निर्णय भएको मितिबाट ३० दिनभित्र जरिवाना तिर्नुपर्नेछ।

नेपालले एसियन कप छनोट प्रतियोगिताको तेस्रो चरणअन्तर्गत भियतनामविरुद्ध दुई लेग खेलेको थियो। पहिलो लेगमा नेपाल ३-१ ले पराजित भएको थियो। अक्टोबर १३ मा भएको दोस्रो लेगमा भियतनामले नेपाललाई १-० ले हरायो। तर, दोस्रो खेल भने त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुनुपर्थ्यो। तर, एएफसीले दशरथ रंगशालालाई अयोग्य घोषणा गरेपछि खेल भियतनाम नै पुगेको हो। एन्फाले भियतनाममा ४० जनाको जम्बो टोली पठाएको थियो। समूहमा लगातार हारपछि नेपालले एसियन कप खेल्ने सम्भावना सकिएको थियो।

फुटसल नखेल्दा पनि कारबाही

नेपाल लगातार दुई महिनामा दोस्रोपटक एएफसीको कारबाहीमा परेको हो। यसअघि फुटसल एसियन कप छनोट प्रतियोगितामा सहभागिता नभएपछि नेपाल कारबाहीको भागीदार भएको थियो। समयमै नाम फिर्ता नलिएपछि अगस्ट २१ मा एएफसीले एन्फालाई १० हजार अमेरिकी डलर जरिवाना गराएको थियो। त्यस्तै, दुई वर्षपछि हुने अर्को संस्करणमा समेत सहभागिता जनाउन नपाउने गरी कारबाही गरेको थियो।

पूर्णिमा र मीना पहिलोपटक टिममा

स्ट्राइकर पूर्णिमा राई र मीना देउवाले पहिलोपटक नेपाली राष्ट्रिय महिला फुटबल टोलीमा स्थान बनाएका छन्। नवनियुक्त मुख्य प्रशिक्षक नवीन न्यौपानेले भारत र इरानविरुद्ध हुने मैत्रीपूर्ण खेलका लागि २३ सदस्यीय टिम घोषणा गरेका हुन्। स्ट्राइकर सावित्रा भण्डारीको कप्तानीमा रहेको टोलीमा पहिलोपटक पूर्णिमा र मीना अटाएका हुन्। फरवार्ड अनिता केसी, रक्षक अमृता जैशी र अट्याकिङ मिडफिल्डर विमला चौधरी टोलीमा अटाएनन्। यस्तै, दीपा शाही र हिराकुमारी भुजेलले टोलीमा कमब्याक गरेका छन्। घाइते गीता राणा पनि टिममा छैनन्। नेपालले यही कात्तिक ७ मा इरान र कात्तिक १० मा भारतसँग अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल खेल्दै छ।



● पूर्णिमा राई



● मीना देउवा

पूर्णिमा र मीनाले तीन महिनाअघि बंगलादेशको ढाकामा सम्पन्न साफ यू-२० च्याम्पियनसिप खेलेका थिए। नेपाल उपविजेता बन्दा पूर्णिमा १० गोलसहित उच्च गोलकर्ता बनेकी थिइन्। त्यस्तै, मीनाले सात गोल गरेकी थिइन्। बंगलादेशपछि यी दुईले भुटानमा सम्पन्न एएफसी छनोट खेलेका थिए। दुवै खेलाडीले घरेलु फुटबलमा पनि उत्कृष्ट प्रदर्शन गर्दै आइरहेका छन्।

नेपाली टिममा अनिता बस्नेत, अञ्जना रानामगर, निवर्तमान कप्तान अञ्जिला तुम्बापो सुब्बा, विमला विक, दीपा शाही, हिराकुमारी भुजेल, मनमाया दमाईं, मीना देउवा, निशा थोकर, प्रीति राई, प्रतीक्षा चौधरी, पूजा राना, पूर्णिमा राई, रश्मिकुमारी घिसिङ, रेखा पौडेल, पूर्वकप्तान रेनुका नगरकोटे, सजनी थोकर, सरस्वती चौधरी, सरू लिम्बू र उषा नाथ रहेका छन्।

खेल संक्षेप

मैत्रीपूर्ण फुटसल सम्पन्न

काठमाडौं / नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ), राष्ट्रिय तथ अन्तर्राष्ट्रिय खेलाडी संघ तथा नेपाल ओलम्पियन संघबिचको मैत्रीपूर्ण खेल सम्पन्न भएको छ। ललितपुरस्थित एभिएम स्कुलको फुटसलमा भएको खेलमा खेलाडी संघ विजयी भएको थियो। नेपालीको महान् चाड तिहारको अवसरमा शुभकामना आदानप्रदान तथा मनोरञ्जनका लागि मैत्रीपूर्ण खेल आयोजना गरिएको खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठले जानकारी गराएका थिए। खेलाडी संघबाट ओलम्पिकमा प्रतिस्पर्धा गरेका तथा दक्षिण एसियाली खेलकुद (साग)मा पदक जितेका दीपकसँगै ओलम्पियन संघका अध्यक्ष दीपक विष्ट, मण्डेकाजी श्रेष्ठ, गोलकिपर विकेश कुथु, पुरुषोत्तम बज्राचार्य, शिवसुन्दर गोथेलगायतको सहभागिता थियो।



सभापोखरीले जित्यो उपाधि

संखुवासभा / छैटौं मानेभञ्ज्याङ फुटबल प्रतियोगिताको उपाधि सभापोखरी स्पोर्टिङ क्लबले जितेको छ। शनिबार संखुवासभाको खाँदबारी नगरपालिका- ३, मानेभञ्ज्याङमा भएको फाइनलमा सभापोखरीले सेकाहा सामुदायिक विकास क्लबलाई ४-० ले हरायो। सभापोखरीले सुरुदेखि नै लगातार खेलमा सशक्त प्रदर्शन गरेको थियो। उसले दुवै हाफमा समान दुई गोल गरेको थियो। प्रतियोगिताका विजेता सभापोखरीले एक लाख, उपविजेता सेकाहा क्बलले ५० हजार तथा सेमिफाइनलिस्ट दुई टिम भोटिया क्लब र मानेभञ्ज्याङ क्लबले समान २० हजार रुपैयाँ प्राप्त गरेका थिए। २८ असोजदेखि सुरु भएको प्रतियोगितामा जिल्लाभित्रका २० वटा क्लबले सहभागिता जनाएका थिए।

पदक विजेता खेलाडी सम्मानित

काठमाडौं / मलेसियामा भएको आठौं जेविन मलेसिया ओपन तेक्वान्दो प्रतियोगितामा पदक जित्न सफल नेपाली खेलाडी तथा अफिसियललाई सम्मान गरिएको छ। काठमाडौंको डाँछीमा रहेको नेप्लिज तेक्वान्दो एकेडेमीले स्वर्ण विजेता खेलाडीहरू केनिस खड्का, गोविन्द योञ्जन तामाङ र आयुश बोहरा तथा रजत विजेता सन्दीप बस्नेतलाई सम्मान गरेको हो। यस्तै, टोलीको प्रशिक्षक श्रीकृष्ण खड्का, व्यवस्थापक गणेशबहादुर खड्का र टोली प्रमुख महेन्द्रराज घिमिरेलाई शंकरपुर अस्पतालका मेडिकल डाइरेक्टर डा. रमेश ढकालले सम्मान गरे। नेपाली खेलाडी तथा अफिसियललाई प्रोत्साहनस्वरूप सम्मान गरिएको नेप्लिज तेक्वान्दो एकेडेमीका अध्यक्ष तथा प्रमुख प्रशिक्षक अशोक खड्काले बताए।

जेनिशालाई कप्तानको जिम्मेवारी

काठमाडौं / जेनिशा विश्वकर्मा नेपाली राष्ट्रिय महिला यू-१९ भलिबल टोलीको कप्तानमा पुनः नियुक्त भएकी छिन्। नेपाल भलिबल संघ (एनभिए)ले न्यु डायमन्ड क्लबबाट व्यावसायिक भलिबल खेल्दै आएकी जेनिशालाई कप्तानका रूपमा सार्वजनिक गरेको हो। जेनिशाले गत वर्ष माल्दिभ्सको मालेमा सम्पन्न सेन्ट्रल एसियन भलिबल संघ (काभा) यू-२० च्याम्पियनसिपमा पनि टोलीको नेतृत्व गरेकी थिइन्। त्यतिबेला नेपालले कांस्य पदक हासिल गरेको थियो। एनभिएको केन्द्रीय कार्यसमितिले मुख्य प्रशिक्षक कुमार राईको नेतृत्वमा रहेको प्रशिक्षण टोलीको सुझावअनुसार जेनिशालाई कप्तानी जिम्मेवारी दिएको हो। टोलीले यही कात्तिक १७ देखि २४ सम्म श्रीलंकाको कोलम्बोमा हुने काभा यू-१९ च्याम्पियनसिपका लागि तयारी गरिरहेको छ। टोली असोज १ गतेदेखि त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहलमा प्रशिक्षण गरिरहेको छ। नेपाली टोलीमा जेनिशासहित भावना तामाङ, मीना सुनार, आशिका क्षेत्री, प्रतिभा चौधरी, क्रिस्मा डाँगी, निशा महर, सम्झाना नेपाली, सुनीता खत्री, एन्जिला प्रधान, रेबिका लामा तामाङ र विनीता राना छन्।

गोलको खुसी



एजेन्सी / बार्सिलोनाले स्पेनिस ला लिगामा रोमाञ्चक जित निकालेको छ। शनिबार भएको खेलमा बार्सिलोनाले जिरोनालाई २-१ ले हरायो। बार्सिलोनाले इन्जुरी समयमा गोल गर्दै ३ अंक जोडेको हो। उसको जितमा पेड्री र रोनाल्ड अरौजोले समान एक गोल गरे। अरौजोले इन्जुरी समयमा गोल गर्दै टोलीको सातौँ जित निकालेका हुन्। जिरोनाका लागि एलेक्स विट्सलले गोल गरे। यो जितपछि बार्सिलोना कम्तीमा २४ घण्टाका लागि शीर्ष स्थानमा उक्लियो। नौमध्ये सात खेलमा जित निकाल्दै २२ अंक जोडेको छ। आइतबार गेटाफेविरुद्ध जित निकाले रियल शीर्ष स्थानमा फर्कनेछ।

विराटनगरमा अस्ट्रेलियाका हिजलेट

नयाँ पत्रिका



अस्ट्रेलियाका साम हिजलेटले नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो सिजन विराटनगर किङ्सबाट खेल्ने भएका छन्। स्पिनर सन्दीप लामिछाने मार्की रहेको विराटनगरले शनिबार हिजलेटलाई अनुबन्ध गरेको जनाएको हो। हिजलेटको आगमनले टिमको मध्यक्रम बलियो हुने टिमले विश्वास लिएको जनाएको छ। हिजलेटले अस्ट्रेलियाका लागि यू-१९ स्तरमा खेलेका छन् र एक ओडिआई पनि खेलेका छन्।

टी-२० आईमा भने उनले डेब्यु गर्न बाँकी छ। हिजलेटले बिग ब्यास लिगमा ब्रिसबेन हिटबाट खेल्दै ५० खेलमा आठ सय ४० रन बनाएका छन्। उनको स्ट्राइक रेट एक सय २३ को रहेको छ। विराटनगरले यसअघि पहिलो खेलाडीका रूपमा स्कटल्यान्डका जर्ज मन्सेलाई घोषणा गरिसकेको छ। यसपटकको एनपिएल मंसिरमा आयोजना गर्ने नेपाल क्रिकेट संघ (क्यान)ले जनाएको छ। आठ टिम सहभागी लिगको उपाधि जनकपुर बोल्ट्सले जितेको थियो।

हाल्यान्ड चम्किएपछि सिटी शीर्ष स्थानमा

एर्लिङ हाल्यान्डले इंग्लिस प्रिमियर लिगको आठ खेलमा ११ गोल गरिसकेका छन्

एजेन्सी

एर्लिङ हाल्यान्ड चम्किएपछि इंग्लिस प्रिमियर लिग फुटबलमा म्यानचेस्टर सिटीले शनिबार राति एभर्टनलाई २-० ले पराजित गरेको छ। सिटीको जितमा दुवै गोल हाल्यान्डले गरेका हुन्। यो जितपछि सिटी २४ घण्टाका लागि शीर्ष स्थानमा उक्लिएको छ। आठमध्ये पाँच खेल जितेको सिटी १६ अंकसहित शीर्ष स्थानमा चढ्यो।

एक खेल कम खेलेको आर्सनल १५ अंकसहित दोस्रो स्थानमा रह्यो। लिभरपुर १५ अंकसहित तेस्रो स्थानमा झरेको छ। आइतबार राति म्यानचेस्टर युनाइटेडलाई हराएर लिभरपुल पुनः शीर्ष स्थानमा फर्किनेछ। यदि लिभरपुलको हार र बराबरीले भने सिटी नै शीर्ष स्थानमा रहनेछ। पराजित एभर्टनल आठ खेलबाट ११ अंकसहित दसौँ स्थानमा छ।

इत्तिहाद मैदानमा पहिलो हाफ गोलरहित बराबरीमा सम्पन्न भएको थियो। दोस्रो हाफमा पेप ग्वार्डिओलाको टिमले अग्रता बनाएको हो। ६३औँ मिनेटमा हाल्यान्डले पहिलो गोल गरेका हुन्। उनले रेइलीको पास सदुपयोग गरेका थिए। साभिन्होले ६३औँ मिनेटमा मिलाएको पासलाई सदुपयोग गर्दै हाल्यान्डले २-० को सहज जित दिलाएका हुन्। उनले पछिल्लो प्रिमियर लिगको आठ खेलमा ११ गोल गरिसकेका छन्। यो सिजन सबैखाले प्रतियोगितामा १३ खेल खेल्दा २३ गोल गरिसकेका छन्। राति नै भएको अन्य खेलमा ब्राइटनले न्युक्यासललाई २-१, बर्नलीले लिड्सलाई २-० तथा सन्डरल्यान्डले उल्भ्सलाई २-० ले हराए। क्रिस्टल प्यालेस र बर्नामाउथले ३-३ को बराबरी खेलेका छन्।

चेल्सीको सहज जित

प्रिमियर लिगमै शनिबार १० खेलाडीमा सीमित चेल्सीले नटिङ्घम फरेस्टविरुद्ध ३-० को सहज जित निकाल्यो। चेल्सीको जितमा जोस अचेम्पोङ, पेड्रो नेटो र रिस जेम्सले गोल गरेका थिए। ८७औँ मिनेटमा मालो गुस्टोले दोहोरो पहेँलो कार्ड पाएपछि चेल्सी १० खेलाडीमा समेटिएको थियो। जितसँगै आठ खेलमा १४ अंक जोडेको चेल्सी छैटौं स्थानमा छ। पराजित नटिङ्घम समान खेलबाट पाँच अंकका साथ १९औँ स्थानमा झऱ्यो। पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो। खेलको ४९औँ मिनेटमा अचेम्पोङको गोलमार्फत चेल्सीले अग्रता लिएको थियो। तीन मिनेटपछि नै नेटोले सुन्दर गोल गर्दै २-० को अग्रता बनाएका हुन्। निर्धारित समय सकिन ६ मिनेट बाँकी रहँदा जेम्सले चेल्सीका लागि तेस्रो गोल गरे।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com